CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१३७ पूर्णाङ्क

नयराजजन्मशताब्दीमा प्रकाशित तेस्रो कृति

प्रताप मल्लको *तीर्थजात्रा* १-८६

आत्मसंशोधन र थप कुरा ८७-८९

नयराज पन्तले आफ्ना विद्यार्थीको लागि वि.सं. २००९ को दशैँमा गरेको प्रार्थना ९०-९२

जगदम्बाश्रीपुरस्कार पाउँदा संशोधन-मण्डलद्वारा प्रस्तुत वक्तव्य ९३-९४

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटे गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३५ वर्ष

१ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ४००।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्रीमा भएका हाम्रा कृति

१.	*अभिलेख-संग्रह (६-१२ भाग)*	५।-
२.	*आदर्श, अ सप्लिमेन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल (१-२ सङ्ख्या)*	५५०।-
३.	*इतिहास-संशोधन*	४००।-
४.	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५।-
५.	*गोरखाको इतिहास (१-४ भाग)*	५००।-
६.	*त्रिकोणमिति*	२५।४०
७.	*दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडी*	१००।-
८.	*धादिङ्मा फेला परेका नेपाली कविता*	७५।-
९.	*नयराज पन्तलाई चिनाउनको लागि*	२५।-
१०.	*नेपालको संक्षिप्त इतिहास*	१२५।-
११.	*नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य*	५।-
१२.	*पञ्चाङ्ग-संशोधन*	१००।-
१३.	*पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति*	१६।४०
१४.	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८०।-
१५.	*पूर्णिमा (१३-३२, ३४-१३७ पूर्णाङ्क)*	६७२८।-
१६.	*प्राचीन र नवीन गणितको तुलना*	१५।-
१७.	*बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू*	५२५।-
१८.	*बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर*	५०।-
१९.	*म गोबरगणेश बनेछु*	१२५।-
२०.	*रत्नदीप*	२।५०
२१.	*रत्नदीप १ भाग*	१०५।-
२२.	*रत्नदीप २ भाग*	९२।-
२३.	*राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी*	७५।-
२४.	*लिच्छवि-संवत्को निर्णय*	१००।-
२५.	*विद्या-रक्षा*	१००।-
२५.	*विश्रान्ति*	८२।-
२६.	*वृत्तशतक*	३।-
२७.	*व्याकरण-संशोधन*	४५।-
२८.	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२।-
२९.	*सावधान-पत्र*	१२५।-
३०.	*हाम्रो उद्देश्य र कार्यप्रणाली*	१००।-
३१.	*हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना*	२९।-
३२.	*हूट् डिड् अंशुवर्मन् राइट् ?*	४०।-

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग, काठमाडौँ, नेपाल

फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल

फोन नं. ४४३५७४९, ९८४९२२१६४२

ई-मेल– samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

हिमालयन बुक सेन्टर

रेडक्रस बिल्डिङ, बागबजार

पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल

फोन नं. ४२४२०८५

वज्र बुक शप

ज्याठायेल

पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल

फोन नं. ४२२०५६२

रत्न बुक डिष्ट्रिब्यूटर्स

७१ क ब्याङ्कमार्ग, बागबजार

पो.ब.नं. ९८, काठमाडौँ, नेपाल

फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१

रत्नपुस्तकभण्डार

ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल

फोन नं. ४२४०८५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रताप मल्लको *तीर्थजात्रा*

-महेशराज पन्त

उपोद्घात

१. राजा प्रताप मल्लको तीर्थयात्रा १६६९ ई.सं. भन्ने नाउँ दिई भक्तपुरमा रहेको राष्ट्रिय कलासङ्ग्रहालयमा शोकेसभित्र एउटा ठ्यासफू राखिएको छ। यस ठ्यासफूको चर्चा ३७ वर्ष जतिअगाडि थीओदोर रिकार्दीले मसँग गर्दा उनी यसको सम्पादनको उपक्रममा थिए। पछि के कति कारणले हो, त्यो प्रकाशमा आएन। पछि दीपक शिम्खडा (२०४०-२०४१)ले यस पुस्तकको र यसमा भएको एउटा चित्रको विषयमा छोटो लेख लेखे। यसको लगत्तै जसो आफ्नो नेपालको इतिहाससम्बन्धी पुस्तकमा लीलाभक्त मुनंकर्मी (२०४१: २५९)ले दीपक सिम्खडाले छपाइसकेको त्यही चित्र छपाए। यसको १६ वर्ष जतिपछि आफ्नो नेपाली कलाको इतिहाससम्बन्धी पुस्तकमा वीणा पौड्याल (२०५७:२५५)ले त्यही चित्र र त्यसको बयान गरी छपाइन्। यसको ७ वर्ष जतिपछि प्रताप मल्लका अभिलेखको साहित्यिक परिशीलनसम्बन्धी, आफ्नो पीएच्.डी.को थीसिसमा सनत*[1]कुमार वस्ती (२०६४)ले त्यही चित्र ३ चोटि दिएका छन्। यिनै कारणले यस ठ्यासफूमा म धेरै वर्ष यतादेखि तानिए पनि यो हेर्न भने अनुकूल परेको थिएन।

२. त्यस सङ्ग्रहालयका अध्यक्ष डा. श्रीभरत रावतको सौजन्यले २३ महीनाअगाडि यो ठ्यासफू हेर्ने मौका जुऱ्यो। नेवारकालको इतिहासको लागि यो ठ्यासफू मलाई उपयोगी लागेकोले फोटो लिन उहाँको अनुमति लिएँ। त्यही सङ्ग्रहालयका अधिकृत श्रीनवराज अधिकारीको जिम्मामा रहेको यस ठ्यासफूको फोटो श्रीकुमार रञ्जितद्वारा वि.सं. २०६७ माघ २३ गते आइतवार लिइयो। फोटो कहीँ कहीँ धमिलो आएकोले ती ती पृष्ठका फोटो दोहऱ्याएर उहाँद्वारा नै वि.सं. २०६७ फाल्गुन १० गते मङ्गलवार फेरि लिइयो। कुनै कुनै पृष्ठको अस्पष्ट फोटो दोस्रोपटक जाँदा खिँच्न छुटेकोले वि.सं. २०६९ ज्येष्ठ १७ गते बुधवार श्रीजुनु वासुकला रञ्जितद्वारा लिइयो।

यस ठ्यासफूको अठतीसौँ पृष्ठ चीसोले खाई निकै अक्षर नष्ट भएको कुरा प्रसङ्गवश मैले श्रीयोगेश राजसँग गर्दा आफूसँग १५ वर्ष जतिअगाडि खिँचेको त्यस ठ्यासफूको फोटोमा त्यस पृष्ठको अवस्था राम्रो छ कि भन्ने कुरा उहाँले गर्नुभयो। यही वि.सं. २०६९ आश्विन ११ गते बृहस्पतिवारको दिन त्यस फोटोको कपी पाइयो। तर धेरैअगाडि खिँचिएको फोटो भए पनि त्यसै वेला धेरै अक्षर नष्ट भइसकेको देखियो।

३. मड्याएको नेपाली पाको कागतको एकातिर हरिताल लगाएको ठ्यासफूमा नेवारी लिपिले मोटो टाँकामा लेख लेखिएको छ। कालो मसीले यो ठ्यासफू लेखिएको भएपनि विशेष कुरा देखाउन रातो मसीको प्रयोग भएको छ। थप्नुपर्दा भने पहेँलो मसीको प्रयोग गरिएको छ। छुट्टाछुट्टै पत्र भएका पुस्तकमा जस्तो ठ्यासफूमा पत्रसङ्ख्या दिने चलन नहुनाले र छुट्टाछुट्टै पत्र भएका पुस्तकमा जस्तो हरेक पत्र एकचोटि एकापट्टि अर्कोचोटि अर्कोपट्टि पल्टयउन पनि नपर्ने हुनाले एकापट्टि लहरै तलसम्म पृष्ठ गनेर र पुछारसम्म पुगिसकेपछि पत्र पल्टाई फेरि त्यही क्रमले पृष्ठ गन्दा यस पुस्तकमा ७२ पृष्ठ हुन्छन्। यो ठ्यासफू छालाको गाताले मोरिएको छ। यो ठ्यासफू १०.९ अङ्गुल लामो र ४.५ अङ्गुल चौडा छ। जुन पृष्ठमा भरि लेखिएको छ, ती सबै पृष्ठमा ८ पङ्क्ति छन्। यसको हरेक पृष्ठको दायाँबायाँ तलमाथि चारैतिर किनारामा ०.५ अङ्गुल ओगट्ने गरी रातो रङ्ग लगाइएको छ।

---

१. यस लेखमा जहाँ जहाँ यस्तो * चिह्न दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. यस ठ्यासफूमा २, २४ र ३६ पृष्ठमा छाप लगाइएको छ । त्यति स्पष्ट नआए पनि छाँटले यो छाप वीरपुस्तकालयको जस्तो मलाई लाग्छ । यस विषयमा त्यस सङ्ग्रहालयका अधिकृत श्रीनवराज अधिकारीसँग कुरा हुँदा उहाँले राष्ट्रिय कलासङ्ग्रहालय खडा गर्न कलासम्बन्धी केही लेखोट पुस्तक राष्ट्रिय अभिलेखालयबाट त्यहाँ ल्याइएका पुस्तकमध्ये यो पनि परेको हो भन्ने जानकारी मिल्यो ।

५. यस ठ्यासफूको अगाडिको गातामा बीचमा नेवारी लिपिमा **१ तीर्थजात्रा** ।। त्यसको बायाँपट्टि अलिकति माथि लेखिएका अक्षरमध्ये **तीर्थ** मात्र पढ्न सकिन्छ, त्यसभन्दा माथि देवनागरीमा छड्के पारेर **लं २६२** लेखिएको छ । यसको पछाडिको गातामा बीचमा नेवारी लिपिमा **१ श्रीतीर्थजात्रा** ।। र देवनागरीमा छड्के गरेर माथि **लं २६२** लेखिएको छ । यस पुस्तकको नाउँ **तीर्थजात्रा** वा **श्रीतीर्थजात्रा** भन्ने थाहा भएकोले मैले पनि यसलाई *तीर्थजात्रा* भन्ने नाउँले नै व्यवहार गरेको छु । कुनै सङ्ग्रहमा **२६२ नं.** मा यो पुस्तक दर्ता गरिएको रहेछ भन्ने कुरा यसमा दिइएको नं. बाट थाहा हुन्छ ।

६. नेवारी लिपिमा लेखिएको यस *तीर्थजात्रा*मा वाक्यको अन्त्यमा २ वटा दण्ड दिँदा दोस्रो दण्ड साधारण र पहिलो दण्डको चाहिँ बीचतिर बायाँपट्टि चोसो निकालिएको छ ।[२] पङ्क्तिको अन्त्य हुँदा पनि शब्द नटुङ्गिँदा सबै ठाउँमा होइन कि २५ ठाउँमा (४ पृ.मा ४ र ६ पङ्क्तिमा, ५ पृ.मा १ पङ्क्तिमा, ७ पृ.मा १ पङ्क्तिमा, ११ पृ.मा २ पङ्क्तिमा, १२ पृ.मा ३ पङ्क्तिमा, १३ पृ.मा ६ पङ्क्तिमा, १४ पृ.मा ८ पङ्क्तिमा, १५ पृ.मा ६ पङ्क्तिमा, १६ पृ.मा ४ पङ्क्तिमा, १८ पृ.मा २, ४ र ८ पङ्क्तिमा, १९ पृ.मा ७ पङ्क्तिमा, २२ पृ.मा ४ पङ्क्तिमा, २३ पृ.मा ५ र ८ पङ्क्तिमा, २५ पृ.मा ३ र ६ पङ्क्तिमा, २६ पृ.मा ७ पङ्क्तिमा, २७ पृ.मा १ पङ्क्तिमा, २९ पृ.मा ६ पङ्क्तिमा, ३२ पृ.मा ३ पङ्क्तिमा, ३३ पृ.मा ६ पङ्क्तिमा, ३९ पृ.मा २ पङ्क्तिमा र ४२ पृ.मा ८ पङ्क्तिमा) यस्तो ⁞ चिह्न र ८ ठाउँमा (११ पृ.मा ७ पङ्क्तिमा, २० पृ.मा १ र २ पङ्क्तिमा, २६ पृ.मा २ पङ्क्तिमा, ३२ पृ.मा ४ र ७ पङ्क्तिमा, ३५ पृ.मा ४ पङ्क्तिमा) यस्तो ⁞ चिह्न हालिएको छ ।[३]

७. पहिलो पृष्ठमा ३ थरी देवीका चित्र[४], २ पृष्ठमा तीर्थशक्तिको ध्यान, २-२० पृष्ठमा देशदेशावरका तीर्थका नाउँ, २०-२८ पृष्ठमा गणसिद्धिलिङ्गका नाउँ र ती ती लिङ्गसँगै रहेका कुन कुन तीर्थमा कहिले कहिले स्नान गर्ने भन्ने कुरा, २९ पृष्ठमा पशुपतिमा कार्तिकपूर्णिमाको दिन पूजा गर्नुपर्ने कुरा, त्यही पृष्ठमा सप्तकौशिकी र सप्तगण्डकीका अभिधान र देवीस्वरूपका नाउँ,[५] २९-३१ पृष्ठमा वाग्मतीसङ्गमतीर्थका नाउँ र तीमध्ये केहीको ठेगाना, ३१-३२ पृष्ठमा पशुपतिपुरीका स्थावर लिङ्गका नाउँ, ३२-३३ पृष्ठमा तीर्थनामस्तुति, ३३-३६ पृष्ठमा प्रताप मल्लले रानीपोखरीमा स्नान गर्नको लागि तयार पारिएको सङ्कल्पवाक्य, ३७ पृष्ठमा शक्तिसहितका ब्रह्मा महेश्वर र विष्णुका चित्र, ३८-४०

---

२. संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रमा आएको यस्तो दण्डको विषयमा महेशराज पन्त २०६३: § २.२ = ५८ हेर्नू ।

३. पङ्क्तिको अन्त्यमा चिह्न हाल्ने चलन अरू अरू पुस्तकमा पनि देखिएको छ । जातरूपको *अमरकोशटीका*को ने.सं. २३९ (वि.सं. ११७६) श्रावणकृष्णअष्टमीमा सारिसिद्ध्याइएको पुस्तकमा पनि यस्तो अवस्था आउँदा हालिएको चिह्नको लागि महेशराज पन्त २०५७: § १.३.२.५.४ = ७८ हेर्नू ।

४. यी चित्र दिइसकेपछि लगत्तै अर्को पृष्ठमा तीर्थशक्तिको ध्यान दिइएकोले तीर्थशक्तिको नै विभिन्न रूप यी चित्रमा उतारेको हुनुपर्छ ।

५. यो *हिमवत्खण्ड*अनुसारको छ । सप्तकौशिकीको लागि *हिमवत्खण्ड* ४०।६७-७१ र सप्तगण्डकीको लागि उही ४४।७६-७८ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृष्ठमा ६४ लिङ्गको नाउँ र ती लिङ्ग कहाँ कहाँ छन् भनी गरिएको खुलासा, ४०-४३ पृष्ठमा रानीपोखरी बनाउँदा प्रताप मल्लले राखेको नेपाली भाषाको शिलापत्रमा कुन कुन ठाउँको जल त्यस पोखरीमा राखिएको छ भनी जे लेखिएको छ, त्यसको नेवारी रूप, ४३-४४ पृष्ठमा *वाग्मतीध्यान, वाग्मतीजलमाहात्म्य* र गणेशस्तुति, ४५ पृष्ठमा प्रताप मल्लका मोहनचोकको दलानको[६] र गुह्येश्वरी[७]को शिलापत्रमा पनि भएको *महापराधस्तोत्र* वा *सर्वापराधस्तोत्र*को पहिलो श्लोक, ४६-५१ पृष्ठमा वटुकभैरवको *आपदुद्धारस्तोत्र*, ५२-५३ पृष्ठमा *किङ्किणीस्तोत्र*, ५३-५५ पृष्ठमा *त्रिपुरसुन्दरीकवच*, ५६-५९ पृष्ठमा *भैरवीस्तोत्र*, ५९-६६ पृष्ठमा *गुह्यकालीषोडशाक्षरीस्तव*, ६६-६९ पृष्ठमा **ॐ नमः श्रीमङ्गलायै ॥ सर्व्वक्षत्राधनाधिनाथजगदखिलजनो भैरवो विश्वकर्ता**[८]बाट उठेको साढे २५ श्लोकसम्म सारिएको अपूरो *स्तोत्र* छन् । त्यसपछि अर्कै हस्ताक्षर आउँछ । त्यही ६९ पृष्ठमा *गणपतिस्तोत्र*, ६९-७० पृष्ठमा *महादेवस्तोत्र*, ७० पृष्ठमा *विष्णुस्तोत्र* छन् ।

८. ७१ पृष्ठमा एउटा चित्र छ । पहाड र माथि बादल लागेको आकाश देखाई भुमरी परेको पानीमाथि त्रिभङ्गमुद्रामा उभिइरहेका, पुष्ट जीउ भएका, लामो चुल्ठो पालेका, केही मुठारेको जुँगा र मुसलमानी ढाँचाले कन्सिरीको रौँसँग मिलाएर काटेको दाह्री भएका पुरुष देखाइएका छन् । तिनको दायाँपट्टि ३ जना किशोर र बायाँपट्टि ३ जना कुलस्त्री छन् । ती पुरुषको अनुपातमा किशोरहरूको र स्त्रीहरूको चित्रण सानो रूपमा गरिएको छ । ती पुरुषको कमरभन्दा माथिको जीउ नाङ्गो छ र तिनले कमरदेखि तल घुँडाको माथिसम्म छोपिने गरी बुट्टे, रातो धोती लगाएका छन् । तिनले बायाँ हातमा बूढीऔँला र चोरऔँलाको बीचमा आफ्नो चुल्ठो राखेका छन् । तिनी गहनाले भरिभुट्ट छन् । तिनले घाँटीमा २ वटा कण्ठी, रत्न जडेको एउटा छोटो र अर्को लामो गरी २ वटा हार लगाएका छन् । तिनले सव्य पारी जनै लगाएका छन् । तिनको कमर कन्धनीले घेरिएको छ । तिनले कानमा कर्णफूल, दायाँ पाखुरामा बाजू, दुवै नाडीमा बाला, दायाँ हातको कान्छी औँलामा औँठी र बायाँ खुट्टामा रत्न जडेको पाउजेब लगाएका छन् । तिनको दायाँ खुट्टामा माहुर लगाएको देखिन्छ । तिको दायाँपट्टि रातो रङ्गको, बिर्को भएको ढक्की छ । तिनको बायाँपट्टि रातो रङ्गको, लामो तर साँघुरो घाँटी र लामो टुटी भएको जलपात्र र त्यसपछि सेतो रङ्गको, ठूलो, मुख उत्तानो परेको जलपात्र छ । ती दुवै जलपात्रमाथि ससानो रूमाल राखिएको छ । किशोरहरूको भेषभूषा पनि ती पुरुषको जस्तै छ, गहना भने तिनीहरूले कम लगाएका छन् । तिनमध्ये पहिलाले रातो, दोस्राले सेतोमा बुट्टे र तेस्राले खैरो धोती लगाएका छन् । तीनै जनाको हातमा एकएकवटा गम्छा जस्तो छ । हरेकको दायाँपट्टि रातो रङ्गको ध्याकाचा[९] छ । अघिल्लो ध्याकाचाको माथि सेतो रङ्गको, लोहटा जस्तो, बिर्को भएको पात्र छ । मूल पुरुष र तीनै जना किशोरले नुहाइसकेपछिको चित्रण यहाँ गरिएको देखिन्छ । स्त्रीहरूले फरिया र

---

६. गौतमवज्र वज्राचार्य २०३३: २० संख्या = २०८-२०९ ।

७. नरहरिनाथ २०१० क: २६-३० ।

८. शुद्धसँग नसारिएको यस पद्यका बाँकी ३ पाउ यस प्रकारका

त्राणत्राणामचक्रे सकलगुणगुरुं योगिनीचक्रज्येष्ठ ।
आनन्दो विश्वनाथो वरदसुरचिरः षड्गुणं निर्गुणेशं ॱ
रूपानीरेन रूपं पृतृगणसहितं त्राहि मां क्षेत्रपालं ॥

भएकाले यो पद्य स्रग्धरामा लेखिएको ठहर्छ । यस कारण सार्दा पहिलो पाउमा २ अक्षर बढी भएकोले र अरू गल्ती पनि भएकोले छन्द मिलेको छैन । त्यस पाठको शुद्ध पाठ यस्तो **सर्व्वक्षेत्राधिनाथो जगदखिलजनो भैरवो विश्वकर्ता** हुनुपर्छ ।

९. ध्याकाचाको स्वरूपको लागि हेराकाजी वज्राचार्य र दिपक* वज्राचार्य: १९ मा ६७ सङ्ख्या हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाहाँकटे चोलो, घाँटी कान र हातखुट्टामा गहना लगाएका छन्। तिनीहरू सबैका खुट्टामा माहुर लगाइएको छ। ३ जना स्त्रीमध्ये अघिल्लीले हातमा ठूलै गम्छा वा त्यस्तै केही कुरा लिइरहेको र ती पुरुषले त्यो लिन हात थापेको जस्तो देखिन्छ। दोस्री स्त्रीको हातमा सेतो रङ्गको भारी र तेस्रीको हातमा सेतो रङ्गको थ्याकाचा छ।

८.१. प्रताप मल्लको लागि लेखिएको, तीर्थयात्रासम्बन्धी यस पुस्तकमा भएको यो चित्र तीर्थयात्रीको रूपमा प्रताप मल्लकै हुनुपर्छ।[१०] हुन पनि प्रताप मल्ल ने.सं. ७७८ (वि.सं. १७१५) आषाढकृष्णचतुर्थी बृहस्पतिवार शतभिषानक्षत्र शोभनयोगमा शान्तिपुर पस्दाको कुरा लेखिएको[११] पटमा[१२] र ने.सं. ७८४ (वि.सं. १७२०) पूसे औँसी सोमवार व्यतीपातयोग[१३]मा उनका छोरा चक्रवर्तीन्द्र[१४] मल्लको तुलादानसम्बन्धी[१५] पटमा[१६] भएका प्रताप मल्लका चित्रमा भएको मुहार र जुँगादाह्री उस्तै उस्तै छ[१७]।

---

१०. लीलाभक्त मुनंकर्मी (२०४१: २५९)ले यो चित्र दिई **नृत्य-मुद्रामा राजा प्रताप** मल्ल भनी लेखेका छन्। वीणा पौड्याल (२०५७: २५५)ले [...] **राजा नाच्न लागेको जस्तै चित्र छ। नदीको किनारमा नुहाउर* लुगा फेर्न लागेको जस्तो पनि छ। राजाको दायाँ बायाँ तीन तीन जना सेवक र सेविका लुगा र अन्य सामा नलिएर* उभिएका छन्।** [...] **खुट्टाको विचार गर्दा नाच्न लागेको जस्तो देखिन्छ** भनी लेखेकी छिन्।

११. यस पटको पाठ र उल्थाको लागि गौतमवज्र वज्राचार्य २०२१: ३४-४४ हेर्नू।

१२. यी चित्र *कान्तिपुरका राजा प्रताप मल्ल*मा र मेअरी शेफर्ड स्लसर २०३९ मा ६७ र ५७५ सङ्ख्याका प्लेटका रूपमा छापिएको छ।

१३. मिषायेल भिट्सेलले गरेको यस पटको लेखको उल्था आन् वेर्गाति २०६१: १०३ मा छापिएको छ। मूलको **व्यतीपातयोगे**को अर्थ नबुझ्दा त्यसको उल्था त्यहाँ **व्यपति युग** गरिएको छ।

१४. कवीन्द्र प्रताप मल्लले आफ्ना ५ छोराको नाउँ पछाडि **इन्द्र** आउने गरी राखेका छन्। तिनमा जेठा **भूपेन्द्र**, साहिँला **नृपेन्द्र**, र काहिँला **पार्थिवेन्द्र**को नाउँ त व्याकरणसम्मत छ; माहिला र कान्छाको नाउँ भने क्रमशः **चक्रवर्तीन्द्र** र **महीपतीन्द्र** हुनुपर्नेमा उत्कीर्ण लेख, अरू अभिलेख र टकमा **चक्रवर्तेन्द्र** र **महीपतेन्द्र** लेखिएको छ। अपवादको रूपमा ने.सं. ७८४ (वि.सं. १७२०) पूसे औँसी सोमवार श्रवणनक्षत्र व्यतीपातयोगमा तुलादान हुँदा राखिएको ढुङ्गे खामोमा कुँदिएको लेखमा भने **चक्रवर्त्तीन्द्र** छ (गौतमवज्र वज्राचार्य २०३३: २७ संख्या = २१८-२१९)। त्यही तुलादानसम्बन्धी पटमा संस्कृतमा **चक्रवर्त्तीन्द्र** र नेवारीमा चाहिँ **चक्रवर्त्तेन्द्र** लेखेको चाखलाग्दो छ (गौतमवज्र वज्राचार्य २०५९: २८२)। शुद्ध नाउँ **महीपतीन्द्र** कहीँ आएको छैन भनी अलेक्सान्दर फन रोस्पात (२०५७/५८:२१७ मा ६५ सङ्ख्याको टिप्पणी)ले **महीपतेन्द्र**को प्रसङ्गमा लेखेको ठीक कुराको सम्झना यहाँ हुन्छ।

१५. यस पटको पाठ र उल्थाको लागि गौतमवज्र वज्राचार्य २०५९: २८२ हेर्नू।

१६. यो चित्र प्रतापादित्य पाल २०३४/३५ मा २२० सङ्ख्याको र याल्इग्ज्यान्डर म्याक्डनल्ड र आन वेर्गाति स्ताल २०३६ मा १०६ सङ्ख्याको इल्लस्ट्रेशन्को रूपमा, प्रतापादित्य पाल २०५९: ८१ पृष्ठमा तथा आन वेर्गाति २०६१: ९२, ९६, ९७ पृष्ठमा छापिएको छ।❶

१७. प्रताप मल्लको अरू चित्रको लागि प्रतापादित्य पाल २०३४/३५: १९० इल्लस्ट्रेशन् हेर्नू।

---

❶ यो चित्र ई.सं. १९८२ (वि.सं. २०३८/३९)मा प्यारिसबाट आँप्रिमरि नासिओनलद्वारा प्रकाशित, *ले र्‍वाइओम् द ल्'हिमालय, ईस्त्वार् ए सिभिलिजास्यौं* (हिमालयका राज्य- इतिहास र लोकयात्राहरू)मा पनि यो चित्र छापिएको छ भनी आन् वेर्गाति (२०६१: १०३ मा १ टिप्पणी)ले लेखेकी छिन्। त्यो पुस्तक मैले हेर्न पाएको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८.२. ओहायोविश्वविद्यालयका प्रोफेसर जान सी. हन्टिङ्टनको मातहतमा र अमेरिकन् इन्स्टिट्युट् अफ् इन्डिअन् स्टड्इज् अर्थात् भारतीय विद्यासम्बन्धी अन्वेषण गर्ने अमेरिकन संस्थाको खर्चमा नेपालमा अन्वेषण गर्न आएका दीपक शिम्खडा(२०४०-२०४१: ३६८)ले यस ठ्यासफूको विषय कति हल्का ढङ्गले छोएका छन् भन्ने कुराको नमूना यी

> **बट् लाइक् मोस्ट् अद्अर् म्यान्युस्क्रिप्ट्स्, इट् कम्ज् विद् टू वुड्न् कभ्अर्ज् यान्ड् फलोज् द सेम् बेसिक् फर्मा यान्ड् अरइअन्टेशन् अफ् अ पाम्-लीफ् टइप्। फर् इग्ज़ाम्प्ल्, द म्यान्युस्क्रिप्ट् कन्सिस्ट्स् अफ् लङ् स्ट्रिप्स् अफ् पेपर् इन्डिभिड्युअल्लि स्ट्याक्ड् वन् अपन् दि अदर् यान्ड् सिक्यूर्ड् बाइ अ स्ट्रिङ् पास्ड् थ्रू अ होल् अन् आइदर् साइड् ।**

अर्थात्

> **तर धेरैजसो अरू लेखोट पुस्तकमा जस्तै यसमा काठका २ वटा गाता छन् र ताडपत्रकै छाँटको मूलभूत आकार र अभिविन्यासको अनुसरण यसमा भएको छ। उदाहरणको लागि, यस लेखोट पुस्तकमा कागतका, एकमाथि अर्को चाङ लगाएर राखिएका, दुवैपट्टि पारिएको प्वालबाट धागो छिराई बाँधिएका लामा तर साँघुरा पत्र छन्।**

वाक्यमा देखिएको छ। यस पुस्तकमा न काठको गाता छ, न पत्र अलग अलग छन्, न पत्रमा प्वाल पारिएको छ, प्वालै नपारिएको पुस्तक धागोले बाँध्ने सवालै उठ्दैन भनी भनिरहनु नपर्ला।[१८]

आफूले बयान गरेको चित्र गातामा छ भनी दीपक शिम्खडा (उही)ले लेखे पनि त्यो चित्र एकहत्तराैँ पृष्ठमा छ भनी भरखरै माथि लेखिइसकेको छ (§ ६)।

८.३. यो पुस्तक ने.सं. ७८८ मा ४ वर्षको लागि तीर्थयात्रा गर्न गएका प्रताप मल्लको लागि तयार गरिएको हो, उनले कुन कुन तीर्थ गरे भन्ने कुरा त यो पुस्तक पूरै नपढी थाहा हुँदैन तापनि उनले यो तीर्थयात्रा १ वर्षभित्र पूरा गरे भन्ने कुराचाहिँ यस पुस्तकमा ई.सं. १६८९ (ने.सं. ७८९) मिति भएकोबाट खुल्छ भनी दीपक शिम्खडा (२०४०-२०४१: ३६८)ले लेखेको विषयमा केही लेख्नुपरेको छ।

एक जना सन्न्यासीको सल्लाहमा आफ्ना चारै जना छोराले एक एक वर्ष राज्य गरून् भनी प्रताप मल्लले ४ वर्षको लागि राज्य छोड्दा ३ जना छोराले पालैपालो ३ वर्ष राज्यभोग गरिसकेपछि राजा भएका कान्छा छोरा एक अहोरात्र मात्र राजा भई बिते, अनि प्रताप मल्लले तिनै सन्न्यासीको सल्लाहले दिवङ्गत छोराको नाउँमा मोहर छापे र तिनकै नाउँमा एउटा पोखरी खनाए, त्यस पोखरीको प्रतिष्ठा ने.सं. ७९० कार्तिकशुक्ल १५ को दिन भयो[१९] भनी *वंशावली*मा लेखिएको छ (*भाषावंशावली* २ भाग: ८८-८९)।

---

१८. पुस्तकको फ्याक्सिमिलिको लागि तल ५४-७९ पृष्ठ हेर्नू।

१९. त्यसै वेला तयार गरिएको, यस *तीर्थजात्रा*मा रानीपोखरीको प्रतिष्ठा ने.सं. ७८९ माघशुक्लत्रयोदशीको दिन भयो (४० पृष्ठ) भनी लेखिएकोले *वंशावली*मा दिइएको यो मिति ठीक ठहर्दैन। रानीपोखरीसम्बन्धी, प्रताप मल्लको शिलापत्रमा २ वटा मिति छन्। पहिलो मिति मूलपाठ दिइसकेपछि र दोस्रो मिति शिलापत्रको रक्षा नगरे पाप लाग्ने र रक्षा गरे पुण्य हुने कुरा लेखिसकेपछि दिइएको छ। पहिलो **श्रीशाके १५९२ कार्त्तिकशुदिपूर्णिमा** र दोस्रोचाहिँ **सम्वत् ७९० आश्विनमासे शुक्लपक्ष ।। पूर्ण्णमास्यान्तिथौ उत्रभद्रनक्षत्र ध्रुवजोगे सोमवाल** हो (धनवज्र वज्राचार्य २०१९: ८४)। गणना गर्दा दोस्रो मिति मिल्न आउँछ। अघिल्लोमा **आश्विनशुदिपूर्णिमा** भन्नुपर्नेमा भ्रमवश **कार्त्तिकशुदिपूर्णिमा**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रताप मल्लले राज्य छोडेको विषयमा वंशावलीमा लेखिएको यही कुराको आधार लिई राज्य गर्न नपर्दा उनी तीर्थ गर्न गएको र उनको त्यही तीर्थयात्राको लागि यो पुस्तक लेखिएको हो भनी दीपक शिम्खडाले कल्पना गरेको देखिन्छ। चक्रवर्तीन्द्र मल्ल परलोक भएपछि उनको नाउँमा बनाइएको रानीपोखरीको प्रतिष्ठा ने.सं. ७८९ माघशुक्लत्रयोदशीको दिन भयो भनी यस *तीर्थजात्रा* (४० पृष्ठ)मा लेखिएको छ। यस ठ्यासफूमा प्रताप मल्लले रानीपोखरीमा स्नान गर्नको लागि लेखिएको सङ्कल्पवाक्य भेटिएकोले (३३-३६ पृष्ठ) दीपक शिम्खडाले गरेको जस्तो, प्रताप मल्ल तीर्थ गर्न बाहिरफेर गएको तर्क गर्नु पर्दैन; भित्रबाहिर धेरै ठाउँका तीर्थका जल हालिएको रानीपोखरीमै नुहाउन गएको यस ठ्यासफूमा भएको चित्रमा देखाइएको छ भनी तर्क गर्न नसकिने होइन। कतिसम्म भने कुनै वेला तीर्थ गर्न गइयो भने काम लाग्ने हिसाबले देशदेशावरका तीर्थका नामनमेसी यहाँ समेटिएको हुनुपर्छ।

८.४. मैले माथि (§ ८) चित्रको बयान गर्दा **३ जना किशोर** भनेकालाई दीपक शिम्खडा (२०४०: ३६९)ले प्रताप मल्लका जीवित छोरा नृपेन्द्र मल्ल, पार्थिवेन्द्र मल्ल र महीपतेन्द्र मल्ल भनी यस चित्रमा तिनीहरूलाई **सबभन्दा माथि शिरनामाद्वारा चिनाइएका (आइडेन्टिफाइड् बाइ लेबल्ड्)** भनी लेखेका छन्। प्रताप मल्लसँगै देखिएका ती ३ जना किशोर प्रताप मल्लका जीवित छोरा नृपेन्द्र मल्ल, पार्थिवेन्द्र मल्ल र महीपतेन्द्र मल्ल हुनुमा सन्देह छैन; तर दीपक शिम्खडाले लेखे जस्तो शिरनामा यस चित्रमा कहीँ छैन।

८.५. शिरनामा नभएकाले यस चित्रमा भएका, ३ जना स्त्रीहरूलाई चिन्न गाह्रो भए पनि यिनीहरू प्रताप मल्लका ५ जना पत्नीमध्ये ३ जना हुनु सम्भव छ, प्रताप मल्लका कुचविहारका राजकन्या रूपमति र अनन्तप्रियाबाहेक कर्णाटकी राजकन्या रूपमति भन्ने अर्की पत्नी पनि थिइन्, ने.सं. ७६९ मा रूपमति र राजमति बितेपछि प्रताप मल्लले नेपाली कन्या प्रभामति र लालमतिसँग बिहे गरेका थिए, अघिल्ला २ जना रानी बिते पनि यो पुस्तक लेखिँदा उनका अरू ३ जना पत्नी थिए, चित्रमा भएका ती ३ जना उनले ज्यादै मन पराएका विदेशी पत्नी हुन् कि यो पुस्तक लेखिँदा जीवित पत्नी हुन् भनी भन्न गाह्रो छ भनी दीपक शिम्खडा (२०४०: ३६९, ३७०)ले लेखेका छन्। यस्तो लेख्दा कर्णाटकी राजमतीलाई रूपमति भनी उनले गल्ती गरेका छन् र उनको लेखाइबाट प्रताप मल्लका रूपमति नै नाउँ भएका, एउटा कुचविहारकी र अर्की कर्णाटकी गरी २ जना पत्नी रहेछन् भन्ने भ्रम पर्न जान्छ। प्रभावतीलाई प्रभामति लेखेकोमा त बढी नलेखूँ।

८.६. यस चित्रमा देखिएका ३ जना स्त्री प्रताप मल्लकी पत्नी हुनु धेरै सम्भव भए पनि तिनीहरू को को हुन् त भनी खुट्ट्याउन भने गाह्रो छ। यसो भए पनि यस विषयमा केही प्रयत्न भने गरिन्छ।

ने.सं. ७६९ (वि.सं. १७०५) फाल्गुनकृष्णषष्ठी बृहस्पतिवार अनुराधानक्षत्र हर्षणयोगमा वंशगोपालको मूर्ति स्थापना गरी राखिएको, प्रताप मल्लको शिलापत्रबाट त्यस वेला उनकी महारानी विहारदेशकी राजकन्या रूपमती र भोगिनी अर्थात् ल्याइते कर्णाटदेशकी राजमती बितिसकेको देखिन्छ।[२०] ने.सं. ७६९ (वि.सं. १७०६) श्रावणशुक्लअष्टमीको दिन प्रताप मल्लकी महारानी लालमतीले लेखेका पद्य पाइएका छन्।[२१] ने.सं. ७७२ (वि.सं. १७०८) माघपूर्णिमाको

कुँदिएको हुनुपर्छ (उही: ३२४-३२५)। *वंशावली*मा रानीपोखरीको प्रतिष्ठा भएको दिनको जुन मिति दिइएको छ, त्यो मिति शिलापत्रस्थापनाको मितिभन्दा ठीक १ महीनापछिको देखिन्छ।

२०. शङ्करमान राजवंशी र ज्ञानमणि नेपाल २०१०: १-३।

२१. नरहरिनाथ २०१०: ४४-४५।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उत्कीर्ण लेखमा प्रताप मल्लले परलोक भइसकेका, आफ्ना पत्नी विहारदेशकी राजकन्या रूपमती र कर्णाटदेशकी राजमतीको नाउँ लिएका छन् ।[२२] ने.सं. ७७२ (वि.सं. १७०९)को भाद्रशुक्लको शिलालेखमा भगवतीपुरकी राजकन्या महारानी लालमती र गुजरातदेशकी भोगिनी लालदेवी गरी प्रताप मल्लका २ जना पत्नीको नाउँ आएको छ ।[२३] ने.सं. ७७३ (वि.सं. १७१०) वैशाखकृष्णसप्तमी सोमवार धनिष्ठानक्षत्र ऐन्द्रयोगमा स्थापना गरिएको, आफ्ना महारानी विहारमहानगरकी राजकन्या रूपमती र भगवतीपुरकी राजकन्या लालमतीसहितको, प्रताप मल्लको मूर्ति छ ।[२४] डिल्लीरमण रेग्मी (२०२३:६६-६७)अनुसार राष्ट्रिय अभिलेखालयमा पहिलो लगतको ९७९ सङ्ख्याको, ने.सं. ७७३ मा सारिएको *हरिवंश*मा महुत्तरि राज्यका अधिप कीर्तिनारायणकी छोरी लालमती[२५]को उल्लेख छ । प्रताप मल्लको, ने.सं. ७७५ (वि.सं. १७१२) आषाढशुक्लसप्तमी शुक्रवार हस्तनक्षत्र परिघयोगको शिलापत्रमा विहारमहानगरकी राजकन्या रूपमती, उनकी बहिनी अनन्तप्रिया तथा भगवतीपुरनगरकी राजकन्या लालमती, कर्णाटदेशकी लवतिनि अर्थात् भोगिनी राजमतीसहितको, प्रताप मल्लको मूर्ति राखिएको कुरा लेखिएको छ ।[२६] ने.सं. ७७५ (वि.सं. १७१२) आषाढशुक्लनवमी शुक्रवार चित्रानक्षत्र शिवयोग[२७]को शिलापत्रमा विहारनगरकी राजकन्या रूपमती र उनकी बहिनी अनन्तप्रियाको नाउँ आउँछ ।[२८] विहारमहादेशकी राजकन्या रूपमती, उनकी बहिनी अनन्तप्रिया र भगवतीपुरदेशकी राजकन्या लालमती यी ३ जना महारानीको नाउँ[२९] ने.सं. ७७७ (वि.सं. १७१४) श्रावणपूर्णिमा बृहस्पतिवार धनिष्ठानक्षत्र

---

२२. गौतमवज्र वज्राचार्य २०३३: १९ संख्या = २०५ ।

२३. उही: २० संख्या = २०७-२०८ ।

२४. मोहनप्रसाद खनाल २०४०: १२५ सङ्ख्या = २९२ ।

२५. लालमतीको माइतीको कुरा आएका अरू अरू अभिलेखमा उनीलाई **भगवतीपुरका राजा कीर्तिनारायणकी छोरी** भनेकोमा यसमा चाहिँ **महुत्तरिका राजा कीर्तिनारायणकी छोरी** भनेकोले बोलीचालीमा **भगवतीपुर** राज्यलाई **महुत्तरि** भनिन्थ्यो जस्तो देखिएको छ । आजभोलिको **महोत्तरी** जिल्लामा **भगवतीपुर** (उत्तर अक्षांश २६° ४९' र पूर्व देशान्तर ८५° ५०') भएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।

२६. गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८: ११-१४ ।

२७. **यहाँ संवत् ७७५ भनी स्पष्टसंग लेखिएको छ तापनि गणना गरी हेर्दा ७७६ मात्र मिल्छ** (उही: १७) ।

२८. उही: १७-१८ ।

२९. **[...] राजकुमारी श्रीश्रीरूपमतिदेवी ↘ थ्वयान केहे राजकुमारी श्रीश्रीअनन्तप्रियादेवी ↘ [...] राजकन्या श्रीश्रीलालमतिदेवी ↘ थ्वपनि सोह्म महारानीपनि महाराजाधिराज भूपकेशरी श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लदेवस पत्नी ↘ थननलि स्वपुत्र राजकुमार श्रीश्रीजयभूपेन्द्र मल्लदेव ↘ पुत्रि राजकुमारी श्रीश्रीसिद्धिश्रीदेवी ↘ थननलि श्रीपार्व्वतिदेवी ↘ श्रीचन्द्रमतीदेवी ↘ श्रीजाम्बवतीदेवी ↘ श्रीइन्दुमतिदेवी ↘ श्रीनयनामतिदेवी ↘ राजमतीलक्ष्मी ↘ लीलावतिलक्ष्मी ↘ कमलकान्तिलक्ष्मी ↘ जयन्तिलक्ष्मी थ्वते सहितन ह्मति ह्मतिस नामनं [...]** अर्थात् राजकुमारी श्रीश्रीरूपमतीदेवी, उनीकी बहिनी राजकुमारी श्रीश्रीअनन्तप्रियादेवी, [...] राजकन्या श्रीश्रीलालमतीदेवी, यी ३ जना महारानी महाराजाधिराज भूपकेशरी श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्लका पत्नी; अनि आफ्ना छोरा श्रीश्रीजयभूपेन्द्र मल्लदेव; छोरी राजकुमारी श्रीश्रीसिद्धिश्रीदेवी, अनि श्रीपार्वतीदेवी, श्रीचन्द्रमतीदेवी, श्रीजाम्बवतीदेवी, श्रीइन्दुमतीदेवी, श्रीनयनामतीदेवी, राजमतीलक्ष्मी, लीलावतीलक्ष्मी, कमलकान्तिलक्ष्मी, जयन्तीलक्ष्मी यीसहित हरेकको नाउँले भनी यस उत्कीर्ण लेखमा लेखिएको छ । यहाँ प्रताप मल्लकी छोरी राजकुमारी सिद्धिश्रीको नाउँपछि **थननलि** अर्थात् **अनि** ९ जना स्त्रीको नाउँ आउँछ । यी स्त्रीसँग प्रताप मल्लको नाता खुलाइएको छैन । डिल्लीरमण रेग्मी (२०२३: ६७)ले यिनीहरूलाई एक ठाउँमा प्रताप मल्लका रखौटी हुन् भनी स्पष्ट लेखेका छन् त अर्को ठाउँमा (उही: १०२-१०३)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अतिगण्डयोग सिंहराशिमा सूर्य कुम्भराशिमा चन्द्र हुँदा त्रैलोक्यसाध्ययोग परेको मिति भएको उत्कीर्ण लेखमा आएको छ।[३०] ने.सं. ७८४ पूसे औँसी सोमवार श्रवणनक्षत्र व्यतीपातयोगमा चक्रवर्तीन्द्र मल्लको तुलादान गर्दा ठड्याइएको ढुङ्गे खामोमा कुँदिएको लेखमा विहारमहानगरकी राजकन्या अनन्तप्रियाको नाउँ आउँछ।[३१] तुलादान गर्ने चक्रवर्तीन्द्र मल्लकी आमाको हैसियतले त्यही तुलादानसम्बन्धी पटमा अनन्तप्रियाको नाउँ आएको छ।[३२] ने.सं. ७९० (वि.सं. १७२७) भाद्रशुक्लद्वादशीउप्रान्त त्रयोदशी बृहस्पतिवार श्रवणनक्षत्र शोभनयोगमा स्थापना गरिएको, विहारमहानगरकी राजकन्या अनन्तप्रिया अर्की महारानी प्रभावती र ५ जना छोरासहितको, प्रतापमल्लको मूर्ति छ।[३३] ने.सं. ७९२ को एउटा शिलापत्रमा प्रताप मल्लकी रानी रछमणि भन्नेले पाटी बनाएको कुरा लेखिएको छ।[३४] प्रताप मल्लकी रानी इन्द्रमतीले ने.सं. ७९६ (वि.सं. १७३२) फाल्गुनशुक्लअष्टमी शनैश्चरवार रोहिणीनक्षत्र विष्कम्भयोगमा सूर्य कुम्भराशिमा र चन्द्रमा वृषराशिमा हुँदा मन्दिरको लागि जग्गा गूठी राखी ठड्याएको शिलापत्र छ।[३५] ने.सं. ८०२ (वि.सं. १७३८) माघकृष्णषष्ठी सोमवार हस्तनक्षत्र धृतियोगको ढुङ्गे खामोमा कुँदिएको, पार्थिवेन्द्र मल्लको लेखबाट उनकी आमाको नाउँ इन्द्रमती भन्ने थाहा हुन्छ।[३६] पार्थिवेन्द्र मल्लकी आमा यी इन्द्रमती ने.सं. ८०३ (वि.सं. १७३९) वैशाखकृष्णतृतीया बृहस्पतिवारको दिन परलोक भएको कुरा तात्कालिक टिपोटबाट थाहा पाइन्छ।[३७] यताबाट प्रताप मल्लका रूपमती, राजमती, लालमती, लालदेवी, अनन्तप्रिया, प्रभावती, रछमणि, इन्द्रमती गरी ८ जना पत्नी देखिएका छन्। तिनमध्ये रूपमती र राजमती त पहिल्यै बितिसकेकाले यस वेला यी ८ मध्ये ६ जना जीवित छन् कि जस्तो देखिए पनि ने.सं. ७७७ (वि.सं. १७१४) सम्म पटक पटक चर्चामा आएकी, रानी लालमती ने.सं. ७९० (वि.सं. १७२७)को माथि चर्चित अभिलेखमा नदेखिएकीले उनी पनि बितिसकेकी थिइन् कि जस्तो अनुमान हुन्छ। ने.सं. ७९४ (वि.सं. १७३१) चैत्रशुक्लएकादशीउप्रान्त द्वादशी (वैशाख ९ गते) सोमवारको दिन प्रताप मल्ल बित्दा ९ जना सती गएको कुरा तात्कालिक टिपोटबाट थाहा हुन्छ।[३८] यतिका पत्नीमध्ये प्रताप मल्लको पछिल्लो अभिलेखमा नाउँ

यिनीहरू उनकी रखौटी हुन् कि भनी लेखेका छन्। सनत*कुमार वस्ती (२०६४: ५३)ले चाहिँ यिनीहरूलाई प्रताप मल्लकी छोरी भनी ठह्याएका छन्। महारानीहरूको नाउँ दिइसकेपछि छोराछोरीको नाउँ दिनुभन्दा अगाडि **थननलि** र दिइसकेपछि पनि **थननलि** लेखिएकोले यहाँ यी ९ जना स्त्रीलाई अलग्गै समूहमा राखिएकोले कहीँ यी स्त्रीहरू डिल्लीरमण रेग्मीले अडकल काटे जस्तै प्रताप मल्लका रखौटी त होइनन्।

३०. उही: १९-२०।

३१. गौतमवज्र वज्राचार्य २०३३: २८ संख्या = २१९-२२०।

३२. उही २०५९: ४६ सङ्ख्याको अभिलेख = २८२।

३३. घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११: २६-२८।

३४. धनवज्र वज्राचार्य २०१९ छापिइसकेपछि भेट्टाइएको, प्रताप मल्लका अर्की १ जना पत्नी र अर्का १ जना छोराको नाउँ भएको, **श्री २ जयप्रताप मल्लदेव प्रभु थाकुरस पत्नि रछमणिजुन थो फरे दयका ⸜ पुत्र मनमोहन भाजु** लेखिएको अभिलेखको पाठ प्रताप मल्लका पत्नीहरू र छोराहरूको सङ्ख्याको विषयमा पछि लेख्न सजिलो होओस् भनी उही: २६२ मा माथिको पाठ सारी मैले **जैसिदेबल नारायणस्थानअगाडिको घरको भित्ताको १७२९ वि.सं. को अभिलेखबाट** भनी लेखेको रहेछु। वि.सं. मा परिवर्तित सालको ने.सं. माथि मोटामोटी रूपमा बनाइएको छ।

३५. शङ्करमान राजवंशी २०२७: ११३।

३६. धनवज्र वज्राचार्य २०१९: २७५।

३७. महेशराज पन्त २०६६: मूलको ५० पृष्ठ = २०८।

३८. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१: २८, ११३–११४।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परेका २ जना महारानी अनन्तप्रिया र प्रभावती तथा पार्थिवेन्द्र मल्लकी आमा इन्द्रमती यहाँ चित्रित हुन सक्छन् । अथवा स्त्रीहरू नुहाउने भेषभूषामा नदेखाइएकाले यिनीहरू प्रताप मल्लका उपपत्नी वा सेविकाहरू हुनु पनि त्यत्तिकै सम्भव छ ।

९.७२ पृष्ठ खाली छ । यस लेखमा १ देखि ४५ पृष्ठसम्मका पाठ मैले उतारेको छु र फ्याक्सिमिलि पनि यति नै पृष्ठका दिइएका छन् ।

१०. ४१ वटा देशदेशावरका तीर्थका नाउँ यस *तीर्थजात्रा*मा लेखिएको छ (२-१७ पृष्ठ) । नम्बर भने ३९ वटा मात्र हालिएको छ । खुलाएर भन्दा **कामुरदेश**पछि आएको **त्रिपुरादेश**मा नम्बर हालिएको छैन (३ पृष्ठ), **कच्छदेश** र **निवारदेश** (१० पृष्ठ) दुवैमा एउटै नम्बर अर्थात् **१७** र त्यसै गरी **चीनदेश** (१९ पृष्ठ) र **नेपालदेश** (२० पृष्ठ) दुवैमा एउटै नम्बर अर्थात् **३९** भएकोले तथा **१८** नम्बरपछि **१९** नम्बर नआई एकैचोटि **२०** नम्बर आएको छ । यसैले जम्मा देशको सङ्ख्या **४१** हुनुपर्नेमा **३९** मात्र हुन गएको हो । तीमध्ये ३ वटा अर्थात् **विभीषणसिद्धितीर्थ** (३५ सङ्ख्या, १८ पृष्ठ), **रावणतपःसिद्धितीर्थ** (३६ सङ्ख्या, १८ पृष्ठ), **प्रभावतीतपःसिद्धितीर्थ** (३७ सङ्ख्या, १९ पृष्ठ)पछि **देश** शब्द परेको छैन ।

यस *तीर्थजात्रा*मा मोटामोटी रूपमा अखिल भारतवर्षका धैरै देशका नाउँ परेका छन् तापनि कति देशको नाउँ मैले नसुनेको र कतिको नाउँ अपभ्रष्ट रूपमा आएका छन् ।

१०.१. सबभन्दा पहिले १) **कामुरदेश**का तीर्थका नाउँ आउँछन् । यो **कामुरदेश** कहाँ पर्छ भन्ने विचार गर्न नभ्याउँदै एक सङ्ख्या दिएपछि त्यहाँ **आसमदेस्य** लेखिएकोले (२ पृष्ठ) **कामरूप**को अपभ्रष्ट रूप **कामुर** देखिन्छ । त्यसपछि देशका नाउँ यसरी दिइएका छन् २) **त्रिपुरादेश**[३९] (३ पृष्ठ) ३) **हीकेरीदेश** (३ पृष्ठ) ४) **उत्कलदेश** (३ पृष्ठ) ५) **झारखण्डदेश** (४ पृष्ठ) ६) **गोदवानदेश** (४ पृष्ठ) ७) **माह्वस्तदेश** (५ पृष्ठ) ८) **कर्णाटकदेश** (५ पृष्ठ) ९) **तांमरदेश** (६पृष्ठ) १०) **चोलमंताद्रलपदियादेश** (६ पृष्ठ) ११) **देवमल्यालदेश** (७ पृष्ठ) १२) **भोगमल्यारदेश** (७ पृष्ठ) १३) **तलकोङ्कणदेश** (७ पृष्ठ) १४) **कोङ्कणदेश** (८ पृष्ठ) १५) **गुर्जरखण्डदेश** (८ पृष्ठ) १६) **सार्थदेश** (९ पृष्ठ) १७) **उषामदलदेश** (१० पृष्ठ) १८) **कच्छदेश** (१० पृष्ठ) १९) **निवारदेश** (१० पृष्ठ) २०) **मरुखण्डदेश** (१० पृष्ठ)२१) **सिन्धुदेश** (११ पृष्ठ) २२) **पञ्जाबदेश** (११ पृष्ठ) २३) **काश्मीरदेश** (११ पृष्ठ) २४) **कंधिदेश** (१२ पृष्ठ) २५) **कुलुदेश** (१२ पृष्ठ) २६) **बाह्रठकुराइदेश** (१३ पृष्ठ) २७) **केदारदेश** (१३ पृष्ठ) २८) **बदरिकाश्रमदेश** (१३-१४ पृष्ठ) २९) **पूर्वदेश** (१५ पृष्ठ) ३०) **मरुदेश** (१५ पृष्ठ) ३१) **मेवाड?** (मूलमा- **मवाल**)**देश** (१६ पृष्ठ) ३२) **मथुरामण्डलदेश** (१६ पृष्ठ) ३३) **अत्रववदेदेश** (१६ पृष्ठ) ३४) **अयोध्यादेश** (१७ पृष्ठ) ३५) **मध्यदेश** (१७ पृष्ठ) ३६) **विभीषणतपःसिद्धितीर्थ** (१८ पृष्ठ) ३७) **रावणतपःसिद्धितीर्थ** (१८ पृष्ठ) ३८) **प्रभावतीतपःसिद्धितीर्थ** (१९ पृष्ठ) ३९) **भोयन्तदेश** (१९ पृष्ठ) ४०) **चीनदेश** (१९ पृष्ठ) ४१) **नेपालदेश** (२० पृष्ठ)।

---

३९. वास्तवमा यस *तीर्थजात्रा*मा **त्रीपुरादे** छ । यस पुस्तकमा मूर्धन्य र दन्त्य, **र र ल, श र स, ख**को ठाउँमा **ष** तथा ह्रस्वदीर्घ प्रशस्त ठाउँमा बिग्रिएको छ । मूलपाठमा जस्तो लेखिएको छ, ती ती रूप त्यहाँ दिइएकाले यस उपोद्घातमा सामान्यतया शुद्ध रूप मात्र दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१०.२. देशहरूको यस विभाजनमा **कामरूपदेश** अर्थात् **आसमदेशमा कामाख्यादेवी** भएको कुरा यहाँ २ पृष्ठमा लेखिएको छ, जुन ठीक छ। **मत्स्येन्द्र, मीननाथ, शृङ्गेरीमठ** र **कामाख्या तलकोङ्कणदेश**मा पर्छन् भनी यहाँ तल ७ पृष्ठमा लेखिएको छ। पूर्व **आसाम**मा भएका **मत्स्येन्द्र, मीननाथ** र अघिबाट २ पृष्ठमा **आसमदेश**मा पारिसकिएको **कामाख्या**लाई **तलकोङ्कणदेश**भित्र किन पारिएको हो।

१०.३. एउटा रमाइलो कुरा। यहाँ १) **थस्पीमहातीर्थ**, २) **वज्रयोगिनीदेवी**, ३) **ज्योतिर्लिङ्ग**, ४) **गरुडनारायण**, ५) **पशुपति**, ६) **ह्वनघात**, ७)**वत्सला गुह्येश्वरी**, ८) **काकेश्वर**, ९) **सिद्धिपुरकोटिलिङ्ग**, १०) **त्रिशूलगङ्गा**, ११) **गणेशकुण्ड**, १२) **सरस्वतीकुण्ड**, **१३) भैरवकुण्ड**, १४) **नीलकण्ठ**, १५) **जलसर्प** गरी यति १५ वटा तीर्थ **नेपालदेश**भित्र परेका छन् (१९-२० पृष्ठ)।

आजभोलि **सानागाउँ** कहिने ठाउँको नेवारी नाउँ **थसी** हो। तर पाटन शहरको दक्षिण भागमा रहेको महालक्ष्मीमन्दिरको इलाका **थसिखेल**को नाउँले चिनिँदो रहेछ। यहाँ **थस्पीमहातीर्थ** (१ सङ्ख्या) भनी कसलाई भनेको हो, त्यो मलाई स्पष्ट भएन। **थस्पी**को चिनारी गराउँदा यहाँ **धर्म्मनारायने** अर्थात् **धर्मनारायणमा** भनी यहाँ लेखिएको छ। **वज्रयोगिनीदेवी** (२ सङ्ख्या)पछि आएको **ज्योतिर्लिङ्ग** (३ सङ्ख्या) साँखुनिरको **ज्योतिर्लिङ्गेश्वर** हो। ६४ लिङ्गमा यिनको पनि गणना हुन्छ। पूरै नाउँ यही *तीर्थजात्रा*मा २ ठाउँमा आएको पनि छ (२४, ३९ पृष्ठ)। **गरुडनारायण** (५ सङ्ख्या) भनेको **चाँगुनारायण** भनी भनिरहनुपर्दैन। **ह्वन** शब्दको अर्थ **स्नान** भन्ने हुनाले र **आर्यघाट**मा गरिएको स्नानको माहात्म्य भएकोले **पशुपति** (५ सङ्ख्या)सँगै आएको **ह्वनघात** (६ सङ्ख्या)ले **आर्यघाट** बुझाएको हो कि जस्तो मलाई लाग्छ। **वत्सला** र **गुह्येश्वरी** (७ सङ्ख्या) दुवै पशुपतिका शक्ति भएकाले भिन्नाभिन्नै देवी भए पनि यी २ लाई यहाँ एउटै मानेको देखिन्छ। **काकेश्वर** (८ सङ्ख्या)को पनि ६४ लिङ्गमा गणना हुन्छ। सानागाउँको संस्कृत नाउँ **सिद्धिपुर** हो। **सिद्धिपुरकोटिलिङ्ग** (९ सङ्ख्या)भनेको कहाँको **कोटिलिङ्ग** हो मैले बुझ्न सकिनँ। **त्रिशूलगङ्गा** (१० सङ्ख्या) अर्थात् **त्रिशूली** र **नीलकण्ठ** (१४ सङ्ख्या) अर्थात् **गोसाईंकुण्ड**को बीचमा आएका **गणेशकुण्ड** (११ सङ्ख्या),[४०] **सरस्वतीकुण्ड** (१२ सङ्ख्या) र **भैरवकुण्ड** (१३ सङ्ख्या)[४१]ले **गोसाईंकुण्ड** जाँदा बाटामा पर्ने कुण्डहरूलाई बुझाउँछन्। **जलसर्प** (१५ सङ्ख्या) भनेर कुन तीर्थलाई भनेको हो, मलाई थाहा भएन। **जलसर्प**को परिचय दिँदा **हेमएन्द्रसिरे** अर्थात् **हेमेन्द्रको शिरमा** भनी यहाँ लेखिएको छ।

१०.४. नेपालदेशका तीर्थको नाउँ दिनुअगाडि यहाँ **चीनदेश**को एउटा मात्र तीर्थ **महाचीनबुद्ध** आएको छ (१९ पृष्ठ)। **चीनदेश**भन्दा अगाडि **भोटान्तदेश**का १) **दक्षिणकलङ्किनारायण** २) **हनूमद्ध्वजमहातीर्थ** ३) **सम्पनतीर्थ** ४) **पश्चिमद्वापरयुगमा नारायण** ५) **बालानीलकण्ठ** ६) **बुद्धानीलकण्ठ** ७) **कृदबुक्षेत्र** ८) **छ्वासकामिनी शाक्यमुनि बुद्धनारायण** ९) **ब्रह्मपुत्र** १०) **छ्वाकसांनारायण** गरी १० वटा तीर्थका नाउँ आएका छन् (१९ पृष्ठ)।

---

४०. **ब्राह्मी गण्डकी**सँगै **गणेशकुण्ड**को माहात्म्य *हिमवत्खण्ड* (१७३❶।३१-३३)मा छ। सप्तगण्डकीका देवीस्वरूपका नाउँ क्रमशः **माहेश्वरी, ब्राह्मी,** नारसिंही, **वैष्णवी, कौमारी, कालिका** र **गङ्गा** हुन् (*हिमवत्खण्ड* ४४।७८)।

४१. **नीलकण्ठह्रद**सँगै **भैरवकुण्ड**को माहात्म्य *हिमवत्खण्ड* (४६।७, ६३)मा आउँछ।

❶ प्रकाशित *हिमवत्खण्ड*मा **१६९ अध्याय**पछि बीचका **१७०-१७२ अध्याय** नआई एकैचोटि **१७३ अध्याय** आउँछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सबै तीर्थ त म चिन्दिनँ। तर **बालानीलकण्ठ** (५ सङ्ख्या) **र बुद्धानीलकण्ठ** (६ सङ्ख्या)का नाउँ आएकाले काठमाडौँको उत्तरी भागमा पर्ने **बालाजु र बूढानीलकण्ठ**लाई बुझाएको हो भन्ने स्पष्ट छ। यसरी नजीकैका **बालाजु** र **बूढानीलकण्ठ**लाई **भोयन्तदेश**मा पारेको देखेर **नेपालदेश**को अत्यन्त सानो अर्थ यहाँ देखिएको छ। **सम्पनतीर्थ** (३ सङ्ख्या)ले चाहिँ **सपनतीर्थ** बुझाएको हो कि जस्तो मलाई लाग्छ। **छ्वासकामिनी शाक्यमुनि बुद्धनारायण** (८ सङ्ख्या) भनी ह्लासामा स्थापित **छ्वासकामिनी**[४२] र **शाक्यमुनि बुद्ध**को मूर्ति बुझाएको देखिन्छ। **बुद्ध**लाई **विष्णु**को अवतार मान्ने परम्पराअनुसार यहाँ **बुद्धनारायण** लेखिएको छ। *हिमवत्खण्ड* (३३।१३)मा माहात्म्य गाइएको **ब्रह्मपुत्र** (९ सङ्ख्या)नदलाई यहाँ भोयन्तदेशमा राखिएको देखिन्छ।

भोयन्तदेशभन्दा पछाडि आएको **चीनदेश**को **तीर्थ महाचीनबुद्ध** (१९ पृष्ठ) कहीँ **बौद्ध**को **चैत्य**लाई त भनेको होइन।

१०.५. भोयन्तदेशभन्दा अगाडि **प्रभावतीतपःसिद्धितीर्थ**भित्र पर्ने १) **गुह्यदेवीवाग्मतीसङ्गम** २) **आज्ञाब्रह्मतीर्थ** ३) **गौलखसङ्गम** ४) **सुवर्णवासुकिवाग्मतीसङ्गम** ५) **मृगेन्द्रेश्वर** ६) **एकादशलिङ्ग पन्यतीर्थ** गरी ६ वटा तीर्थका नाउँ आएका छन् (१८-१९ पृष्ठ)। यी ६ तीर्थमध्ये जम्मै चिन्न नसकिए पनि पहिलो, दोस्रो र चौथो तीर्थलाई चिन्ने केही आधार छ जस्तो लाग्छ।

१०.५.१. गुह्यदेवीवाग्मतीसङ्गम (३ सङ्ख्या) भनेर गुह्येश्वरीनजीकको वाग्वती अर्थात् गौरीघाटलाई चिनाएको हुनुपर्छ।

१०.५.२. लिच्छवि राजा नरेन्द्रदेवले भिक्षुसङ्घलाई दान दिएको, पशुपतिइलाकाको एउटा गाउँको चारकिल्ला खुलाउँदा **ब्रह्मतीर्थसंवेद्यनदीवाग्वतीपूर्वमनुसृत्य** (मूलका २७-२८ पङ्क्ति) अर्थात् **ब्रह्मतीर्थले चिनिने, वाग्वती नदीको पूर्वतिर लागी**[४३] भनी [मानदेव]संवत् १०३ (वि.सं. ७३७) जेष्ठशुक्लत्रयोदशीको पशुपति वज्रघरको शिलापत्रमा लेखिएकोले; **ब्रह्मतीर्थ**मा माघ महीनाका दुवै पक्षका प्रतिपदामा स्नान गर्दा सबै यज्ञको फल पाई ब्रह्मलोक गइन्छ, **क्षत्रियतीर्थ**मा चैत्र महीनाका दुवै पक्षका षष्ठीमा स्नान गर्दा राजसूयको यज्ञको फल पाई इन्द्रपुरी गइन्छ, आश्विन महीनाका दुवै पक्षका नवमीमा **राजेश्वरीतीर्थ**मा स्नान गर्दा ७ जन्ममा गरेको पाप नष्ट हुन्छ भनी *हिमवत्खण्ड* (१६० अध्याय १६६-१६८)मा लेखिएकोले, यही *तीर्थजात्रा* (३० पृष्ठ)मा **वाग्मतीसङ्गमतीर्थ**का नाउँ दिँदा *हिमवत्खण्ड*मा जस्तै **ब्रह्मतीर्थ**पछि **क्षत्रियतीर्थ**, त्यसपछि **राजेश्वरीतीर्थ** आएकोले र **अहिलेसम्म पनि 'वाग्वतीयात्रा' गर्दा ब्रह्मतीर्थ भनी तिलगङ्गाको उत्तर अर्थात् राजराजेश्वरीघाटदेखि पूर्वतिर गई नुहाउने चलन छ** (गोविन्द टण्डन २०५३: २१) भन्ने थाहा भएकोले **ब्रह्मतीर्थ**

४२. ने.सं. ७८१ (वि.सं. १७१८) चैत्रशुक्लचतुर्दशी बुधवार हस्तनक्षत्र व्याघातयोग, मेषराशिमा सूर्य र कन्याराशिमा चन्द्र हुँदाको मिति भएको, प्रताप मल्लको पालामा काठमाडौँको तरुमूलविहार अर्थात् लायकुबहिलका २ जना शाक्यभिक्षु दाजुभाइले ह्लासा छ्वासकामिनीलाई तोरण चढाई राखेको ताम्रपत्रको पाठ चित्तधर 'हृदय' २०२८: ४७ मा छ।

४३. **ब्रह्मतीर्थसंवेद्यनदीवाग्वतीपूर्वमनुसृत्य**को अर्थ **ब्रह्मतीर्थ संवेद्यनदी र वाग्वतीको पूर्वतिर लागी** भनी धनवज्र वज्राचार्य (२०३०:५०२)ले गरेका छन्। यस शिलापत्रमा परेका स्थाननाम दिँदा हरिराम जोशी (२०३०:५१६)ले धनवज्र वज्राचार्यले उल्थामा लेखे जस्तो **संवेद्यनदी** नहालेकाले उनले यसलाई नदीको नाउँ नसम्झेको स्पष्ट छ। डिल्लीरमण रेग्मी (२०४०: ८१)ले **संवेद्य**को अर्थ गरेका छैनन्। गोविन्द टण्डन (२०५६: ३२)ले भने धनवज्र वज्राचार्यकै अर्थको अनुसरण गरेका छन्। **संवेद्य** नदीको नाम जस्तो मलाई नलागेकोले मैले यसलाई **सम्** उपसर्ग लागेको **विद्** धातुदेखि **ण्यत्** प्रत्यय लागी बनेको शब्द र समस्तपद **नदीवाग्वती**मा पूर्वपद भई **नदी** आएको सम्झी यसैअनुसार अर्थ गरेको छु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपतिइलाकामा भएको देखिन्छ। तर **ब्रह्मतीर्थ**को अगाडि यस *तीर्थजात्रा*मा **आज्ञा** शब्द जोडी किन **आज्ञाब्रह्मतीर्थ** (२ सङ्ख्या) लेखिएको हो, त्यो भन्न सकिएन।

१०.५.३. तिलगङ्गाको आसपासको कुनै खहरे **सुवर्णनदी**को नामले कहिएको प्रमाण पाइएकोले[४४] त्यही खोल्सो र वाग्वतीको दोभानलाई **सुवर्णवासुकिवाग्मतीसङ्गम** (४ सङ्ख्या) भनेको हुनुपर्छ।

१०.६. प्रभावतीतपःसिद्धितीर्थभन्दा अगाडि **रावणतपःसिद्धितीर्थ** आउँछ। त्यसभित्र १) **आदिवराह** २) **पापमोचन** (मूलमा- **पापमोचनीय**)**तीर्थ** ३) **चैलगङ्गा** ४) **अमोघतीर्थ** ५) **तिलगङ्गा** गरी ५ वटा तीर्थका नाउँ आएका छन् (१९ पृष्ठ)। अब यी तीर्थको विषयमा केही लेख्नुपरेको छ।

हिमवत्खण्ड मा **रावणतपःसिद्धि** भन्ने नाउँको एउटा सिङ्गै (८४) अध्याय छ। गोकर्णेश्वरमा रावणले तपस्या गरेको कुरा त्यस अध्यायमा लेखिएकोले त्यही ठाउँलाई यहाँ **रावणतपःसिद्धितीर्थ** भनेको देखिन्छ।

१०.६.१. *हिमवत्खण्ड* (१६१।४७-५१)मा **उत्तरवाहिनीतीर्थ**मा गरिने स्नानको महिमा लेखिसकेपछि वराह रूप धारण गरेका विष्णुको **चैल** अर्थात् **लुगा**बाट निस्केकी नदी **चैलगङ्गा**मा गरिने स्नानको महिमा छ। वराह रूप धारण गरेका विष्णुको **चैल**बाट निस्केकी **चैलगङ्गा** र **वाग्वती**को दोभानमा स्नान गर्दा १० थरी नदीमा नुहाए बराबरको फल आउँछ भनी *पशुपतिपुराण* (३। २-४)मा लेखिएको छ। **पशुपति**को दक्षिण ढोका भएर **राजराजेश्वरी** जानू, **भैरव** र **वत्सला**को दर्शन गर्नू, **वाग्वती** तरेर **गुह्येश्वरी**को दर्शन गरी **चैलगङ्गा** जानू, **चैलगङ्गा**मा नुहाई पितृहरूलाई तर्पण गरी **गोकर्णेश्वर** जानू भनी *नेपालमाहात्म्य* (२९।१२-१४)मा लेखिएको छ। **चैलगङ्गा**पछि **गोकर्णेश्वर** जानू भनी *नेपालमाहात्म्य*मा लेखिएको छ। वराहावतार विष्णुको लुगाबाट **चैलगङ्गा** निस्केको भनी *हिमवत्खण्ड* र *पशुपतिपुराण*मा लेखिएकोले **चैलगङ्गा**को मुहानमा वराहमूर्ति रहेको र त्यही वराहमूर्तिलाई यस *तीर्थजात्रा*मा **आदिवराह** (१ सङ्ख्या) भनेको देखिन्छ।

वाग्मतीतीर्थनामवर्णनको प्रसङ्गमा *देवतातीर्थादिनाममाला* (५।८०-८२=८२ पृष्ठ)मा **गुह्येश्वर, पशुगण, ताम्रचूड, श्लेष्मान्तक, त्रिशूलगङ्गा, उत्तरवाहिनी, चैलगङ्गा** र **हनूमत्तीर्थ**को नाउँ लहरै आएको छ। *वाग्मतीतीर्थयात्राविधान*मा कहीं कहीं तलमाथि परे पनि क्रम यही छ (१४ पृष्ठ, ९९-१०६ सङ्ख्या)। *देवतातीर्थादिनाममाला*मा नाउँ मात्र दिइएकोमा *वाग्मतीतीर्थयात्राविधान*मा बढी खुलस्तसँग लेखिएकोले **चैलगङ्गा** चिन्न सजिलो भएको छ।

*देवतातीर्थादिनाममाला*मा **गुह्येश्वर** भएकोमा **गुह्य** र **गुप्त**को अर्थ उस्तै उस्तै भएकोले होला, *वाग्मतीतीर्थयात्राविधान*मा तिनै देवता **गुप्तेश्वर** भएका छन्। त्यसअनुसार गौरीघाटदेखि पूर्व, **गुह्येश्वरी**को ढोकादेखि दक्षिण **गुप्तेश्वरीतीर्थ** र त्यहीँ **गुप्तेश्वर**; गौरीघाटदेखि पूर्व **गुह्येश्वरी**को ढोकाबाट १०० हात पूर्व बालागणेशदेखि दक्षिणमा **पशुगणपतितीर्थ** र त्यहीँ **पशुगणपतीश्वर**; **गुह्येश्वरी**को घाटदेखि आग्नेय अर्थात् पूर्व-दक्षिणकोणमा रहेको भकारीदेखि दश हात पर **श्लेष्मान्तकतीर्थ** र त्यहीँ **श्लेष्मान्तकेश्वर**; **गुह्येश्वरीघाट**देखि पूर्व अलिकति तल २ वटा साना खोलाको सङ्गममा[४५] **ताम्रचूडतीर्थ** र त्यहीँ

---

४४. यस विषयमा खुलाएर महेशराज पन्त छापिन बाँकी: § ३.१९ मा लेखिएको छ।

४५. **श्लेश्मान्तक् तीर्थबाट ताम्रचुडतीर्थमा जानु त्यो तीर्थ गुजेश्वरीघाट देखि पूर्वतर्फ अतिकति तल वाराहवन्भुरखाषोला र आर्याकुलाको संगममा छ तहाँ पूर्ववत्स्नान गर्नु** भनी *वाग्मतीतीर्थविधान* (१४ पृष्ठ, १०२ सङ्ख्या)मा लेखिए पनि खोला र कुलाको नाम दिँदा केही अस्पष्ट भएको हो कि जस्तो लागी माथि **२ वटा साना खोलाको सङ्गममा** भनेर मात्र लेखिएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ताम्रचूडतीर्थेश्वर; त्यस तीर्थदेखि उत्तरपट्टि **त्रिशूलगङ्गातीर्थ** र त्यहीँ **त्रिशूलेश्वर; गुह्येश्वरी**देखि ईशान अर्थात् पूर्व-उत्तरकोणमा, बौद्धदेखि दक्षिण भैमालको ढिस्कोमा **उत्तरवाहिनीतीर्थ** र त्यहीँ **उत्तरवाहिन्यश्वर**; बरालगाउँदेखि आग्नेय अर्थात् पूर्व-दक्षिणकोणमा रहेको थुर[४६] भन्ने डाँडादेखि वायव्य अर्थात् उत्तर-पश्चिमकोण र कालीको वनदेखि पश्चिममा **हनुमान्वती[४७]तीर्थ** र त्यहीँ **हनुमान्वती[४७]श्वर**; डौडी भन्ने ढिस्कोदेखि २०० हात उत्तर, आरुबारीदेखि दक्षिण, ढुङ्गानागाउँदेखि नैर्ऋत्य अर्थात् दक्षिण-पश्चिमकोणमा **चैलगङ्गातीर्थ** र त्यहीँ **चैलगङ्गेश्वर** छन् ।

गुह्येश्वरीको सोझै **जलेश्वरतीर्थ** र त्यहीँ जलमा **जलेश्वर, गुह्येश्वरीतीर्थ**को नजीकै **गुह्येश्वर**, [गौरी]घाटको मुखमा **विनायकतीर्थ** र त्यहीँ **विनायकेश्वर**, माथिको खहरेनिर **पशुगणतीर्थ**, वनछेउ **श्लेष्मान्तकतीर्थ**, अर्को नदसँगै **ताम्रचूडतीर्थ** र **ताम्रेश्वर**, त्यसको २ पाउ माथि **उत्तरवाहिनीतीर्थ**, त्यसभन्दा माथि वनमा **चैलगङ्गा नदी, चैलगङ्गातीर्थ** र **चैलेश्वर** छन् भनी *पातञ्जलतीर्थावली* (१२।३८-४०)मा लेखिएको छ ।

यी सबै वर्णनको आधारमा **चैलगङ्गा** (२ सङ्ख्या) गोकर्णको आसपास भएको स्पष्ट हुन्छ ।

१०.६.२. *हिमवत्खण्ड* (१६११-१३)मा **मृगोदकतीर्थ**पछि **खर्वरिकातीर्थ** र त्यसपछि **आर्यातीर्थ**को कुरा आएको छ । **मृगोदकतीर्थ** र **आर्यातीर्थ**मा दर्शन गरेर **ज्योतिर्लिङ्ग** अर्थात् **पशुपति**को दर्शन गर्नू भनी त्यहीँ (१८६।९५) लेखिएको छ । *नेपालमाहात्म्य* (१४। ५०-५१)मा वाग्वतीको पश्चिम किनारामा रहेको **मृगोदकतीर्थ**को कुरा आएको छ । त्यही **मृगोदकतीर्थ**लाई *नेपालमाहात्म्य*का आद्य सम्पादक मुरलीधर झा (१९५७:२)ले **पापमोचनतीर्थ** मानेका छन् । त्यसकै अनुसरण हेल्गा ओइबाख (२०२७)बाहेक *नेपालमाहात्म्य*का अरू सम्पादकले गरेका छन् (मुक्तिनाथ खनाल २०२८:ङ, केदारनाथ शर्मा २०३३:१३, जयराज आचार्य २०४९:३१९) । वाग्वतीको पश्चिम किनारमा **गौरीतीर्थ**, त्यहीँ माथि **मृगोदकतीर्थ**, पारि **खर्वरीतीर्थ**, अनि **आर्यातीर्थ** भएको कुरा *पातञ्जलतीर्थावली* (१२।३२-३३)बाट थाहा पाइन्छ । आर्याघाटको दाहिनेतर्फ रहेको **गौरीतीर्थ**बाट त्यहीँ दाहिनेतर्फ **खर्वरिकातीर्थ**मा जानू, त्यसपछि आर्याघाटको बायाँतर्फ रहेको **मृगोदकतीर्थ**मा जानू भनी *वाग्मतीतीर्थयात्राविधान* (६८-७० सङ्ख्या)मा लेखिएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ । यति कुराबाट आर्याघाटकै आसपास **पापमोचनतीर्थ** भएको देखिन्छ ।

१०.६.३. *पशुपतिपुराण* (३। ५-१२)मा **वाग्वती** र **चैलगङ्गा**को दोभानपछि गोकर्णले आश्रम बनाएको **वाग्वतीभेदपर्वत** र त्यहीँ **वाग्वती**को किनारामा रहेको **अमोघतीर्थ**को माहात्म्य गाइएको छ ।

१०.६.४. तिलगङ्गाचाहिँ अहिले पनि प्रसिद्ध भएकोले त्यस विषयमा बढी लेख्नुपर्दैन ।

१०.७. रावणतपःसिद्धितीर्थभन्दा अगाडि यहाँ **विभीषणसिद्धितीर्थ**को कुरा आउँछ । **गोकर्णेश्वर**मै विभीषणले पनि तपस्या गरेको कुरा *हिमवत्खण्ड* (८५।१८-२१)मा लेखिएको छ । **वाग्वती** र **मणिमती**को दोभानमा **गोकर्ण**को जङ्गलमा भएको

---

४६. **उत्तरवाहिनी तीर्थबाट हनुमान्वती तीर्थमा जानु त्यो तीर्थ वरालगाउँ देखि आग्नेय आरु वारिदेषि पश्चिकथुरभन्ने डाडादेषि वायव्य काली को वनदेषि पश्चिम छ** भनी *वाग्मतीतीर्थविधान* (१४ पृष्ठ, १०५ सङ्ख्या)मा लेखिएको छ । **आरु वारिदेषि**पछि आएको **पश्चिक**को अर्थ नलागेकोले माथि आरुबारीको चर्चा गरिएको छैन ।

४७. व्याकरणबाट **हनुमान्वती** शब्द नबने पनि त्यस्तै लेखिएकोले त्यही सारिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रुद्रधाराजलतीर्थमा विभीषणले तपस्या गरेको कुरा गरेको *पशुपतिपुराण* (२।१७-३६)मा लेखिएको छ । *पशुपतिपुराण*मा यो कुरा जुन अध्यायमा छ, त्यसको नाउँ **विभीषणास्त्रसिद्धि** भएको कुरा यस प्रसङ्गमा उल्लेखनीय छ ।

१) **खर्वटेश्वर** २) **समेकसङ्गम**मा **देवघाट** ३) **इरतीर्थ**मा **वासुकि** ४) **पुण्यावती**मा **इन्द्रेश्वर** ५) **पद्मावती-रुद्रावतीनीलावतीसङ्गम** ६) **दोलागिरिसिद्धस्थान** ७) **ब्रह्मायणीमाहेश्वरी** ८) **चण्डेश्वरीधनेश्वर** ९) **गोशृङ्गपुर**मा **सत्यनारायण** १०) **गोशृङ्गेश्वर** ११) **नवनागनागेन्द्रगृरित** (?)मा **नायकरु** (?) **नारायण** १२) **त्याखु**मा **नारायण** १३) **वैकुण्ठशेखर**मा **वेगहरनारायण** १४) **भाद्रेश्वर** १५) **फलचो**मा **महाकाल** १६) **मनसिर**मा **शिव** १७) **हनुतीर्थ** १८) **स्वयंभू गणेश्वर** १९) **आस्याभागौ**मा **शृङ्गेश्वर** २०) **शिव** २१) **शिवपार्वतीदोर** २२) **तुचुलेश्वर** २३) **अनन्तलिङ्ग** २४) **वागीश्वर** (मूलमा- **वागेश्वर**) २५) **गोदावरीमहाक्षेत्र** २६) **मत्स्यकुण्ड** २७) **मातातीर्थ** २८) **वाग्मतीच्छेद**मा **महावासुकिचक्रतीर्थ** २९) **पण्डुकेश्वर** ३०) **सुनाकोठी** (**सुरुगात**)मा **भृङ्गीश्वर** ३१) **मार्कण्डेयेश्वर** ३२) **वाग्मती** ३३) **भृग्येदेश्वर** ३४) **गोमतीतीर्थ** ३५) **विष्णुमती** ३६) **इन्द्रधारा** ३७) **मणिमती** ३८) **रुद्रशिरः** ३९) **कामसिद्धितीर्थ** ४०) **गोकर्णमहालिङ्ग** ४१) **पुलहक्रतुगया** ? (मूलमा- **पुहक्रगया**) ४२) **नैमिषारण्य** ४३) **रुद्रधारा** ४४) **पातालगङ्गा** ४५) **रुद्रपादतीर्थ** ४६) **इच्छाफलतीर्थ** गरी ४६ तीर्थका नाउँ यस *तीर्थजात्रा*मा **विभीषणसिद्धितीर्थ**भित्र आएका छन् (१७-१८ पृष्ठ) । यहाँका निकै तीर्थको पहिचान मलाई नभए पनि १५ वटा अर्थात् ४-८, २३-२५, २७, २९, ३०, ३२, ३५, ३७, ४० सङ्ख्याका तीर्थ प्रसिद्ध भएकाले ती तीर्थहरू जस्तै अरू तीर्थहरू पनि नेपालखाल्डो र त्यसको वरपरका हुन् भनी भन्न सकिन्छ । बाँकी तीर्थमध्ये २, ३, १६, १७, २८, ३८, ४३-४५ सङ्ख्याका तीर्थ चिन्ने कोशिश गरिन्छ र ६ सङ्ख्याको विषयमा मनमा लागेको कुरा लेखिन्छ ।

१०.७.१. *हिमवत्खण्ड* (१६१।२२-२४)मा **नीलकण्ठतीर्थ**, **वासुकितीर्थ**, **गोखुरतीर्थ**, **भृगुपतनतीर्थ** र **देवघट्टतीर्थ** लहरै आएका छन् । **आर्यातीर्थ**मै पर्वतमुन्तिर **अगस्त्यतीर्थ**, त्यहीँ माथि **नीलकण्ठतीर्थ**, यसभन्दा माथि **वासुकितीर्थ**, गुफामुनि **गोपुरतीर्थ**, फालनिर **भृगुपाततीर्थ**, त्यहीँ माथि **देवघट्ट** छ भनी *पातञ्जलतीर्थावली* (१२।३४-३५)मा लेखिएको छ । *वाग्मतीतीर्थयात्राविधान* (१२ पृष्ठ, ७९-८२ सङ्ख्या)मा **नीलकण्ठतीर्थ** आर्यघाटमा, **वासुकितीर्थ** आर्याघाटमै दक्षिणतर्फ वासुकिको तलतिर, **देवघट्टतीर्थ** आर्याघाटदेखि उत्तरपट्टि, **गोखुरतीर्थ देवघट्टतीर्थ**देखि उत्तरपट्टि, **भृगुपतनतीर्थ** आर्याघाट र सूर्यघाटको बीचमा दक्षिणपट्टि पहाडमाथिको पखेराको तलतिर छ भनी लेखिएको छ । यो **देवघाट** यताबाट पशुपतिकै आसपासमा भएको देखिन्छ ।

१०.७.२. इरतीर्थमा **वासुकि** (३ सङ्ख्या)भनी आएको यो तीर्थ चिन्न अलि गाह्रो छ। तीर्थसम्बन्धी कुनै पनि पुस्तकमा **इरतीर्थ** आएको मैले देखेको छैन, बरु **वासुकि** नै तीर्थको रूपमा आएको छ (§१०.७.२) । **इर** यो शब्द पनि अपभ्रष्ट हो कि जस्तो लाग्छ । पशुपतिवरपरको **देवघाट**पछि आएको, **वासुकि**को यो तीर्थ **वासुकि**को मन्दिरकै तलको हुनुपर्छ ।

१०.७.३. *तीर्थजात्रा*मा माथि नेपालदेशभित्र **गरुडनारायण** परेको छ (§१०.३) । यहाँ फेरि **विभीषणसिद्धितीर्थ**भित्र **दोलागिरिसिद्धस्थान** (६ सङ्ख्या) आएको छ । **चाँगुनारायण**लाई **गरुडनारायण** र चाँगुको डाँडालाई **दोलागिरि** भन्ने गरिएकोले एकचोटि त्यही ठाउँमा भएका देवतालाई **नेपालदेश**मा र अर्कोचोटि त्यही ठाउँको एउटा स्थानलाई **विभीषणसिद्धितीर्थ**मा किन राखियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१०.७.४. प्रताप मल्लको रानीपोखरीको शिलापत्रका ३ पाठमध्ये एउटामा **मशिल**, अर्कोमा **मसिल** र झन् अर्कोमा **मशिर** भई आएको तीर्थ (धनवज्र वज्राचार्य २०१९: ८३) नै यहाँ **मनसिर** (१६ सङ्ख्या) भएको छ। **वज्रवाराही**को दर्शन गरेपछि **भारभूतेश्वर**को दर्शन गर्नु, **मनःशिलमहातीर्थ**मा **हरि** (विष्णु) र **हर** (महादेव)को तथा **भैरव**को दर्शन गर्नू, अनि त्यही बाटो फर्केर **मातातीर्थ** जानू भनी *नेपालमाहात्म्य* (२९।३६-४३)मा लेखिएको छ। ६४ लिङ्गमध्ये एक **तिलेश्वर मनःश्रीतीर्थ**मा भएको *हिमवत्खण्ड* (१०० अध्याय)बाट बुझिन्छ। **श्रीतीलेश्वर महादेव तिलवतीर्थ मनसिलीस स्नानदिन** (३९५पृष्ठ, २ कलम) भनी ने.सं. ८८३ (वि.सं. १८२०) भाद्रकृष्णषष्ठीको दिन लेखिसिद्धिएको *चतुःषष्टिस्वयम्भूशिवलिङ्गस्नानयात्राक्रम*मा लेखिएकोले **तिलेश्वर**मा **मनसिलीतीर्थ** भएको देखिन्छ। आफ्नो नेपालसम्बन्धी पुस्तकको पहिलो ठेलीमा सिल्विं लेवि (१९६१/६२)ले नेपालखाल्डोका तीर्थसम्बन्धी एउटा पटको चित्र दिएका छन्। **जोरसँग नेवारी मिसिएको वा नेवारीले हल्का रङ्गिएको संस्कृत (आँ सँस्क्री फोर्त्मँ मेले उ ताँते द नेवारी)**(उही १९६४/६५: १५८) र **पाखे संस्कृत (सँस्क्री बार्बार्)**(उही: १६१) भनी उनले नाउँ राखेको भाषामा लेख भएको, त्यस पटमा **अनालिङ्ग** अर्थात् **अनन्तलिङ्ग** र **गोदावरी**को बीचमा **मणिशिला** आएको छ (उही: १७५)। **तिलेश्वर**नजीकै रहेको **मनःश्रीतीर्थ**बाट उपल्लो **लेले** जाने, मनोवती नदीसँगै **मनःश्रीतीर्थ** छ, यसको नजीकै पश्चिममा **चम्पकेश्वर** छन्, यहाँबाट **लेले**को मध्य गाउँ जाने भनी *पातञ्जलतीर्थावली* (७।६१, ६६-६७)मा लेखिएको छ। **मनोमती, प्रभावती** र **सरस्वती**को सङ्गममा **मनःश्रीतीर्थ** छ, यस ठाउँलाई भाषामा **लेले** भन्छन् भनी *चौसष्टिलिङ्गयात्रा* (६५ पृष्ठमा २ कलम)मा लेखिएको छ। यी सबै कुराबाट **मनसिर**को अवस्थिति बढी स्पष्ट भएको छ। कोही यो तीर्थ गोरखानजीक छ भनी भन्छन् भनी टी. डबूल्यू. क्लार्क (२०१४: १६९ मा ६ सङ्ख्याको टिप्पणी)ले लेखेका छन्, तर यो कति पनि मिल्दैन भनिरहनु नपर्ला।

यी सबै कुराबाट **मनशिरको शिव** भनी **तिलेश्वर**लाई भनेको देखिन्छ।

१०.७.५. **हनुतीर्थ**(१७ सङ्ख्या)को विषयमा भन्नुपर्दा **पैतामहतीर्थ**मा भएको **गोकर्णेश्वर**को माहात्म्य (१४४ अध्याय) दिएपछि *हिमवत्खण्ड*मा **हनुतीर्थ**को माहात्म्य दिइएको छ (१४५ अध्याय)। यही *तीर्थजात्रा* (२७ पृष्ठ)मा गोकर्णको **पितामहतीर्थ**मा नुहाउने दिन तोकिसकेपछि **हनुतीर्थ**मा नुहाउने दिन तोकिएको छ। गोकर्णको **पितामहतीर्थ**, त्यसपछि त्यहीँकै **भृगुपाततीर्थ**, अनि **हनुतीर्थ**मा नुहाउने कुरा *पातञ्जलतीर्थावली* (१०।४३-४९)मा लेखिएको छ।

१०.७.६. अब **वाग्मतीच्छेद**मा **महावासुकिचक्रतीर्थ** (२८ सङ्ख्या)को विषयमा केही लेख्नुपरेको छ। **सूर्यविम्बतीर्थ**बाट गोकर्णको पहाडको बीचबाट आएकी गङ्गाजी अर्थात् वाग्वतीदेखि अलि उत्तरमाथि पहाडबाट झर्ने छहरोनेर रहेको **वासुकितीर्थ**मा जानू, त्यसपछि **वासुकितीर्थ**निर रहेको **चक्रतीर्थ** (लामो गरेर भन्दा **सुदर्शनचक्रतीर्थ**)मा जानू, **वासुकितीर्थ** र **चक्रतीर्थ** उपतीर्थ हुन्, **चक्रतीर्थ**बाट **गोकर्णतीर्थ**मा जानू भनी *वाग्मतीतीर्थयात्राविधान* (१९ पृष्ठमा ११६-११८ सङ्ख्या)मा लेखिएको छ। यताबाट **गोकर्णतीर्थ**नजीकै रहेका २ उपतीर्थ **वासुकि** र **चक्र**लाई यस *तीर्थजात्रा*मा एउटै बनाई राखिएको देखिन्छ।

१०.७.७. यस *तीर्थजात्रा*मा **मणिमती** (३७ सङ्ख्या) अर्थात् **मनोहरा**पछि **रुद्रशिरः** (३८ सङ्ख्या) आउँछ। **मणिगङ्गा** अर्थात् **मनोहरा**लाई **रुद्रशीर्षोद्भवा** अर्थात् **रुद्रको शिरबाट उत्पन्न** भनी *हिमवत्खण्ड* (१४६।१०)मा लेखिएकोले **रुद्रशिरस्तीर्थ मनोहरा**कै आसपास हुनुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१०.७.८. यस *तीर्थजात्रा*मा **रुद्रधारा** (४३ सङ्ख्या)पछि आएको **पातालगङ्गा** (४४ सङ्ख्या) अलग्गै तीर्थ देखिए पनि *हिमवत्खण्ड*मा चाहिँ **रुद्रधारा** र **पातालगङ्गा**लाई एउटै मानेको र **रुद्रगङ्गा, रुद्रधारा** वा **पातालगङ्गा** एउटै नदीका नामभेद देखाइएको छ (१४६।११-१२) । **मणिमती, रुद्रधारा** वा **पातालगङ्गा, वाग्वती** यति ३ गङ्गाको सङ्गम भएको **शङ्खमूलतीर्थ**को माहात्म्य गाइसकेपछि त्यहाँ **रुद्रधारा**को किनारामा रहेको **कोटीश्वर**को माहात्म्य आउँछ (१४६ अध्याय) । **वाग्वती** र **मणिमती**को दोभाननजीकै **रुद्रधाराजल** नाउँ भएको तीर्थ छ भनी *पशुपतिपुराण* (२।१७-१८)मा लेखिएको छ । **वाग्वती** र **मणिमती**को दोभाननजीकै **रुद्रधारा**को उत्पत्ति भएको कुरा त्यहीँ (२३।४-५) लेखिएको छ । **रुद्रधाराजल** नाउँ भएको तीर्थको कुरा गरिसकेपछि **पातालगङ्गा**को जल **रुद्र**को पाउबाट निस्केको भनी *पशुपतिपुराण* (३।३०)मा लेखिएकोले हाम्रो *तीर्थजात्रा*मा जस्तै यहाँ पनि **रुद्रधारा** र **पातालगङ्गा**लाई अलग अलग मानेको हो कि जस्तो देखिन्छ ।

१०.७.९. यस *तीर्थजात्रा*मा यसपछि **रुद्रपादतीर्थ** (४५ सङ्ख्या) आउँछ । *हिमवत्खण्ड* (१४६।८५)मा **मणिमती**लाई **रुद्रपादोद्भवे गङ्गे** अर्थात् **रुद्रको पाउबाट उत्पन्न हे गङ्गा** भनी सम्बोधन गरिएकाले **मनोहरा** नदीकै वरपर **रुद्रपादतीर्थ** हुनुपर्छ । **पातालगङ्गा**को जल **रुद्र**को पाउबाट निस्केको भनी *पशुपतिपुराण* (३।३०)मा लेखिएको कुरा पनि यस प्रसङ्गमा सम्झनुपर्छ ।

१०.८. प्रताप मल्ल परलोक भएपछिको सवा सय वर्ष जतिपछि गोरखाली विजययात्राको सिलसिलामा सिमानामा पर्न गएको **कुलुदेश**का १६ तीर्थ (१२ पृष्ठ), दण्डोपनत **बाइठकुराइदेश**का ८ तीर्थ (१२-१३ पृष्ठ), जितिएका **केदारदेश**का १९ तीर्थ (१३ पृष्ठ) र **बदरिकाश्रमदेश**का १२ तीर्थका नाउँ आउँछन् (१३-१४ पृष्ठ) ।

१०.९. यसपछि **पूर्वदेश**का ५६ वटा तीर्थका नाउँ यसरी आउँछन् (१४-१५ पृष्ठ)–

१) **मानसरोवर** २) **लङ्कादह** ३) **देवघाट** ४) **रामघाट** ५) **छायाक्षेत्र** ६) **मूर्तित्र** ७) **रिडीक्षेत्र** ८) **देवघाटमा चक्रतीर्थ** ९) **हरिक्षेत्र** १०) **प्रभासक्षेत्र** ११) **गण्डकीगङ्गा** १२) **शिरःस्थान** अर्थात् यस *तीर्थजात्रा*को भाषामा **शिरोवैश्वानर** १३) **नाभिस्थान** अर्थात् यस *तीर्थजात्रा*को भाषामा **नाभिवैश्वानर** १४) **पादुकास्थान** अर्थात् यस *तीर्थजात्रा*को भाषामा **पादुकावैश्वानर** १५) **बैजनाथ** १६) **प्रभानाथ** १७) **देवनाथ** १८) **मन्दारपर्वत** १९) **मधुसूदन** २०) **तपोवन** २१) **सङ्गम** २२) **बूढीगङ्गा** २३) **राजगिरिशिखर** २४) **बुद्धगया** २५) **गयागदाधर** २६) **फल्गुतीर्थ** २७) **रामगयापितृउद्धार** २८) **विष्णुपादुका** २९) **काशी विश्वनाथ** अर्थात् यस *तीर्थजात्रा*को भाषामा **वाराणसी विश्वेश्वर** ३०) **मणिकर्णिका** ३१) **कालभैरव** ३२) **कृतविश्वेश्वर** ३३) **मुक्तिमण्डप** ३४) **बिन्दुमाधव** ३५) **ढुण्डिराज** ३६) **दण्डपाणि** ३७) **अन्नपूर्णा** ३८) **सरस्वती** ३९) **कासेश्वर** ४०) **सूर्यकुण्ड** ४१) **त्रिवेणीसङ्गम** ४२) **संगमाधव** ४३) **अक्षयवट** ४४) **गुह्येश्वर** ४५) **महादेव** ४६) **यमुना** ४७) **गङ्गा** ४८) **सरस्वती** ४९) **चित्रकूटका रामचन्द्र** ५०) **गुप्तप्रयाग** ५१) **गुप्तगोदावरी** ५२) **कालञ्जरका नीलकण्ठ** ५३) **स्वर्गद्वार** ५४) **महाभैरव** ५५) **वटुकभैरव** ५६) **विन्ध्यवासिनी** ।

काठमाडौँबाट उत्तर, पश्चिम, दक्षिण र पूर्वका यी तीर्थलाई **पूर्वदेश**मा राखेको देख्दा व्याकरणको **प्राग्देश**को जस्तै यहाँको **पूर्वदेश**को पनि अर्कै परिभाषा भएको देखिन्छ ।

१०.१०. पूर्वमा **कामरूपदेश** (२ पृष्ठ)देखि पश्चिममा **काश्मीरदेश** (११ पृष्ठ), उत्तरमा **मानसरोवर** र **लङ्कादह** (१४ पृष्ठ) तथा दक्षिणमा **कन्याकुमारी** (६ पृष्ठ)सम्मका तीर्थ यहाँ ओगटिएका छन् । **चोलमण्डल** (मूलमा-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चोलमंताद्रलपदिया)देशका तीर्थ (६ पृष्ठ) दिएपछि **देवमल्यालदेश**का २६ वटा तीर्थ(६-७ पृष्ठ)मध्ये चौधौँ तीर्थको रूपमा **कन्याकुमारी** यहाँ आएको छ। त्यहीँ पाँचौँ तीर्थको रूपमा **रामेश्वर**, दशौँ तीर्थको रूपमा **सेतुबन्ध** (मूलमा-**स्वेतबंधधनुष**), पन्ध्रौँ तीर्थको रूपमा **समुद्र** आएका छन्।

११. नेपालदेशका तीर्थका नाउँ दिइसकेपछि ***हिमवत्खण्डपुराण*बाट झिकेर राखेको** (**हिमवत्खण्ड पुराणस ॣ पिकायाव तया**) भनी **गणसिद्धिलिङ्ग**का नाउँ, त्यहाँका तीर्थको नाउँ, ती तीर्थमा कहिले स्नान गर्नुपर्छ र धेरैजसो तीर्थको हकमा ती तीर्थ कहाँ छन् भन्ने लेखिएको छ (२०-२८ पृष्ठ)।

*हिमवत्खण्ड*मा नाउँ भएका ६४ लिङ्ग नै यहाँ परेका छन्। कहीँ कहीँ क्रम तलमाथि भएको छ, नाउँमा कहीँ कहीँ रूपभेद छ। ६४ वटा यिनै नाउँ कहीँ कहीँ तलमाथि परेर यही *तीर्थजात्रा*मा अन्त (३८-४० पृष्ठ) आएको छ। यसपटकचाहिँ लिङ्गका नाउँ र धेरैजसो लिङ्गको हकमा ती लिङ्ग कहाँ छन् भनेर मात्र लेखिएको छ, माथि जस्तो तीर्थको नाउँ दिइएको छैन। *हिमवत्खण्ड* —कमसेकम प्रकाशित पाठ—मै १ ठाउँ (७० अध्याय)मा र अर्को ठाउँ (८९-१५७ अध्याय)मा कहीँ कहीँ नामभेद र क्रममा पनि तलमाथि परेको छ। *हिमवत्खण्ड*को माथिल्लो खण्ड र तल्लो खण्ड तथा यस *तीर्थजात्रा*का दुवै खण्डमा आएका नाम र क्रम सारणीको रूपमा तल १ परिशिष्टमा राखिएको छ। कुन तीर्थमा कुन लिङ्ग छ भनी *हिमवत्खण्ड*मा र यस *तीर्थजात्रा*को अघिल्लो खण्डमा कुन तीर्थमा कुन लिङ्ग छ, त्यो तीर्थ कहाँ छ तथा पछिल्लो खण्डमा कुन तीर्थमा कुन लिङ्ग छ भनी बताइएको कुराको पनि सारणी बनाई तल २ परिशिष्टमा राखिएको छ।

१२. यस तीर्थजात्रामा आएका (२९-३१ पृष्ठ) **वाग्मतीसङ्गमतीर्थ**का नाउँ *हिमवत्खण्ड* (१६०-१६१ अध्याय)सँग दाँजी तल ३ परिशिष्टमा राखिएका छन्।

१३. यहाँ **पशुपतिपुरी**का **स्थावरलिङ्ग**को नाउँ दिइएको छ (३१-३२ पृष्ठ)। *हिमवत्खण्ड* (७२ अध्याय)मा **पशुपतिपुरी**को माहात्म्य र **स्थावरलिङ्ग** भनी **पशुपति**को माहात्म्य गाइएको छ (७७ अध्याय)। *हिमवत्खण्ड*मै अन्त अन्त पनि **पाशुपती पुरी**को कुरा आउँछ (७७।१६, २१; १६२। ४, ५६-५७)। यस *तीर्थजात्रा*मा आएका, **पशुपतिपुरी**का लिङ्गका नाउँ तल ४ परिशिष्टमा राखिएका छन्।

१४. यसपछि अनुष्टुभ्‌का साढे सात पद्यले उपसंहार गरिएको छ र **तीर्थनामस्तुति** सिद्धियो भनी लेखिएको छ (३२-३३ पृष्ठ)।

१५. यसपछि प्रताप मल्लले रानीपोखरीमा महास्नान गर्नको लागि तयार गरिएको सङ्कल्पवाक्य छ (३३-३६ पृष्ठ)। थरीथरीका पर्वमा स्नान गर्नको लागि तयार गरिएको त्यो सङ्कल्पवाक्य निकै विस्तृत छ। जुन पर्वको अवसरमा स्नान गर्ने हो, त्यहीअनुसार वाक्य र तिथिमिति मिलाउनुपर्ने भएकोले त्यहाँ तिथिमिति भरिएको छैन।

१५.१. मेरो यस जन्ममा र जन्मान्तरमा मन बोली शरीर र कर्मद्वारा जन्मदेखि गरिएका र नगरिएका, जागा अवस्थामा सुतेको वेलामा र सुषुप्ति अवस्थामा हुन गएका नाना थरीका पापकर्मको प्रायश्चित्तको लागि रानीपोखरीमा नुहाउन तयार गरिएको यस सङ्कल्पवाक्यमा **महापातक**, **अनुपातक** र **उपपातक**मा वर्गीकृत पाप र अरू प्रकारका पापकर्मको लामो फेहरिस्त यहाँ छ। यहाँ दरिएकामध्ये निकैलाई **पाप** भनेको देख्दा काशीको ब्राह्मणमहासम्मेलनको शब्दमा भन्दा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

युरोपियन कुशिक्षाले कवलित,[४८] अहिलेका मान्छेहरूलाई अचम्म लाग्छ । पापसम्बन्धी यी जम्मै शब्दको अर्थ कहीँ मेरो अल्पज्ञानले र कहीँ पाठ नै भ्रष्ट भएकोले मलाई नलागे पनि अर्थ लागेको जतिको अर्थ खुलाएर, एउटै शब्दको अर्थ गर्दा धेरै लेख्नुपरेको खण्डमा टिप्पणीमा खुलाएर र अर्थ नलागेको जतिमा त्यही शब्द मात्र सारेर तल दिएको छु–

१) **ब्राह्मणहनन** (ब्रह्महत्या) २) **सुरापान** (रक्सी पिउनु) ३) **सुवर्णस्तेय** (सुन चोर्नु) ४) **गुरुतल्पगम** (मान्नुपर्ने स्त्रीलाई सम्भोग गर्नु)[४९] ५) **गोवध** (गोहत्या)[५०] ६) **इन्धनार्थद्रुमच्छेदन** (दाउराको लागि रूख काट्नु)[५१] ७) **स्त्रीवध** (स्त्रीहत्या)[५२] ८) **जीवहिंसन** (जीव मार्नु) ९) **भृतकाध्यापन** (पैसा लिएर पढाउनु)[५३] १०) **संकरीकरण**[५४] ११) **मलिनीकरण**[५५] १२) **जातिभ्रंश**[५६] १३) **अपात्रीकरण**[५७] १४) **विहिताकरण** (गरिआएको नगर्नु) १५) **अविहिताकरण**

---

४८. ब्राह्मणमहासम्मेलन १९८७ । महेशराज पन्त २०६५: ३ पनि हेर्नू ।

४९. १-४ सङ्ख्याका पाप **महापातक** (*मनुस्मृति* ११।५५) ।

५०. **अनुपातक** (उही ११।६०)

५१. मूलमा **इन्धनार्थदमच्छेदन** छ । उही (११।६५)मा **उपपातक**को फेहरिस्तमा **इन्धनार्थमशुष्काणां द्रुमाणामवपातनम्** भएकोले **द्रुम**को ठाउँमा गल्तीले **दम** लेखेको देखिन्छ ।

५२. **उपपातक** (उही ११।६७) ।

५३. **उपपातक** (उही ११।६३) ।

५४. **खराश्वोष्ट्रमृगेभानामजाविकवधस्तथा ।**
संकरीकरणं ज्ञेयं मीनाहिमहिषस्य च ॥

(उही ११।६९)

(गधा, घोडा, ऊँट, मृग, हात्ती, बोका, भेँडा, माछा, सर्प वा राँगो मार्नुलाई **संकरीकरण** भनी जान्नू ।)

५५. **कृमिकीटवयोहत्या मद्यानुगतभोजनम् ।**
फलैधःकुसुमस्तेयमधैर्यं च मलावहम् ॥

(उही ११।७१)

(सानाठूला कीरा चरा मार्नु, रक्सीसँगै खाना खानु, फल दाउरा फूल चोर्नु वा धैर्य नगर्नुले मल ल्याउँछ (धैर्य नगर्नु **मलिनीकरण** हो) ।)

५६. **ब्राह्मणस्य रुजःकृत्यं घ्रातिरघ्रेयमद्ययोः ।**
जैह्म्यं पुंसि च मैथुन्यं जातिभ्रंशकरं स्मृतम् ॥

(उही ११।६८)

(ब्राह्मणलाई रोगी बनाइदिनु, सुँघ्न नहुने कुरा र रक्सी सुँघ्नु, बाङ्गो काम गर्नु र लोग्नेमान्छेले लोग्नेमान्छेसँग सम्भोग गर्नु **जातिभ्रंश** गर्ने (जात जाने) हुन्छ भनी कहिएको छ ।)

५७. **निन्दितेभ्यो धनादानं वाणिज्यं शूद्रसेवनम् ।**
अपात्रीकरणं ज्ञेयमसत्यस्य च भाषणम् ॥

(उही ११।७०)

(निन्दित मान्छेहरूबाट पैसा लिनु, बेपार गर्नु, शूद्रको चाकरी गर्नु र भूटो बोल्नुलाई **अपात्रीकरण** भनी जान्नू ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(नगरिआएको गर्नु) १६) **विधवास्त्रीदासीवेश्यागमन** (विधवा दासी र वेश्यासँग सम्भोग गर्नु) १७) **अगम्यागमन** (सम्भोग गर्न नहुनेलाई सम्भोग गर्नु) १८) **अभक्षाभक्षण** (खान नहुने कुरा खानु) १९) **अपेयापेय** (पिउन नहुने कुरा पिउनु) २०) **अचोष्याचोष्य** (चुस्न नहुने कुरा चुस्नु) २१) **अस्पर्शास्पर्शन** (छुन नहुने कुरा छुनु) २२) **यमरमोद (?)घातन** (... मार्नु) २३) **देवब्राह्मणवृत्तिच्छेदन** (देवता र ब्राह्मणको बिर्ता हर्नु) २४) **आत्मस्तुति** (आफ्नो तारीफ गर्नु) २५) **अवृतहिंसालब्ध(?)चौरपाखण्डपतितसंभाषण** (... चोर पाखण्ड र पतितसँग कुरा गर्नु) २६) **शूद्रम्लेच्छसंसर्ग** (शूद्र र म्लेच्छसँग संसर्ग गर्नु) २७) **नारीलम्पट** (स्वास्नीमान्छेमा लम्पट हुनु) २८) **देवब्राह्मणनिन्दा** (देवता र ब्राह्मणको निन्दा गर्नु) २९) **स्मृतिनिन्दा** (धर्मशास्त्रको निन्दा गर्नु) ३०) **वेदवाक्यनिन्दा** (वेदको निन्दा गर्नु)[५८] ३१) **चाण्डालसेवा** (चाण्डालको चाकरी गर्नु) ३२) **अस्थिस्पर्शन** (हाड छुनु) ३३) **क्षुद्रकर्म** (नीचकर्म गर्नु) ३४) **कुग्रामवास** (खराब ठाउँमा बसोबास गर्नु) ३५) **वाह्निष्टुर(?)दुर्ग्रहदुप्रतिग्रह** (... ग्रह बिग्रेको दान लिनु ?) ३६) **असाक्षिभोजनोपासन** ३७) **द्यूतादिना खेलन** (जूवा खेल्नु) ३८) **नीचजातिसेवन** (तल्लो जातिका मान्छेको सेवा गर्नु) ३९) **परस्त्रीनिरीक्षण** (अर्काकी स्वास्नीलाई हेर्नु) ४०) **स्वप्ने इन्द्रियस्खलन** (स्पप्नदोष हुनु) ४१) **आत्मनानामृक्षच्छदन** (?) ४२) **शौचभ्रष्ट** (शौच नगर्नु) ४३) **संध्याहीन** (सन्ध्या नगर्नु) ४४) **जपहास्य** (जप गर्दाखेरि हाँस्नु) ४५) **होमहास्य** (होम गर्दाखेरि हाँस्नु) ४६) **तृणचौर्य** (घाँस चोर्नु) ४७) **अकालदेवतादर्शन** (कुवेलामा देवताको दर्शन गर्नु) ४८) **पङ्क्तिभेद**, ४९) **नदीदेवतायतनसमीपे मलमूत्रादिपुरीषोत्सर्ग** (नदी र देवस्थलनजीकै दिशापिशाब आदि गर्नु) ५०) **अकालपथ्यादिताम्बूलचर्वण** (कुवेलामा पथ्यहरू खानु र पान चपाउनु) ५१) **मातापित्रादिज्येष्ठानां तिरस्कारकमृण्मयपात्रभोजन** (आमाबाबु आदि मान्नुपर्नेहरूलाई हेपी माटोको भाँडामा खान दिनु) ५२) **शिशुकैः सह भार्यया सह भोजन** बालबच्चा र स्वास्नीसँग सँगै खानु) ५३) **अन्यैरुच्छिष्टस्पर्शन** (अरूको जूठो छुनु) ५४) **गुरुश्रुतिस्मृतिनिन्दा** (गुरुको वेदको र धर्मशास्त्रको निन्दा गर्नु) ५५) **कन्याहयरसमहिषीगोविक्रयादि** (छोरी घोडा रस गाईभैँसी बेच्नु आदि)।

१६. यसपछि ६४ लिङ्गका नाउँ र ठेगाना यहाँ लेखिएको छ (३८-४० पृष्ठ)। यो लेखिएको पहिलो पृष्ठ चीसोले खाई निकै अक्षर नष्ट भएकाले निकै लिङ्गका नामनमेसी अपूरा रहन गएका छन्। यहाँ आएका ६४ लिङ्गका नाउँ *हिमवत्खण्ड*सँग दाँजी तल १ परिशिष्टमा राखिएका छन्।

१७. सप्तकोशीका भेद, सप्तगण्डकीका भेद, ६४ सिद्धिलिङ्ग, वाग्मतीसङ्गमतीर्थ, नाना देश, नाना तीर्थ, नाना देवता *हिमवत्खण्ड*मा आफैं हेरेर झिकी राजा प्रताप मल्लले लेखेर राखेको (कवीन्द्रजयप्रतापमल्लपरमभट्टारकदेवेन सप्तकौशिकीभेद ◟ सप्तगण्डकीभेद ◟ चतुषष्ठिसिद्धिलिङ्गवाग्मतीसंगमतीर्थ नाना देस ◟ नाना तीर्थ ◟ नाना देव हिमवत्खण्डस थम सोयाव पिकायाव चोस्यं तया) भनी त्यहाँ लेखिएको छ (४० पृष्ठ)।

---

५८. **अनुपातक** (उही ११।५७)।

मूलमा **स्मृतिनिन्दावेदवाक्य** छ। **स्मृतिवेदवाक्यनिन्दा** हुनुपर्नेमा **स्मृतिनिन्दावेदवाक्य** भएको हो भन्ने ठानी त्यो मैले निन्दाको सम्बन्ध स्मृतिसँग मात्र नगरी **वेदवाक्य**सँग पनि गरेको हुँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८. रानीपोखरी बनाउँदा प्रताप मल्लले राखेको, नेपाली भाषाको शिलापत्रमा कुन कुन ठाउँको जल त्यस पोखरीमा राखिएको छ भनी जे लेखिएको छ त्यसको नेवारी रूप यस *तीर्थजात्रा*मा छ (४०-४३ पृष्ठ) । २ भाषाका ती २ लेख हेर्दा नेवारीकै उल्था नेपाली रूप भएको देखिन्छ । यस *तीर्थजात्रा*अनुसार रानीपोखरीको प्रतिष्ठा ने.सं. ७८९ (वि.सं. १७२५) माघशुक्लत्रयोदशीको दिन भएको हो ।[५९] त्यही मितिसँगसँगै यस *तीर्थजात्रा*मा रानीपोखरीमा कुन कुन तीर्थका जल परेका छन् भन्ने कुरा लेखिएकोले नेपाली रूप प्रतिष्ठित हुनुभन्दा २० महीनाअगाडि नै नेवारी रूप तयार भएको देखिन्छ । २ भाषाको प्रस्तुति कतिसम्म मिल्छ भने नेवारी पाठमा **थम शास्त्रस सोयाओ ˎ असंख्यात फल खङाओ ˎ पिकायाओ ˎ गङ्गासमुद्र आदिन ˎ नानातीर्थया जल कायकल छोयाओ** भएकोमा नेपालीमा **आफुले शास्त्र हेरिकन ˎ असंख्यात पुण्य देखिकन ˎ निकासिकन ˎ गङ्गा आदि ˎ नाना तीर्थको जल लेइकन** मात्र नभई नेवारीमा भएको **असंख्यात** शब्द नै नेपालीमा आउनु चाखलाग्दो छ । नेपाली पाठ नेवारीकै शब्दानुवाद भएको कुरा ती २ पाठ दाँजेर हेर्दा छर्लङ्ग हुन्छ । दाँज्न सजिलो होओस् भनी बायाँपट्टि नेवारी र दायाँपट्टि नेपाली रूप तल दिइन्छ–

१ ॐ नमः श्री ३ कालिकायै ।।
सम्वत् ७८९ माघशुक्लत्रयोदशी कुह्नु पुषुलि प्रतिस्था ।।
शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग महाराजाधिराज नेपालेश्वर विदग्धचूडामणि सकलराजचक्राधीश्वर श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्ल परमभट्टारकदेवन ˎ

थम शास्त्रस सोयाओ ˎ असंख्यात फल खङाओ ˎ पिकायाओ ˎ गङ्गासमुद्र आदिन ˎ नानातीर्थया जल कायकल छोयाओ महाराजाधिराज नेपालेश्वर ˎ राजराजेन्द्र श्रीश्रीजयचक्रवर्त्तेन्द्र मल्ल देवस नामन दयकागु ल ˎ ध्व पुषुलिस तया ।। श्रीवारानसिया गङ्गाजल ।। श्रीवैद्यनाथया गङ्गाजल ।। श्रीवागमतीया जल कु १०६४१ ।। श्रीशंखमोरया जल ।। श्रीपनतिहोया जल ।। श्रीगण्डकीया जल ।। श्रीकौसिकीया जल ।। श्रीसुन्दरीनदीया जल ह्यातकाओ छुस्यं बिज्यात ।। श्रीनीरकण्ठया जल कु ६३ ।।

१ ॐ नमः श्रीश्रीश्रीकालिकायै ।।[६०]

शस्त्रशास्त्रसंगीतादिसिकलविद्यापारगमहाराजाधिराज-नेपालश्वरविदग्धचूडामणिसकलराजचत्राधीश्वर-श्रीश्रीराजराजेन्द्रकवीन्द्रजयप्रतापमल्लदेवेन ˎ श्रीश्रीश्रीपरमेश्वरपरमेश्वरी ब्रह्मभूमिनियम कृतं ।। अतः परं भाषा ।। श्रीश्रीजयप्रतापमल्लदेवेन ˎ आफुले शास्त्र हेरिकन ˎ असंख्यात पुण्य देखिकन ˎ निकासिकन ˎ गङ्गा आदि ˎ नाना तीर्थको जल लेइकन महाराजाधीराज नेपालेश्वर ˎ राजराजेन्द्र श्रीश्रीजयचक्रवर्त्तेन्द्रमल्लदेवको नामले बनायाको पोषरिमाहा राख्याको छ । श्रीवारानसिको गंगाजल ।। श्रीवैद्यनाथको गङ्गाजल ।। श्रीवाग्मतिको जल भारि १०६४१ ।। श्रीशंखमूलको जल ।। श्रीपनतितीर्थको संगमको जल ।। श्रीगण्डकीको जल ।। श्रीकौशिकीको जल ।। श्रीसुन्दरीनदीको जल बहाइकन पोषरि भऱ्या ।। श्रीनीलकंठको जल भारि ६३ ।।

---

५९. माथि १९ सङ्ख्याको टिप्पणी हेर्नू ।

६०. राष्ट्रिय नाचघरबाहिर, शूरशमशेरको क्याम्पभित्र र वीरअस्पतालको क्याम्पभित्र गरी प्रताप मल्लको यस शिलापत्रका ३ प्रति पाइएका छन् । यी तीनै थरीको बेहोरा एकनासको भए पनि वर्णविन्यासमा कहीँ कहीँ फरक छ । धनवज्र वज्राचार्य २०१९: ८२-८४ मा पहिलो प्रतिमा कुँदिएको पाठलाई मूल मानी दोस्रो र तेस्रोमा फरक देखिएका पाठ जति टिप्पणीमा दिइएका छन् । यहाँ भने ती ३ थरी पाठमध्ये जुन शुद्ध छ, त्यसलाई मानिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीविष्णुमतीया जल ।। श्रीविश्वनाभन ह्यातकाओ थम संकल्प याङ बिज्याङाओ छुस्यं बिज्यात ।। श्रीतेचायया जल ।। श्रीवागेश्वरया जल ।। श्रीमनमतीया जल ।। श्रीशंखदहया जल ।। श्रीकायलया जल ।। श्रीवाग्मतीनाभया जल ।। श्रीसपनतीर्थया जल ।। श्रीकोमतीया जल ।। श्रीङाह्युतुया जल ।। श्रीह्युतिया जल ।। श्रीत्याङाया जल ।। श्रीमंशिरया जल ।। श्रीथयपिया जल ।। सप्तकौसिकिया जल ।। श्रीतवदहया जल ।। श्रीक्वदुवालया जल ।। श्रीमातातीर्थया जल ।। श्रीइन्द्रदहया जल ।। श्रीगोकर्ण्णया जल ।। श्रीज्ञानवापिया जल ।। श्रीपशुकुण्डया जल ।। श्रीसिताकुण्डया जल ।। श्रीतेषुहोया जल ।। श्रीहनुमन्तघातया जल ।। श्रीगोलोहितिदहया जल ।। श्रीज्वालामुखीया जल ।। श्रीमुक्तिक्षेत्रया जल ।। श्रीकालिगण्डकीया जल ।। श्रीस्वेतगण्डकीया जल ।। श्रीसरजुगङ्गाया जल ।। श्रीमालिकाया जल ।। श्रीपातालगङ्गाया जल ।। श्रीपिरग ˎ गङ्गा ˎ जमुना ˎ सरस्वती ˎ त्रिवेनिया जल ।। श्रीकमरेश्वरीया जल ।। श्रीसप्तगण्डकीया जल ।। श्रीवाराहक्षेत्रया जल ।। श्रीगङ्गासागरया जल ।। श्रीसमुद्रया जल ।। श्रीअनन्तलिङ्गया जल ।। श्रीशिपादोलया जल ।। थ्वते तीर्थया जल ˎ छगुलि ˎ छगुलि ˎ तीर्थया अनेग ˎ अनेग फल ˎ थ्वलि तीर्थ सकलेङ ˎ श्रीश्रीदातेह्म जुजुया पुषुलिस दु ।। ।।

श्रीविश्नुमतीको जल ।। श्रीविश्वनाभको जल बहाइकन ˎ आफुले संकल्प गरिकन ˎ पानी राख्यो ।। श्रीतेचायको जल ।। श्रीवागेश्वरको जल ।। श्रीमनमतिको जल ।। श्रीशंखदहको जल ।। श्रीकागेश्वरको जल ।। श्रीवाग्मतीनाभको जल ।। श्रीसपनतीर्थको जल ।। श्रीकोमतीको जल ।। श्रीङाह्युटुको जल ।। श्रीबालानीलकंठको जल ।। श्रीत्याङाको जल ।। श्रीमशिल्को जल ।। श्रीथयपिको जल ।। श्रीसप्तकौशिकीको जल ।। श्रीतवदहको जल ।। श्रीक्वटुवालको जल ।। श्रीमातातीर्थको जल ।। श्रीइन्द्रदहको जल ।। श्रीगोकर्णको जल ।। श्रीज्ञानवापीको जल ।। श्रीपशुकुण्डको जल ।। श्रीसीताकुण्डको जल ।। श्रीटेखुदोभानको जल ।। श्रीहनुमन्तघाटको जल ।। श्रीगोलोहिटिदहको जल ।। श्रीज्वालामुखीको जल ।। श्रीमुक्तिक्षेत्रको जल ।। श्रीकालिगण्डकिको जल ।। श्रीश्वेतगण्डकीको जल ।। श्रीसरजुगंगाको जल ।। श्रीमालिकाको जल ।। श्रीपातालगंगाको जल ।। श्रीप्याग ˎ गङ्गा ˎ जमुना ˎ सरस्वती ˎ त्रिवेनीको जल ।। श्रीकमलेश्वरीको जल ।। श्रीसप्तगण्डकिको जल ।। श्रीवाराहक्षेत्रको जल ।। श्रीगंगासागरको जल ।। श्रीसमुद्रको जल ।। श्रीअनन्तलिंगको जल ।। श्रीशिपाडोलको जल ।। एति तीर्थको जल ˎ एक ˎ एक ˎ तिर्थको अनेक ˎ अनेक फल ˎ एति तीर्थ सबै ˎ यो पोषरिमाहा छ ˎ

१९. रानीपोखरीको विषयमा प्रताप मल्लकै पालामा उही कुरा नेवारी र नेपालीमा लेखिएका यी २ अंश हेर्दा नेवारी अंशमा राजोचित आदरार्थी क्रियाको प्रयोग भएको[६१] र नेपालीमा चाहिँ त्यो नभएको[६२] उल्लेखनीय छ ।

---

६१. [...] जयप्रताप मल्ल परमभट्टारकदेवन ˎ [...] श्रीकौसिकीया जल ।। श्रीसुन्दरीनदीया जल ह्यातकाओ छुस्यं बिज्यात ।। श्रीनीरकण्ठया जल कु ६३ ।। श्रीविष्णुमतीया जल ।। श्रीविश्वनाभन ह्यातकाओ थम संकल्प याङ बिज्याङाओ छुस्यं बिज्यात ।।

६२. [...] जयप्रतापमल्लदेवेन ˎ [...] श्रीकौशिकीको जल ।। श्रीसुन्दरीनदीको जल बहाइकन पोषरि भऱ्या ।। श्रीनीलकंठको जल भारि ६३ ।। श्रीविश्वनाभको जल बहाइकन ˎ आफुले संकल्प गरिकन ˎ पानी राख्यो ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२०. यस *तीर्थजात्रा*मा यत्रतत्र व्याकरणसम्बन्धी प्रशस्त गल्ती छ । यो लेख्नेले प्रशस्त ठाउँमा **ट**वर्ग र **त**वर्गको, **र** र **ल**को, **श** र **स**को, **ख** र **ष**को तथा **ह्रस्वदीर्घ** आदिको खयाल राख्न सकेका छैनन्, प्रशस्त ठाउँमा शब्दको रूपसम्म पनि चलाउन सकेका छैनन् र चलाएको रूप पनि धेरै ठाउँमा बिगार्दा एउटा विभक्ति हुनुपर्नेमा अर्कै विभक्ति हुन गएको छ । यस *तीर्थजात्रा*मा लेखिएका श्लोक पनि निकै भ्रष्ट छन् । तुलनात्मक रूपमा हेर्दा अरूभन्दा शुद्ध सङ्कल्पवाक्य भएको खण्ड नै छ । यसो भए पनि यसमा पनि निकै गल्ती नभएका भने होइनन् । *तीर्थजात्रा*को रचना एउटै मानिसले गरेको नभई कमोवेश ल्याकत भएका फरक फरक मानिसहरूले तयार गरेको जस्तो लाग्छ । हुन त यसमा लेखिएअनुसार यो प्रताप मल्लकै रचना हो (माथि §१७ हेर्नू) । प्रताप मल्लले यो लेखेको मात्रै हो भने उनले गुतेको **कवीन्द्र**को पगरी उतार्नुपर्ने हुन्छ । उनको नाउँमा दरिएका लेख निकै प्रकाशमा आएका छन् र तिनको भाषा *तीर्थावली*का निकै पृष्ठका भाषाभन्दा कता हो कता माथिल्लो छ । यस कारण मगजचूस परम्पराका[६३] प्रताप मल्लले *तीर्थावली* तयार गर्न बढी संस्कृत र कर्मकाण्ड जान्ने पण्डितको मदत नलिई आफूलाई घेरेर बसेका गुरुपुरोहितहरूको नै भर पर्दा यस पुस्तकको यस्तो गति भएको हो जस्तो मलाई लाग्छ ।

२१. यस *तीर्थजात्रा*को साङ्गोपाङ्ग परिशीलन मैले नगरिसकेकोले मेरो यो उपोद्घात प्राथमिक रूपको मात्र छ । अर्को शब्दमा भन्ने हो भने केही महीना अझै खटिए यो बढी पूर्ण हुन सक्छ । २३ महीना यतादेखि केही सहृदयहरू यो कहिले निस्केला भनी कुरिरहेको अवस्थामा यसमा अहिले बढी समय खर्च गर्नु उपयुक्त नलागेकोले यो प्रकाश गरिँदैछ ।

२२. पहिले *तीर्थजात्रा*बाट मूलपाठ दिई अनि त्यति भागको फ्याक्सिमिलि यहाँ दिइएको छ । ३ वटा चित्रका र दुवै गाताका फ्याक्सिमिलि यहाँ रङ्गीनमा छापिएको छ । धेरै अक्षर नष्ट भएको, अठतीसौँ पृष्ठको फ्याक्सिमिलि अरू पृष्ठ सरह श्यामश्वेतमा आइसकेको भए पनि रङ्गीनमा दिँदा अक्षर बढी स्पष्ट होला कि भन्ने विचारले त्यस पृष्ठको १५ वर्ष जतिअगाडि र २३ महीनाअगाडि खिँचिएका दुवै फ्याक्सिमिलि रङ्गीनमा पनि दिइएका छन् ।

---

६३. नयराज पन्त २०६०: ३५-३७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ परिशिष्ट

६४ लिङ्गका नाउँ

हिमवत्खण्ड (७० अध्याय)		*हिमवत्खण्ड* (८९-१५७ अध्याय)		*तीर्थजात्रा* (२०-२८ पृष्ठ)	*तीर्थजात्रा* (३८-४० पृष्ठ)
१) कुशेश्वर	- १४ श्लोक	१) आदिलिङ्ग[५]	- ८९ अध्याय	१) कुशेश्वर	-[६]
२) भीमेश्वर	- १५ श्लोक	२) भीमेश्वर	- ९० अध्याय	२) भीमेश्वर	-
३) काफीश्वर	- १७ श्लोक	३) काफीश्वर	- ९१ अध्याय	३) काफीश्वर	-
४) कश्यपेश्वर[१]	- १८ श्लोक	४) कश्यपेश्वर	- ९२ अध्याय	४) कश्यपेश्वर	कश्यपेश्वर
५) स्फटिकेश्वर[२]	- १९ श्लोक	५) स्फटिकेश्वर	- ९३ अध्याय	५) स्फटिकेश्वर	-
६) चण्डेश्वर	- २० श्लोक	६) चण्डेश्वर	- ९४ अध्याय	६) चण्डेश्वर	-
७) धनेश्वर	- २१ श्लोक	७) धनेश्वर	- ९५ अध्याय	७) धनेश्वर	-
८) विकटेश्वर[३]	- २२ श्लोक	८) विकटेश्वर	- ९६ अध्याय	८) विकटेश्वर	विकटेश्वर
९) इन्द्रेश्वर	- २३ श्लोक	९) इन्द्रेश्वर	- ९७ अध्याय	९) इन्द्रेश्वर	इन्द्रेश्वर
१०) तिलेश्वर	- २४ श्लोक	१०) भालेश्वर	- ९८ अध्याय	१०) भालेश्वर	भालेश्वर
११) चम्पकेश्वर[४]	- २५ श्लोक	११) गुप्तेश्वर	- ९९ अध्याय	११) गुप्तेश्वर	गुप्तेश्वर
१२) रामेश्वर	- २६ श्लोक	१२) तिलेश्वर	- १०० अध्याय	१२) तिलकेश्वर	-

१. छन्दोऽनुरोधले **कश्यपेश** ।

२. छन्दोऽनुरोधले **स्फटिकेश** ।

३. छन्दोऽनुरोधले **विकटेश** ।

४. छन्दोऽनुरोधले **चम्पकेश** ।

५. **कुशेश्वर** नाउँ यस अध्यायमा कहीँ आएको छैन । यस अध्यायका ३८, ४३, ५५, ६०, ७०, ७१ श्लोक र अध्यायको अन्त्यको वाक्यमा सर्वत्र **आदिलिङ्ग** नै लेखिएको छ । ७० अध्यायको १४ श्लोकमा चाहिँ **आदिलिङ्ग** विशेषण लगाई **कुशेश्वर** लेखिएको छ । *हिमवत्खण्ड*मा अन्त अन्त पनि **कुशेश्वर**लाई **आदिलिङ्ग** नै भनिएको छ (११।५६; ४०।७२, ७८, ८०; ४१।७, ९, १३, २६, २७) ।

६. चीसांले खाएर अक्षर गएकाले यी नाउँको ठाउँमा यस्तो - चिह्न हालिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१३) नयरम्भेश्वर	- २७ श्लोक	१३) चम्पकेश्वर	- १०१ अध्याय	१३) चम्पकेश्वर	चम्पकेश्वर
१४) कालेश्वर	- २८ श्लोक	१४) रामेश्वर	- १०२ अध्याय	१४) रामेश्वर	रामेश्वर
१५) उद्दालकेश्वर	- २९ श्लोक	१५) कालेश्वर	- १०३ अध्याय	१५) कालेश्वर	कालेश्वर
१६) गोपालेश्वर[७]	- ३० श्लोक	१६) नयरम्भेश्वर	- १०४ अध्याय	१६) नयरम्भेश्वर	नयरम्भेश्वर
१७) चम्पेश्वर	- ३१ श्लोक	१७) उद्दालकेश्वर	- १०५ अध्याय	१७) उद्दालकेश्वर	उद्दालकेश्वर
१८) उन्मत्तेश्वर[८]	- ३१ श्लोक	१८) गोपालेश्वर	- १०६ अध्याय	१८) गोपालेश्वर	गोपालेश्वर
१९) नन्दिकेश्वर	- ३२ श्लोक	१९) चम्पेश्वर	- १०७ अध्याय	१९) चम्पेश्वर	चम्पेश्वर
२०) गोखुरेश्वर	- ३३ श्लोक	२०) उन्मत्तेश्वर	- १०८ अध्याय	२०) उन्मत्तकेश्वर	-
२१) पण्डुकेश्वर[९]	- ३४ श्लोक	२१) नन्दिकेश्वर	- १०९ अध्याय	२१) नन्दिकेश्वर	नन्दिकेश्वर
२२) कूटेश्वर	- ३५ श्लोक	२२) गोखुरेश्वर	- ११० अध्याय	२२) गोखुरेश्वर	गोखुरेश्वर
२३) असितेश्वर[१०]	- ३६ श्लोक	२३) पाण्डुकेश्वर	- १११ अध्याय	२३) पण्डुकेश्वर	-
२४) भैरवेश्वर[११]	- ३७ श्लोक	२४) कूटेश्वर	- ११२ अध्याय	२४) कूटेश्वर	-
२५) ब्रह्मेश्वर	- ३८ श्लोक	२५) असितेश्वर	- ११३ अध्याय	२५) असितेश्वर	असितेश्वर
२६) शतरुद्रेश्वर	- ३९ श्लोक	२६) भैरवेश्वर	- ११४ अध्याय	२६) भैरवेश्वर	-
२७) कार्त्तिकेयेश्वर	- ४० श्लोक	२७) ब्रह्मेश्वर	- ११५ अध्याय	२७) ब्रह्मेश्वर	-
२८) काकेश्वर	- ४१ श्लोक	२८) स्कन्देश्वर[१२]	- ११६ अध्याय	२८) कार्त्तिकेश्वर	-
२९) मणिचूडेश्वर	- ४२ श्लोक	२९) शतरुद्रेश्वर	- ११७ अध्याय	२९) शतरुद्रेश्वर	-
३०) योगेश्वर	- ४३ श्लोक	३०) काकेश्वर	- ११८ अध्याय	३०) काकेश्वर	काकेश्वर

---

७. छन्दोऽनुरोधले **गोपालेश** ।

८. छन्दोऽनुरोधले **उन्मत्तेश** ।

९. छन्दोऽनुरोधले **पण्डुकेश** । प्रूफको गल्तीले होला, **पण्ड°** छापिएको छ ।

१०. छन्दोऽनुरोधले **असितेश** ।

११. छन्दोऽनुरोधले **भैरवेश** ।

१२. कार्त्तिकेयको पर्याय स्कन्द हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३१) नारायणेश्वर	- ४४ श्लोक	३१) मणिचूडेश्वर	- ११९ अध्याय	३१) मणिचूडेश्वर	मणिचूडेश्वर
३२) ज्योतिर्लिङ्गेश्वर	- ४५ श्लोक	३२) योगेश्वर[१९]	- १२० अध्याय	३२) योगेश्वर	योगेश्वर
३३) वागीश्वर	- ४६ श्लोक[१३]	३३) नारायणेश्वर	- १२१ अध्याय	३३) नारायणेश्वर	नारायणेश्वर
३४) कीलेश्वर	- ४६ श्लोक[१३]	३४) ज्योतिर्लिङ्ग	- १२२ अध्याय	३४) ज्योतिर्लिङ्गेश्वर	ज्योतिर्लिङ्गेश्वर
३५) वाल्मीकेश्वर[१४]	- ४७ श्लोक	३५) रत्नचूडेश्वर	- १२३ अध्याय	३५) रत्नचूडेश्वर	रत्नचूडेश्वर
३६) मङ्गलेश्वर[१५]	- ४८ श्लोक	३६) वागीश्वर	- १२४ अध्याय	३६) वागीश्वर	वागीश्वर
३७) अनन्तेश्वर[१६]	- ४९ श्लोक	३७) कीलेश्वर	-१२५-१२६ अ०	३७) कीलेश्वर	कीलेश्वर
३८) विश्वरूपेश्वर	- ५० श्लोक	३८) वाल्मीकेश्वर	- १२७ अध्याय	३८) वाल्मीकीश्वर	वाल्मिकेश्वर
३९) सोमेश्वर	- ५० श्लोक	३९) मङ्गलेश्वर	- १२८ अध्याय	३९) मङ्गलेश्वर	मङ्गलेश्वर
४०) गोभराटेश्वर	- ५१ श्लोक	४०) विमलेश्वर	- १२९ अध्याय	४०) विमलेश्वर	विमलेश्वर
४१) भृङ्गेश्वर	- ५२ श्लोक	४१) अनन्तलिङ्गेश्वर[२०]	-१३० अध्याय	४१) अनन्तेश्वर	अनन्तेश्वर
४२) त्रिलिङ्गेश्वर[१७]	- ५३ श्लोक	४२) विश्वरूपेश्वर	- १३१ अध्याय	४२) विश्वरूपेश्वर	विश्वरूपेश्वर
४३) कुपितेश्वर[१८]	- ५४ श्लोक	४३) सोमलिङ्ग	- १३२ अध्याय	४३) सोमलिङ्गेश्वर	सोमलिङ्गेश्वर
४४) सर्वेश्वर	- ५५ श्लोक	४४) गोभराटेश्वर	- १३३ अध्याय	४४) गोभराटेश्वर	गोभराटेश्वर

---

१३. ४६ सङ्ख्याको श्लोक ८ पाउको छ । छपाइको असावधानीले २ वटा श्लोकलाई एउटै नम्बर दिएको जस्तो देखिन्छ । अघिल्लो श्लोकमा **वागीश्वर**को र पछिल्लोमा **कीलेश्वर**को कुरा छ ।

१४. छन्दोऽनुरोधले **वाल्मीकेश** ।

१५. छन्दोऽनुरोधले **मङ्गलेश** ।

१६. छन्दोऽनुरोधले **अनन्तेश** ।

१७. छन्दोऽनुरोधले **त्रिलिङ्गेश** ।

१८. छन्दोऽनुरोधले **कुपितेश** ।

१९. यस अध्यायमा **योगेश्वर**को होइन कि **योगेश्वरी**को माहात्म्य छ । यहाँ ३५ श्लोकमा राजाले **योगगङ्गा**मा नुहाएर **गणेश्वर**लाई नमस्कार गरी पाप पखालेर ज्ञानी भए भनी लेखिएकोले **योगेश्वर**को परोक्ष रूपले उल्लेख आएको देखिन्छ ।

२०. यहाँ १ श्लोकमा **अनन्तेश्वर**, ३ श्लोकमा **अनन्ताख्य लिङ्ग**, २१ श्लोकमा र अन्त्यको गद्यवाक्यमा **अनन्तलिङ्ग** लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४५) गोलोकेश्वर[२१] -	५६ श्लोक	४५) भृङ्गीश्वर	- १३४ अध्याय	४५) भृङ्गेश्वर	भृङ्गेश्वर
४६) चन्दनभराटेश्वर[२२] -	५७ श्लोक	४६) त्रिलिङ्गेश्वर	- १३५ अध्याय	४६) त्रिलिङ्गेश्वर	त्रिलिङ्गेश्वर
४७) यक्षेश्वर -	५८ श्लोक	४७) कुपितेश्वर	- १३६ अध्याय	४७) कुपितेश्वर	कुपितेश्वर
४८) चण्डिकेश्वर[२३] -	५९ श्लोक	४८) सर्वेश्वर	- १३७ अध्याय	४८) सर्वेश्वर	सर्वेश्वर
४९) धर्मेश्वर -	६० श्लोक	४९) गोलोकेश्वर	- १३८ अध्याय	४९) गोलोकेश्वर	गोलोकेश्वर
५०) गोकर्णेश्वर[२४] -	६१ श्लोक	५०) चन्दनभराटेश्वर	- १४० अध्याय	५०) चन्दनभराटेश्वर	चन्दनभराटेश्वर
५१) कोटीश्वर -	६२ श्लोक	५१) यक्षेश्वर	- १४१ अध्याय	५१) यक्षेश्वर	यक्षेश्वर
५२) बाणेश्वर -	६३ श्लोक	५२) चण्डिकेश्वर	- १४२ अध्याय	५२) चण्डिकेश्वर	चण्डिकेश्वर
५३) ज्ञानेश्वर -	६३ श्लोक	५३) धर्मेश्वर	- १४३ अध्याय	५३) धर्मेश्वर	गोकर्णेश्वर
५४) पर्वतेश्वर[२५] -	६४ श्लोक	५४) गोकर्णेश्वर	- १४४ अध्याय	५४) गोकर्णेश्वर	कोटीश्वर
५५) जलेश्वर -	६५ श्लोक	५५) कोटीश्वर	- १४६ अध्याय	५५) कोटीश्वर	बागेश्वर
५६) गुह्येश्वर -	६६ श्लोक	५६) बाणेश्वर	- १४७ अध्याय	५६) बाणेश्वर	ज्ञानेश्वर
५७) किरातेश्वर[२६] -	६७ श्लोक	५७) ज्ञानेश्वर	- १४८ अध्याय	५७) ज्ञानेश्वर	पर्वतेश्वर
५८) ज्योतिरूपेश्वर -	६८ श्लोक	५८) पर्वतेश्वर	- १४९ अध्याय	५८) पर्वतेश्वर	जलेश्वर
५९) भस्मेश्वर -	६८ श्लोक	५९) जलेश्वर	- १५० अध्याय	५९) जलेश्वर	गुह्येश्वर
६०) भुवनेश्वर -	६९ श्लोक	६०) गुह्येश्वर	- १५१ अध्याय	६०) गुह्येश्वर	किरातेश्वर

---

२१. छन्दोऽनुरोधले गोलोकेश ।

२२. छन्दोऽनुरोधले चन्दनभराटेश ।

२३. छन्दोऽनुरोधले चण्डिकेश ।

२४. छन्दोऽनुरोधले गोकर्णेश ।

२५. छन्दोऽनुरोधले शैलेश्वर ।

२६. छन्दोऽनुरोधले किरातेश ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६१) रुद्रागारेश्वर[२७]	- ६९ श्लोक	६१) किरातेश्वर	- १५३-१५४	६१) किरातेश्वर		भस्मेश्वर
६२) मन्दिरेश्वर[२८]	- ७० श्लोक	अ°		६२) भस्मेश्वर		भुवनेश्वर
६३) सिद्धेश्वर	- ७२ श्लोक	६२) भस्मेश्वर	- १५५ अध्याय	६३) भुवनेश्वर		रुद्रागारेश्वर[३०]
६४) पशुपतीश्वर	- ७२ श्लोक	६३) भुवनेश्वर	- १५६ अध्याय	६४) रुद्रागारेश्वर		
		६४) रुद्रागारेश्वर	- १५७ अध्याय			
		६५) पशुपति	- १५९ अध्याय			
		६६) सिद्धेश्वर[२९]	- १५९ अध्याय			

२७. छन्दोऽनुरोधले **रुद्रमन्दिरेश्वर**। १५७ अध्यायमा १ र ४७ श्लोकमा **रुद्रागारेश्वर,** ६ श्लोकमा चाहिँ ७० अध्यायको ६९ श्लोकमा जस्तै **रुद्रमन्दिरेश्वर**।

२८. छन्दोऽनुरोधले अघिल्लो श्लोकमा **रुद्रागारेश्वर**लाई **रुद्रमन्दिरेश्वर** लेखी यहाँ त्यही लिङ्गलाई छोटकरीमा **मन्दिरेश्वर** मात्र लेखिएको पनि हुन सक्छ। लेखाइबाट **रुद्रमन्दिरेश्वर** र **मन्दिरेश्वर** एउटै हुन् कि जस्तो देखिन्छ। त्यसो हो भने ६३ वटा लिङ्ग मात्र हुन्छन्।

२९. यसअनुसार लिङ्ग ६४ होइनन् कि ६६ देखिए। **पशुपति**लाई छोडे पनि ६५ त भइहाल्छ। *हिमवत्खण्ड* ७० अध्यायमा **पशुपतीश्वर**समेत गन्दा ६४ वटा लिङ्ग हुन्छन्।

३०. यसमा लिङ्गका केही नाउँ नष्ट भएकाले यति नै लिङ्ग यहाँ चढेका छन् भनी भन्न नसकिए पनि यसो हेर्दा ६४ लिङ्ग नै भएको अनुमान हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ परिशिष्ट

तीर्थका नाउँसहित ६४ लिङ्गका नाउँ

हिमवत्खण्ड		*तीर्थजात्रा* (२०-२८ पृष्ठ)	*तीर्थजात्रा* (३८-४० पृष्ठ)
१) दुर्गातीर्थमा आदिलिङ्ग	- ८९ अध्याय	१) दुर्गातीर्थ बलकु सिख्खुहो[१]मा कुशेश्वर	-
२) देवतीर्थमा भीमेश्वर	- ९० अध्याय	२) देवतीर्थ थंथुकु सिख्खुहोमा भीमेश्वर	-
३) स्वर्णतीर्थमा काफीश्वर	- ९१ अध्याय	३) सुवर्णतीर्थ थंथुकु सिख्खुहोमा काफीश्वर	-
४) कश्यपेश्वर	- ९२ अध्याय	४) कश्यपह्रदतीर्थ देवपुरदहमा कश्यपेश्वर	कश्यपेश्वर
५) कान्तितीर्थमा स्फटिकेश्वर	- ९३ अध्याय	५) कान्तितीर्थ धलिखेलमा स्फटिकेश्वर	-
६) उग्रतीर्थमा चण्डेश्वर	- ९४ अध्याय	६) उग्रतीर्थ चसोरमा चण्डेश्वर	चसोर
७) धनेश्वर	- ९५ अध्याय	७) स्पृहादतीर्थ भोंतमा धनेश्वर	भोंतमा धनेश्वर
८) पुष्पतीर्थमा विकटेश्वर	- ९६ अध्याय	८) संङामा विकटेश्वर	संङामा विकटेश्वर
९) शचीतीर्थमा इन्द्रेश्वर	- ९७ अध्याय	९) शचीतीर्थ पणतिमा इन्द्रेश्वर	इन्द्रेश्वर
१०) गन्धर्वतीर्थमा भालेश्वर	- ९८ अध्याय	१०) गन्धर्वतीर्थ आस्याभारमा भालेश्वर	आस्याबाहारमा भालेश्वर
११) सिद्धतीर्थमा गुप्तेश्वर	- ९९ अध्याय	११) सिद्धितीर्थ भालेगुहामा गुप्तेश्वर	भालदेशमा गुप्तेश्वर
१२) मनःश्रीतीर्थमा तिलेश्वर	- १००अध्याय	१२) मनःश्रीतीर्थमा तिलेश्वर	-
१३) सरस्वतीकुण्डतीर्थमा चम्पकेश्वर	-१०१ अध्याय	१३) सरस्वतीतीर्थ रेलेमा चम्पकेश्वर	लेलेमा चम्पकेश्वर
१४) प्रभातीर्थमा रामेश्वर	-१०२ अध्याय	१४) प्रभातीर्थ त्याङामा रामेश्वर	त्याङामा रामेश्वर
१५) कालतीर्थमा कालेश्वर	-१०३ अध्याय	१५) कालमोचनतीर्थ मृगुचोमा कालेश्वर	कालेश्वर
१६) ब्रह्मतीर्थमा नयरम्भेश्वर	-१०४ अध्याय	१६) ब्रह्मतीर्थ नटाराभमा नयरम्भेश्वर	नयरम्भेश्वर
१७) उद्दालकेश्वर	-१०५ अध्याय	१७) रुद्रकुण्ड फनपिमा उद्दालकेश्वर	फनपिमा उद्दालकेश्वर
१८) गोपालव्याघ्रतीर्थमा गोपालेश्वर	-१०६ अध्याय	१८) व्याघ्रतीर्थ फनपिमा गोपालेश्वर	फनपिमा गोपालेश्वर
१९) ब्रह्मतीर्थमा चम्पेश्वर	-१०७ अध्याय	१९) ब्रह्मोदयतीर्थ तवखेलमा चम्पेश्वर	चम्पेश्वर

१. मूलमा भएका नेवारी स्थाननाम नै यहाँ कायम गरिएका छन्, खालि विभक्ति मात्र नेपालीको राखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२०) सुवर्णतीर्थमा उन्मत्तेश्वर	- १०८ अध्याय	२०) स्वर्णाभतीर्थ त्यम्भुमा उन्मत्तकेश्वर	त्यम्भुमा
२१) नन्दितीर्थमा नन्दिकेश्वर	- १०९ अध्याय	२१) नन्दितीर्थ त्यम्भुमा नन्दिकेश्वर	त्यम्भुमा नन्दिकेश्वर
२२) गोतीर्थमा गोखुरेश्वर	- ११० अध्याय	२२) गोतीर्थ कुंछालमा गोखुरेश्वर	कुंछालमा गोखुरेश्वर
२३) भद्रतीर्थमा पाण्डुकेश्वर	- १११ अध्याय	२३) भद्रकतीर्थ पनुमा पण्डुकेश्वर	-
२४) गालवतीर्थमा कूटेश्वर	- ११२ अध्याय	२४) गालवतीर्थ पनुभन्दा पश्चिम १ योजन पर कूटेश्वर	-
२५) असिततीर्थमा असितेश्वर	- ११३ अध्याय	२५) असिततीर्थ अगलखुहोमा असितेश्वर	असितेश्वर
२६) भैरवतीर्थमा भैरवेश्वर	- ११४ अध्याय	२६) भैरवतीर्थ नवक्वाथमा भैरवेश्वर	-
२७) ब्रह्मतीर्थमा ब्रह्मेश्वर	- ११५ अध्याय	२७) ब्रह्मगङ्गातीर्थ कविलासमा ब्रह्मेश्वर	-
२८) स्कन्दतीर्थमा स्कन्देश्वर	- ११६ अध्याय	२८) स्कन्दतीर्थ यन्तागुंमा कार्त्तिकेयेश्वर	यन्तागुमा
२९) नारसिंहतीर्थमा शतरुद्रेश्वर	- ११७ अध्याय	२९) नृसिंहतीर्थ शिवपुरचोमा शतरुद्रेश्वर	शिवपुरचोमा
३०) आकाशगङ्गातीर्थमा काकेश्वर	- ११८ अध्याय	३०) आकाशगङ्गातीर्थ कायिलमा काकेश्वर	काकेश्वर
३१) मणिचूडेश्वर	- ११९ अध्याय	३१) मणिह्रदमहातीर्थ गुंबाहारचोमा मणिचूडेश्वर	मणिचूडेश्वर
३२) योगगङ्गातीर्थमा योगेश्वरी	- १२० अध्याय	३२) योगगङ्गातीर्थ गुंबाहारमा योगेश्वर	गुंबाहारमा योगेश्वर
३३) नारायणेश्वरह्रदमा नारायणेश्वर	- १२१ अध्याय	३३) कर्णतीर्थ वन्तागुमा नारायणेश्वर	वंतागुमा नारायणेश्वर
३४) योगतीर्थमा ज्योतिर्लिङ्ग	- १२२ अध्याय	३४) योगतीर्थ सकोमा ज्योतिर्लिङ्गेश्वर	संकोमा ज्योतिर्लिङ्गेश्वर
३५) रत्नह्रदमा रत्नचूडेश्वर	- १२३ अध्याय	३५) रत्नह्रदतीर्थ नालादबुलमा रत्नचूडेश्वर	नालदबुलमा रत्नचूडेश्वर
३६) वीरनदीमा वागीश्वर	- १२४ अध्याय	३६) वीरतीर्थ वागेश्वरमा वागीश्वर	वागेश्वरमा वागीश्वर
३७) कीलेश्वर	-१२५-१२६अ०	३७) शङ्खह्रदतीर्थ चंगुमा कीलेश्वर	चंगुमा कीलेश्वर
३८) वीरभद्रतीर्थमा वाल्मीकेश्वर	- १२७ अध्याय	३८) वीरभद्रतीर्थ खुँहोदोमा वाल्मीकेश्वर	खुहोदोमा वाल्मीकेश्वर
३९) भद्रतीर्थमा मङ्गलेश्वर	- १२८ अध्याय	३९) भद्रनदीतीर्थ खपोमा मङ्गलेश्वर	तेखाचोमा मङ्गलेश्वर
४०) विमलोदकगङ्गामा विमलेश्वर	- १२९ अध्याय	४०) विमलोदकतीर्थ सिपादोरमा विमलेश्वर	सिपाढोलमा विमलेश्वर
४१) अनन्तलिङ्ग	- १३० अध्याय	४१) ऋषितीर्थ अनालिङ्गमा अनन्तेश्वर	अनालिङ्गमा अनन्तेश्वर
४२) वृद्धगङ्गामा विश्वरूपेश्वर	- १३१ अध्याय	४२) वृद्धगङ्गातीर्थ लुचुन कण्ठगुंमा विश्वरूपेश्वर	लुचुलमा विश्वरूपेश्वर
४३ सोमलिङ्ग	- १३२ अध्याय	४३) सोमलिङ्गमा सोमलिङ्गेश्वर	सोमलिङ्गमा सोमलिङ्गेश्वर
४४) गोश्रृङ्गतीर्थमा गोभराटेश्वर	- १३३ अध्याय	४४) गोश्रृङ्गतीर्थ लुंभुमा गोभराटेश्वर गोदावरी	लुंह्मुमा गोभराटेश्वर
४५) भृङ्गीश्वर	- १३४ अध्याय	४५) सिद्धिरसतीर्थ सूर्यग्रन्थीमा भृङ्गेश्वर	सुलुंगन्थमा भृङ्गेश्वर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४६) मुनिकुण्डतीर्थमा त्रिलिङ्गेश्वर	- १३५ अध्याय	४६) मुनिकुण्डतीर्थ यंलमा त्रिलिङ्गेश्वर	यलमा त्रिलिङ्गेश्वर
४७) उदकुण्डतीर्थमा कुपितेश्वर	- १३६ अध्याय	४७) उदकुण्डतीर्थ यंलमा कुपितेश्वर	कोमतिमा कुपितेश्वर
४८) सर्वेश्वर	- १३७ अध्याय	४८) गौरीकुण्डतीर्थ यंलमा सर्वेश्वर	यलमा सर्वेश्वर
४९) रुद्रतीर्थमा गोलोकेश्वर	- १३८ अध्याय	४९) रुद्रतीर्थ ओतानिह्न यंलमा गोलोकेश्वर	ओतानिह्नमा गोलोकेश्वर
मीनतीर्थ	- १३९ अध्याय	नलिक्वाठतीर्थ	
		मातातीर्थ	
५०) भस्मतीर्थमा चन्दनभराटेश्वर	- १४० अध्याय	५०) नवलिङ्गतीर्थ नवग्वातमा चन्दनभराटेश्वर	नवग्वाठमा चन्दनभराटेश्वर
५१) यक्षतीर्थमा यक्षेश्वर	- १४१ अध्याय	५१) यक्षतीर्थ युचंगुमा यक्षेश्वर	एुचंगुमा यक्षेश्वर
५२) पिण्डारकतीर्थमा चण्डिकेश्वर	- १४२ अध्याय	५२) पिण्डारकतीर्थ तोखादेखि उत्तरमा चण्डिकेश्वर	तोखामा चण्डिकेश्वर
५३) धर्मेश्वर	- १४३ अध्याय	५३) धर्मतीर्थ चपुलगाममा धर्मेश्वर	चपरीगाममा धर्मेश्वर
५४) पैतामहतीर्थमा गोकर्णेश्वर	- १४४ अध्याय	५४) पितामहतीर्थ गोकर्णमा गोकर्णेश्वर	गोकर्णमा गोकर्णेश्वर
हनुतीर्थ	- १४५ अध्याय	हनुतीर्थ	
५५) रुद्रधारामा कोटीश्वर	- १४६ अध्याय	५५) रुद्रधारातीर्थ कोटिबाहारमा कोटीश्वर	कोटिबाहारमा कोटीश्वर
५६) बाणेश्वर	- १४७ अध्याय	५६) बाणगङ्गातीर्थ वंथलीमा बाणेश्वर	बालओपिमा बाणेश्वर
५७) मयूरतीर्थमा ज्ञानेश्वर	- १४८ अध्याय	५७) मयूरतीर्थ चलानमा ज्ञानेश्वर	चरानमा ज्ञानेश्वर
५८) ज्ञानकूपतीर्थमा पर्वतेश्वर	- १४९ अध्याय	५८) ज्ञानकूपतीर्थ वासुकिउत्तर थलिमा पर्वतेश्वर	पर्वतेश्वर
५९) जलेश्वर	- १५० अध्याय	५९) जलेश्वरतीर्थ बुकोख्बुबीचमा जलेश्वर	बोकोख्बुमा जलेश्वर
६०) गुह्येश्वरीतीर्थमा गुह्येश्वर	- १५१ अध्याय	६०) गुह्येश्वरीतीर्थ बुकोमा गुह्येश्वर	बोकोमा गुह्येश्वर
मृगस्थली	- १५२ अध्याय	मृगस्थली	
६१) किरातेश्वर	-१५३-१५४अ०	६१) रुद्रसहस्रतीर्थ बालाबु गुचोमा किरातेश्वर	बालागुमा किरातेश्वर
६२) भस्मगङ्गाकुण्डतीर्थमा भस्मेश्वर	- १५५ अध्याय	६२) आकाशभैरवतीर्थ कोनिह्नमा भस्मेश्वर	कोनिह्नमा भस्मेश्वर
६३) भुवनेश्वर	- १५६ अध्याय	६३) ज्ञानकुण्डतीर्थ भोतबाहार आगमननीमा भुवनेश्वर	भोतबाहारमा भुवनेश्वर
६४) रुद्रागारेश्वर	- १५७ अध्याय	६४) रुद्रस्नानतीर्थ मतमण्डीलमा रुद्रागारेश्वर	मतमन्दिरमा रुद्रागारेश्वर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ परिशिष्ट

वाग्वतीसङ्गमतीर्थका नाउँ

हिमवत्खण्ड		१६० अध्याय	*तीर्थजात्रा* (२९-३१ पृष्ठ)
१) सेतुभिन्नमहातीर्थ	-	७-१० श्लोक	१) सेतुभिन्नमहातीर्थ कोटबहाल हौँ
२) गोपालतीर्थ	-	११-१२ श्लोक	२) गोपालतीर्थ फनपि खु हौँ
३) दामोदरमहातीर्थ	-	१३-१४ श्लोक	३) दामोदरमहातीर्थ फनपि खु हौँ
४) सर्वोषधिरसतीर्थ	-	१५-१६ श्लोक	४) सर्वोषधितीर्थ कलि खु हौँ
५) भृगुपातगणेशमहातीर्थ	-	१७-१८ श्लोक	५) भृगुपाततीर्थ ह्मोसिकाप खु हौँ
६) प्रमोदमहातीर्थ	-	१९-२३ श्लोक	६) प्रमोदमहातीर्थ ङखु हौँ
७) कायनिर्मलतीर्थ	-	२४-२५ श्लोक	७) कायनिर्मलतीर्थ चुङखु हौँ
८) इन्द्रतीर्थ	-	२६-२७ श्लोक	८) शक्रतीर्थ दानागाल खु हौँ
९) पञ्चनदमहातीर्थ	-	२८-३० श्लोक	९) पञ्चनदमहातीर्थ पञ्चरि खु हौँ
१०) कालतीर्थ	-	३१ श्लोक	१०) कालतीर्थ तुखु हौँ
११) मृत्युञ्जयमहातीर्थ	-	३२-३३ श्लोक	११) मृत्युञ्जयतीर्थ वखु हौँ
१२) सहोदरवधमुक्तितीर्थ	-	३४-३८ श्लोक	१२) सहोदरवधनाशतीर्थ ओखु हौँ
१३) शङ्खमूलमहातीर्थ	-	३९-४५ श्लोक	१३) शङ्खमूलमहातीर्थ शंखमोल हौँ
१४) रुद्रधारामहातीर्थ	-	४६-४९ श्लोक	१४) रुद्रधारामहातीर्थ हौँ
१५) अमरावतीतीर्थ	-	४९-५१ श्लोक	१५) अमरावतीतीर्थ हौँ
१६) विमलावतीतीर्थ	-	५१-५३ श्लोक	१६) विमलावतीतीर्थ हौँ
१७) निर्मलावती	-	५३-५५ श्लोक	१७) निर्मलावतीतीर्थ हौँ
१८) वायुवती	-	५५-५७ श्लोक	१८) वायुमतीतीर्थ हौँ
१९) योगकुण्डमहातीर्थ	-	५७-६० श्लोक	१९) योगकुण्डतीर्थ हौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२०) मणितीर्थ	-	६०-६२ श्लोक	२०) मणितीर्थ हौँ
२१) प्रयागतीर्थ	-	६२-६३ श्लोक	२१) प्रयागतीर्थ हौँ
२२) पीठिकातीर्थ	-	६३-६४ श्लोक	२२) पीठिकातीर्थ हौँ
२३) त्रिविक्रममहातीर्थ	-	६४-६५ श्लोक	२३) त्रिविक्रमतीर्थ हौँ
२४) स्वर्णतीर्थ	-	६५-६६ श्लोक	२४) सुवर्णधारातीर्थ हौँ
२५) ब्रह्मतीर्थ	-	६६-६७ श्लोक	२५) ब्रह्मतीर्थ हौँ
२६) क्षत्रियतीर्थ	-	६७-६८ श्लोक	२६) क्षत्रियतीर्थ हौँ
२७) राजेश्वरीमहातीर्थ	-	६८-७० श्लोक	२७) राजेश्वरीतीर्थ हौँ
२८) उमापतिमहातीर्थ	-	७०-७२ श्लोक	२८) उमापतितीर्थ हौँ
२९) विष्णुतीर्थ	-	७२-७३ श्लोक	२९) विष्णुतीर्थ हौँ
३०) जयमङ्गलातीर्थ	-	७३-७४ श्लोक	३०) जयमङ्गलातीर्थ हौँ
३१) आकाशभैरवतीर्थ	-	७४-७५ श्लोक	३१) आकाशभैरवतीर्थ हौँ
३२) श्रीवत्सलामहातीर्थ	-	७५-७७ श्लोक	३२) श्रीवत्सलातीर्थ हौँ
३३) कोपोदकमहातीर्थ	-	७७-७९ श्लोक	३३) कोपोदकतीर्थ हौँ
३४) सौभाग्यदमहातीर्थ	-	७९-८१ श्लोक	३४) सौभाग्यतीर्थ हौँ
३५) कुबेरमहातीर्थ	-	८१-८३ श्लोक	३५) कुबेरतीर्थ हौँ
३६) गौरीतीर्थ	-	८४-८५ श्लोक	३६) गौरीतीर्थ हौँ
		१६१ अध्याय	
३७) मृगोदकमहातीर्थ	-	१-३ श्लोक	३७) मृगोदकतीर्थ हौँ
३८) खर्वरिकामहातीर्थ	-	४-५ श्लोक	३८) खर्वरिकातीर्थ हौँ
३९) त्रिवेणीसङ्गम आर्यातीर्थ	-	६-१३ श्लोक	३९) त्रिवेणीसङ्गमतीर्थ हौँ
			४०) आर्यातीर्थ हौँ
४०) नारायणमहातीर्थ	-	१४ श्लोक	४१) नारायणतीर्थ हौँ
४१) पावनिकातीर्थ	-	१५ श्लोक	४२) पावनिकातीर्थ हौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४२) अगस्त्यतीर्थ	-	१६-१७ श्लोक	४३) अगस्त्यतीर्थ हों
४३) नीलकण्ठतीर्थ	-	१८-१९ श्लोक	४४) नीलकण्ठतीर्थ हों
४४) वासुकितीर्थ	-	२० श्लोक	४५) वासुकितीर्थ हों
४५) गोखुरमहातीर्थ	-	२१ श्लोक	४६) गोखुरतीर्थ हों
४६) भृगुपतनतीर्थ	-	२२-२३ श्लोक	४७) भृगुपतनतीर्थ हों
४७) देवघट्टमहातीर्थ	-	२४ श्लोक	४८) देवघाततीर्थ हों
४८) ब्रह्मसहस्रतीर्थ	-	२५-२६ श्लोक	४९) ब्रह्मसहस्रतीर्थ हों
४९ विष्णुसहस्रतीर्थ	-	२७-२९ श्लोक	५०) विष्णुसहस्रतीर्थ हों
५०) रुद्रसहस्रतीर्थ	-	३० श्लोक	५१) रुद्रसहस्रतीर्थ हों
५१) सूर्यभागामहातीर्थ	-	३१-३२ श्लोक	५२) सूर्यभागातीर्थ हों
५२) चन्द्रभागामहातीर्थ	-	३३-३४ श्लोक	५३) चन्द्रभागातीर्थ हों
५३) मनःकामतीर्थ	-	३५ श्लोक	५४) मनःकामनातीर्थ हों
५४) जिह्वालोलमहातीर्थ	-	३६ श्लोक	५५) जिह्वालोलतीर्थ हों
५५) अनन्ततीर्थ	-	३७ श्लोक	५६) अनन्ततीर्थ हों
५६) बालश्मशानतीर्थ	-	३८ श्लोक	५७) बालश्मशानतीर्थ हों
५७) भैरवमहाकुण्ड	-	३९ श्लोक	५८) भैरवकुण्डतीर्थ हों
५८) जलेश्वरमहातीर्थ	-	४० श्लोक	
५९) गुह्येश्वरीमहातीर्थ	-	४१-४२ श्लोक	५९) गुह्येश्वरीमहातीर्थ हों
६०) विनायकतीर्थ	-	४३ श्लोक	६०) विनायकतीर्थ हों
६१) पशुगणमहातीर्थ	-	४४ श्लोक	
६२) श्लेष्मान्तकतीर्थ	-	४५ श्लोक	६१) श्लेष्मान्तकतीर्थ हों
६३) ताम्रचूडतीर्थ	-	४६ श्लोक	६२) ताम्रचूडतीर्थ हों
६४) उत्तरवाहिनीतीर्थ	-	४७ श्लोक	६३) उत्तरवाहिनीतीर्थ हों
६५) चैलगङ्गामहातीर्थ	-	४८-५१ श्लोक	६४) चैलगङ्गातीर्थ हों
६६) हत्यामोचनतीर्थ	-	५२-५४ श्लोक	६५) हत्यामोचनतीर्थ हों

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६७) कैलाशतीर्थ	-	५५-५६ श्लोक	६६) कैलाशतीर्थ हों
६८) हिमवन्महातीर्थ	-	५७ श्लोक	६७) हिमरतीर्थ हों
६९) विष्णुपादुकातीर्थ	-	५८-५९ श्लोक	६८) विष्णुपादुकातीर्थ हों
७०) भृगुपाततीर्थ	-	६० श्लोक	६९) भृगुपाततीर्थ हों
७१) चन्द्रतीर्थ	-	६१ श्लोक	७०) चन्द्रतीर्थ हों
७२) सूर्यतीर्थ	-	६२ श्लोक	७१) सूर्यतीर्थ हों
७३) गोकर्णेश्वरतीर्थ	-	६३ श्लोक	७२) गोकर्णेश्वरतीर्थ हों
७४) उत्तरगयातीर्थ	-	६४-६५ श्लोक	७३) उत्तरगयातीर्थ हों
१५०. यस अक्षरको धेरै भाग देखिए पनि यसलाई खुट्ट्याउन सकिएन ।
१५१. अघिल्लो दण्ड अलि स्पष्ट र पछिल्लोचाहिँ धमिलो देखिन्छ ।
१५२. यस अक्षरको माथिल्लो र तल्लो अंश मात्र देखिन्छ ।
१५३. यस अक्षरको तल्लो भाग देखिन्छ, छाँटले यो संयुक्ताक्षर हुनुपर्छ ।
१५४. यस दण्डको तल्लो भाग मेटिएको छ ।
१५५. यस अक्षरको अत्यल्प अंश देखिन्छ ।
१५६. यस अक्षरको माथिल्लो र तल्लो भागको अत्यल्प अंश देखिन्छ ।
१५७. यी २ दण्ड धमिला देखिन्छन् ।
१५८. कको बायाँपट्टिको माथिल्लो भाग मेटिएको छ ।
१५९. यस अक्षरको बाइमात्राको डिकोभन्दा माथिको भाग, डिकोको धेरै अंश र घाँटी देखिन्छ ।
१६०. ह्लाको ल भागको घाँटीपछिको केही अंश र कान्दानीको तल्लो अंश मेटिएको छ ।
१६१. सको तल्लो भाग मेटिएको छ ।
१६२. यी २ अक्षरका अत्यल्प अंश बाँकी छन् ।
१६३. कहीं कहीं रको केही अंश मेटिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

य[१६४]न्तागुस[१६५] (।)[१६६]।[१६७] (श[१६८]तरु[१६९]द्रे[१७०]श्व[१७१]र)(।)।[१७२] शिव[३९ पृष्ठ]पुरचो ॥ काकेश्वर ॥ कायलस ॥ मणिचूडेश्वर ॥ ॥ योगेश्वर ॥ गुंबाहार ॥ नारायणेश्वर ॥ वंतागुस ॥ ज्योतिलिङ्गेश्वर ॥ संकोस ॥ रत्नचूडेश्वर ॥ नालदेबुलस ॥ वागीश्वर ॥ वागेश्वरस ॥ किलेश्वर ॥ चंगुस ॥ वाल्मिकेश्वर ॥ घुहोदो ॥ मङ्गलेश्वर ॥ तेखाचोस ॥ विमलेश्वर ॥ सिपादोलस ॥ अनन्तेश्वर ॥ अनालिङ्ग ॥ विश्वरूपेश्वर ॥ लुचुलस ॥ सोमलिङ्गेश्वर ॥ सोमलिङ्गस ॥ गो[१७३]भलाटेश्वर ॥ लुह्लुस ॥ भृङ्गेश्वर ॥ सुलुंगथ ॥ त्रिलिङ्गेश्वर ॥ यलस ॥ कुपितेश्वर ॥ कोमति ॥ सर्व्वेश्वर ॥ यलस ॥ गोलोकेश्वर ॥ ओतानिह्नस ॥ चन्दनभलाटेश्वर ॥ नवग्वाठस ॥ यक्षेश्वर ॥ एचंगुस ॥ चण्डिकेश्वर ॥ तोखा ॥ धर्म्मेश्वर ॥ चपरिगाम ॥ गोकर्ण्णेश्वर ॥ गोकर्ण्ण ॥ कोटीश्वर ॥ कोटिबाहार ॥ वागेश्वर ॥ बालओपि ॥ ज्ञानेश्वर ॥ चशन ॥ पर्व्वतेश्वर ॥[४० पृष्ठ] ॥ जलेश्वर ॥ बोकोखूस ॥ गुह्येश्वर ॥ वोको ॥ किराटेश्वर ॥ बालगुश ॥ भस्मेश्वर ॥ कोनिह्नस ॥ भुवनेश्वर ॥ भोतबाहार ॥ रुद्रगालेश्वर ॥ मतमन्दिर ॥ ॥ स्वस्ति ॥ शस्त्रशास्त्रसङ्गीतादिसकलविद्यापारगनेपारेश्वर-महाराजाधिराजविदग्धचूडामणिसकलराजचक्राधिश्वरश्रीश्रीराजराजेन्द्रकवीन्द्रजयप्रतापमल्लपरमभट्टारकदेवेन सप्तकौशिकीभेद ‸ सप्तगण्डकीभेद ‸ चतुषष्ठिसिद्धिलिङ्गवाग्मतीसंगमतीर्थ नाना देस ‸ नाना तीर्थ ‸ नाना देव[१७४] हिमवत्खण्डस थम सोयाव पिकायाव चोस्यं तया ॥ शुभ ॥ ॥ ९ ॐ नमः श्री ३ कालिकायै ॥ सम्वत् ७८९ माघशुक्ल त्रयोदशी कुह्नु पुषुलि प्रतिस्था ॥ शस्त्रशास्त्रसंगीतादिसकलविद्यापारग महाराजाधिराज नेपालेश्वर विदग्धचूडामणि सकलराजचक्राधीश्वर श्रीश्रीराजराजेन्द्र कवीन्द्र जयप्रताप मल्ल परमभट्टारकदेवन ‸ थम शास्त्रस सोया[४१ पृष्ठ]ओ ‸ असंख्यात फल खडाओ ‸ पिकायाओ ‸ गङ्गासमुद्र आदिन ‸ नानातीर्थया जल कायकल छोयाओ महाराजाधिराज नेपालेश्वर ‸ राजराजेन्द्र श्रीश्रीजयचक्रवर्त्तेन्द्र मल्लदेवस नामन दयकागु ल ‸ थ्व पुषुलिस तया ॥ श्रीवाराणसिया गङ्गाजल ॥ श्रीवैद्यनाथया गङ्गाजल ॥ श्रीवाग्मतीया जल कु १०६४१ ॥ श्रीशंखमोरया जल ॥ श्रीपनतिहोया जल ॥ श्रीगण्डकीया जल ॥ श्रीकौसिकीया जल ॥ श्रीसुन्दरीनदीया जल ह्यातकाओ छुस्यं बिज्यात ॥ श्रीनीरकण्ठया जल कु ६३ ॥ श्रीविष्णुमतीया जल ॥ श्रीविश्वनाभन ह्यातकाओ थम संकल्प

---

१६४. यको माथिल्लो भाग मेटिएको छ ।

१६५. सको दायाँपट्टिको तल्लो भाग मेटिएको छ ।

१६६. यसको अलिकति अंश देखिन्छ ।

१६७. यस दण्डको तल्लो भाग मेटिएको छ ।

१६८. यस अक्षरको अत्यल्प अंश मात्र बाँकी छ ।

१६९. यस अक्षरको तल्लो भाग अलिकति देखिन्छ ।

१७०. यस अक्षरको डिकोको धेरै भाग र घाँटी देखिन्छ ।

१७१. यस अक्षरको अत्यल्प अंश देखिन्छ ।

१७२. यस दण्डको धेरै भाग देखिन्छ ।

१७३. माथि ३ सङ्ख्याको टिप्पणी हेर्नू ।

१७४. तीर्थको थंको तल काकपद हाली रातो मसीले घेरेकोको माथि पहेँलो मसीले अघिल्लो नानादेखि देवसम्म थपिएको छ । ५ पङ्क्तिमा थप्नुपर्ने भएकोले कुन पङ्क्तिमा थपिएको हो त्यो बुझाउन अन्त्यमा ५ लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

याङ बिज्याङाओ छुस्यं बिज्यात ।। श्रीतेचायया जल ।। श्रीवागेश्वरया जल ।। श्रीमनमतीया जल ।। श्रीशंखदहया जल ।। श्रीकायलया जल ।। श्रीवाग्मतीनाभया जल ।। श्रीसपनतीर्थया जल ।। श्रीकोमतीया जल ।। श्रीङाह्युतुया जल ।। श्रीह्युतिया जल ।। श्रीत्याङाया जल ।। श्रीमं[४२ पृष्ठ]शिरया जल ।। श्रीथयपिया जल ।। सप्तकौसिकिया जल ।। श्रीतवदहया जल ।। श्रीक्वदुवालया जल ।। श्रीमातातीर्थया जल ।। श्रीइन्द्रदहया जल ।। श्रीगोकर्ण्णया जल ।। श्रीज्ञानवापिया जल ।। श्रीपशुकुण्डया जल ।। श्रीसिताकुण्डया जल ।। श्रीतेषुहोया जल ।। श्रीहनुमन्तघातया जल ।। श्रीगोलोहितिदहया जल ।। श्रीज्वालामुखीया जल ।। श्रीमुक्तिक्षेत्रया जल ।। श्रीकालिगण्डकीया जल ।। श्रीस्वेतगण्डकीया जल ।। श्रीसरजुगङ्गाया जल ।। श्रीमालिकाया जल ।। श्रीपातालगङ्गाया जल ।। श्रीपिरग ، गङ्गा ، जमुना ، सरस्वती ، त्रिवेनिया जल ।। श्रीकमरेश्वरीया जल ।। श्रीसप्तगण्डकीया जल ।। श्रीवाराहक्षेत्रया जल ।। श्रीगङ्गासागरया जल ।। श्रीसमुद्रया जल ।। श्रीअनन्तलिङ्गया जल ।। श्रीशिपादोलया जल ।। थ्वते तीर्थया जल ، छगुलि ، छगुलि ، तीर्थया अनेग ، अनेग [४३ पृष्ठ] फल ، थ्वलि तीर्थ सकलेङ ، श्रीश्रीदातेह्म जुजुया पुषुलिस दु ।। ।।

८ ज्ञानसरे तटे पूर्व्व० मम योनिपरात्परं ।
अतः पूर्व्वादृषेस्तीर्था ، त्रिभिस्तीर्थैः समं बभौ ।।
आदिशक्तेः[१७५] प्रतीच्याय ، तत् प्राच्याभ्यन्तरेनिशं ।
कलुषानां कदाप्यत्र ، प्रवेशनं न विद्यते ।।
अर्क्ककुण्डे मार्ग्गकृष्णं ، चतुर्दशी पशुयोनेरुत्पत्तिः ।। ।।

अथ वाग्मतीध्यानं ।।

शुद्धस्फटिकसंकाशां ، त्रिनेत्रां चारुहासिनीं ।
चतुर्भुजां महेशानीं ، मकरकुण्डलाञ्चितां ।।
संपूर्णेन्दुमुखीं देवीं ، सर्व्वाभरणभूषितां ।
दधानां सर्व्वशो हस्तैः पाशांकुशवराभयां ।।
एवं संचित्य तीर्थे ता ،मानोभिजलमाविशेत् ।। ।। ।।

अथ शंखमूलादितीर्थमाहात्म्यं ।।

अन्येषां संगमानाञ्च ، शंखमूले शतं गुणं ।
स्नातो लभेत्फलं धीमान् तस्माच्छ्रेष्टं मृगोदकं ।।
शतमंगा[१७६]समं तीर्थं ، त्रिगंगं हरिवारसे[१७७] ।

---

१७५. पहिले लेख्दा आदिशक्तेमा छुटेको विसर्ग पछि थपिएको छ ।

१७६. शतगंगा० हुनुपर्ने ।

१७७. वापछिको सलाई यहाँ र बनाइएको छ । यसो हुँदा पाठ वारसे भई वर्णविपर्यास भएको छ । सेलाई रे बनाएको भए शुद्ध पाठ आउँथ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तस्माद्दशगुणं तीर्थ[४४ पृष्ठ] आर्य्यातीर्थ ँ महत्तरं ।।
वाग्मत्याः संभवे तीर्थे ॱ साहस्रञ्च गुणं फलं ।
संगमे च उमातीर्थे ॱ कोटिकोटिगुणं फलं ।।
स्नाता फलं लभेत्स्नानात् ॱ वाजपेयाश्वमेधयो ।। ।।

अथ वाग्मतीजलमाहात्म्यं ।।

एकतः सर्व्वतीर्थानि ॱ एकतो वाग्मतीजलं ।।
ब्रह्मविष्णुतुलाभ्याञ्च ॱ धर्म्मदण्डेन तूलनं ।
तेषां शतगुणं पुण्यं ॱ वाग्मतीसलिलं गुरु ।।
तस्मादपि गुणाधिक्यं ॱ मद्योनिजसुदुर्ल्लभं ।। ।।
आदिमृगवाक्यं सुरो मा मृगं प्रति ।। ।।
खर्व्वस्थूलगुरुं ॱ गजेद्रवदनं लंम्बोदरं सुन्दर
प्रसादन मदगंधलुब्धमधुपव्यालोलगदस्थलं
द[१७८]न्ताघातविदारितारिवनितासिंदुरशोभाकरं
वन्दे शैलसुतासुतं गणपतिसिद्धियुतं कम– ।।[१७९]
[४५ पृष्ठ] ॐ श्रीगणेशाय नमः ।। ॐ नमः श्रीकालिकायै ।।
पापोद्रेकेन मातुर्जठरकुरजनोच्चारसूत्राम्मिमूच्छ ॱ
त्तद्वह्निज्वालमालाविकलितवपुषो यादृशी यन्त्रणा सा ।
आख्यातुं पारिव्यालघुतरमनसा केनचिन्मादृशा वा ॱ
न ग्राह्यो मेपराधो जननि जयनिधे सर्व्वसिद्धि प्रसीद ।। १ ।।

[१८०]जवाकुसु ।

वामदेवो महादेवो विरुपाक्ष त्रिलोत्रम ।।
अइउऋलसमाना ।। हयवरलञनननजमव[१८१]।।

---

१७८. दपछिको न्वको डिकोमाथि ठाडो ३ धर्को हाली न्व खारेज गरिएको छ ।
१७९. पछिल्ला २ अक्षर र २ वटा दण्ड रातो मसीले घेरेको ठाउँमा छड्के पारी लेखिएको छ ।
१८०. जवादेखि मव°सम्म भिन्नै टाँकाले लेखिएको छ ।
१८१. म र वको बीचको, च जस्तो देखिने एउटा अक्षरमा बायाँपट्टि २ वटा तेर्सा धर्का हाली त्यो खारेज गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

अलेक्सान्दर फन रोस्पात २०५७/५८

= ई.सं. २००१ (वि.सं. २०५७/५८) मा वीस्बादेनबाट फ्रन्त्स शताइनरद्वारा प्रकाशित *जर्नल् अफ् द नेपाल् रिसर्च् सेन्टर्* (नेपाल रिसर्च सेन्टरको पत्रिका) १२ अङ्कका १९५-२३५ पृष्ठमा छापिएको, अलेक्सान्दर फन रोस्पातको *अ हिस्टरइकल् ओभ्रर्भ्यू अफ् द रेनोभेशन् अफ् स्वयम्भूचैत्य याट् काठ्मानूडू* (काठमाडौँको स्वयम्भूचैत्यको जीर्णोद्धारको संक्षिप्त वर्णन) ।

आन वेर्गाति २०६१

= ई.सं. २००४ (वि.सं. २०६१)मा बम्बईबाट मार्ग पब्लिकेशन्ज़द्वारा प्रकाशित, प्रतापादित्य पालद्वारा सम्पादित *नेपाल् : ओल्ड् इम्जइज़्, न्यू इन्साइट्स्* (नेपाल– पुराना मूर्ति, नयाँ पहिचान)का ९२-१०५ पृष्ठमा छापिएको, आन वेर्गातिको *गड्ज़् यान्ड् मनुयुमन्ट्स् इन् लेट् मल्ल पीरइअड् पेन्टइङ्ज़्* (पछिल्लो मल्लकालमा देवताहरू र स्मरणार्थक चिह्नहरू) ।

कान्तिपुरका राजा प्रताप मल्ल

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* ४ पूर्णाङ्कको विषयसूचीको पृष्ठ र १ पृष्ठको बीचमा छापिएको *कान्तिपुरका राजा प्रताप मल्ल* भन्ने चित्र ।

काशीनाथ वासुदेव अभ्यंकर र जे.एम्. शुक्ल २०३४

= ई.सं. १९७७ (वि.सं. २०३४)मा बडोदाबाट अर्इअनूटल इन्स्टिट्युटबाट प्रकाशित, काशीनाथ वासुदेव अभ्यंकर र जे.एम्. शुक्लको *अ डिक्शन्अरि अफ् स्यान्स्क्रिट् ग्रयाम्अर्* (संस्कृत व्याकरणको कोश) २ संस्करण ।

कुलमणि मिश्र शर्मा २०३८

= ई.सं. १९८१ (वि.सं. २०३८)मा भुवनेश्वरबाट पर्यटनक्रीडासंस्कृतिनिर्देशालयद्वारा प्रकाशित, भगवान् पाण्डाद्वारा सम्पादित, कुलमणि मिश्र शर्माको *धर्मशास्त्रशब्दकोष* १ भाग ।

कुलमणि मिश्र शर्मा २०४२

= ई.सं. १९८५ (वि.सं. २०४२)मा भुवनेश्वरबाट पर्यटनक्रीडासंस्कृतिनिर्देशालयद्वारा प्रकाशित, भगवान् पाण्डाद्वारा सम्पादित, कुलमणि मिश्र शर्माको *धर्मशास्त्रशब्दकोष* २ भाग ।

केदारनाथ शर्मा २०३३

= *नेपालमाहात्म्य*मा हेर्नू ।

गोविन्द टण्डन २०५३

= वि.सं. २०५३ मा काठमाडौँबाट भरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* १ भाग ।

गोविन्द टण्डन २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट भरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भाग ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गौतमवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा काठमाडौँबाट प्रकाशित *पूर्णिमा* ४ पूर्णाङ्कका ३१-४४ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *प्रताप मल्लको शान्तिपुरप्रवेश*।

गौतमवज्र वज्राचार्य २०३३

= वि.सं. २०३३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *हनूमानूढोका राजदरबार* ।

गौतमवज्र वज्राचार्य २०५९

= ई.सं. २००३ (वि.सं. २०५९)मा शिकागोबाट दि आर्ट इन्स्टिट्युट अफ शिकागोद्वारा प्रकाशित, प्रतापादित्य पालको *हिमालयज्: यान् ईस्थीट्इकल् अड्भेन्चर्* (हिमालय– सौन्दर्यपरक वृत्तान्त)का २७८-२८४ पृष्ठमा पहिलो *अपेन्डिक्स्* (परिशिष्ट)को रूपमा छापिएको, गौतमवज्र वज्राचार्यको द *नेपाली इन्स्क्रिपृशन्ज्* (नेपाली अभिलेखहरू) ।

गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८

= वि.सं. २०१८ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्य र महेशराज पन्तको *अभिलेख-संग्रह* ३ भाग।

घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११

= वि.सं. २०११ मा काठमाडौँबाट नरहरिनाथ, बुद्धिसागर पराजुली, रत्नबहादुर वज्राचार्य, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* २ वर्ष ४-६ अङ्कका २६-२८ पृष्ठमा छापिएको; घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माको *कान्तिपुराधिपते: प्रतापमल्लस्य स्तम्भलेख: [वि.सं. १७२७] (काठमाडौँ हनूमान् ढोका अगाडि प्रतापध्वज (ठूलो खंबा)को लेख)* (कान्तिपुरका राजा प्रताप मल्लको लेख खामो[मा कुँदिएको]) ।

चतु:षष्टिशिवलिङ्गमाहात्म्य

= वि.सं. २०११ मा काठमाडौँबाट भीमप्रसाद उपाध्यायद्वारा प्रकाशित, नरहरिनाथद्वारा सम्पादित *श्रीमत्पशुपतिपुराणम् पूर्वार्धम्* (*श्रीपशुपतिपुराण* पूर्वार्ध)का १८९-२२३ पृष्ठमा छापिएको *चतु:षष्ठिशिवलिङ्गमहात्म्य** ।

चतु:षष्टिस्वयम्भूशिवलिङ्गस्नानयात्राक्रम

= वि.सं. २०५८ मा ललितपुरबाट जोशी रिसर्च इन्ष्टिच्यूटद्वारा प्रकाशित, हरिराम जोशीको *अभिनव संस्कृति कोष*का ३९५-३९८ पृष्ठमा छापिएको ने.सं. ८८३ (वि.सं. १८२०) भाद्रकृष्णषष्ठीमा लेखिसिद्धिएको *हिमवत्खण्डे चतुषष्ठिस्वयंभु-शिवलिंगस्य* स्नानजात्राया* क्रम** (आफैँ उत्पन्न, चौसट्ठी शिवलिङ्गको *हिमवत्खण्ड*मा स्नानयात्राको क्रम) ।

चित्तधर 'हृदय' २०२८

= ने.सं. १०९१ (वि.सं. २०२८) मा काठमाडौँबाट नेपालभाषापरिषद्द्वारा प्रकाशित, चित्तधर 'हृदयको' *नेपालभाषा साहित्यया जात:* (नेवारी साहित्यको चिना) ।

चौसष्टिलिङ्गयात्रा

= वि.सं. २०१३ मा काशीबाट योगप्रचारिणीद्वारा प्रकाशित *हिमवत्खण्ड*को परिशिष्ट ६४-७२ पृष्ठमा छापिएको *चौसष्टिलिङ्गयात्रा*।

जयराज आचार्य २०४९

= *नेपालमाहात्म्य*मा हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

टप्अग्ग्राफ्इक्ल सर्भे ब्रान्च २०४४/४५

= ई.सं. १९८८ (वि.सं. २०४४/४५) मा काठमाडौँबाट न्याश्अनल काउन्सिल फर साइअन्स यान्ड टेक्नल्अजिको म्यापइङ सब्-कमिट्इद्वारा प्रकाशित, टप्अग्ग्राफ्इक्ल सर्भे ब्रान्चको *इन्डेक्स् अफ् जिअग्रफ्इक्ल् नेम्ज् अफ् नेपाल्* (नेपालका स्थाननामको फेहरिस्त) २ भाग ।

टी. डबूल्यू. क्लार्क २०१४

= ई.सं. १९५७ (वि.सं. २०१४)मा केम्ब्रिजबाट केम्ब्रिज यूनिभर्‌सिटि प्रेसद्वारा प्रकाशित *बुल्इटिन् अफ् द स्कूल् अफ् अरइअन्टल् यान्ड् याफ्रिक्यान् स्टड्इज्* (स्कूल अफ अरइअन्टल यान्ड याफ्रिक्यान स्टड्इज़को पत्रिका) २० ठेलीका १६६-१८७ पृष्ठमा छापिएको, टी. डबूल्यू. क्लार्कको *द रानी पोखी इन्स्क्रिप्शन् काठ्माण्डु* (काठमाडौँ रानीपोखरीको उत्कीर्ण लेख) ।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* २ भाग (मध्यकालको नेपाल) ।

डिल्लीरमण रेग्मी २०४०

= ई.सं. १९८३ (वि.सं. २०४०) मा नयाँ दिल्लीबाट अभिनव पब्लिकेशन्ज़द्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल्* (प्राचीन नेपालका उत्कीर्ण लेख) २ भाग ।

तीर्थदीपिकानुसारिणी पाशुपतक्षेत्रे बृहत्क्षेत्रप्रदक्षिणापद्धतिः

= वि.सं. २०१३ मा काशीबाट योगप्रचारिणीद्वारा प्रकाशित, *हिमवत्खण्ड*को परिशिष्ट २१-३५ पृष्ठमा छापिएको, शाके १७७५(वि.सं. १९१०) श्रावणमा चाँगुमा लेखिएको *तीर्थदीपिकानुसारिणी पाशुपतक्षेत्रे बृहत्क्षेत्रप्रदक्षिणापद्धतिः* (*तीर्थदीपिका*अनुसारको, पाशुपत क्षेत्रमा बृहत्क्षेत्रप्रदक्षिणापद्धति) ।

दामोदर प्याकुर्‍याल

= वि.सं. २०१३ मा काशीबाट योगप्रचारिणीद्वारा प्रकाशित *हिमवत्खण्ड*को परिशिष्ट १-२१ पृष्ठमा छापिएको, दामोदर प्याकुर्‍यालको *वाग्मती*तीर्थयात्राविधान* ।

दीपक शिम्खडा २०४०-२०४१

= ई.सं. १९८४ को वसन्त (वि.सं. २०४०-२०४१)मा लन्डनबाट एस्केनाजीद्वारा प्रकाशित *अरइअन्टल् आर्ट्* (प्राच्य कला)को नयाँ श्रृङ्खला ३० ठेली ४ अङ्कमा छापिएको, दीपक शिम्खडाको *प्रताप्मल्ल'ज् पिल्ग्रिमिज्: यान् हिस्टरइक्ल् पेन्टइङ् फ्रम् नेपाल्* (प्रताप मल्लको तीर्थाटन– नेपालको एउटा ऐतिहासिक चित्र) ।

देवतीर्थादिनाममाला

= वि.सं. २०१३ मा काशीबाट योगप्रचारिणीद्वारा प्रकाशित *हिमवत्खण्ड*को परिशिष्ट ८१-८४ पृष्ठमा छापिएको *देवतीर्थादिनाममाला* ।

धनवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य प्रधान सम्पादक र रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल सम्पादक भई तयार गरिएको *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धनवज्र वज्राचार्य २०३०

= वि.सं. २०३० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख*।

नयराज पन्त २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०४ पूर्णाङ्कका ३४-४८ पृष्ठमा छापिएको, नयराज पन्तको *प्रताप मल्ल र प्रतापसिंह शाह*।

नरहरिनाथ २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ५ अङ्कका ४३-४७ पृष्ठमा छापिएको, नरहरिनाथको *आदर्शपुस्तकम्* (मूल पुस्तक)।

नरहरिनाथ २०१० क

= वि.सं. २०१० मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका २६-३५ पृष्ठमा छापिएको, नरहरिनाथको *गुह्येश्वर्या इतिहास** (गुह्येश्वरीको इतिहास)।

निकोलस जी. रोड्स, कार्ल गाब्रिश र सी. फाल्देत्तारो पोन्तेकोर्भो देला रोसेता २०४५/४६

= ई.सं. १९८९ (वि.सं. २०४५/४६) मा लन्डनबाट रइअल न्यूमिज्म्याट्इक ससाइइटिबाट प्रकाशित, निकोलस जी. रोड्स, कार्ल गाब्रिश र सी. फाल्देत्तारो पोन्तेकोर्भो देला रोसेताको *कइन्एज् अफ् नेपाल्* (नेपालका सिक्का)।

नेपालमाहात्म्य

= ई.सं. १९०१ (वि.सं. १९५७)मा काशीबाट प्राभाकरी कम्पनीद्वारा प्रकाशित, मुरलीधर झाको *श्रीस्कन्दपुराणान्तर्गतं नेपालमाहात्म्यम्* (*श्रीस्कन्दपुराणअन्तर्गत नेपालमाहात्म्य*)।

= ई.सं. १९७० (वि.सं. २०२७)मा म्युनिखबाट विल्हेल्म फिङ्क फेर्लागद्वारा प्रकाशित, हेल्गा ओइबाखको *दास् नेपालमाहात्म्यं देस् स्कन्दपुराणं* (*स्कन्दपुराणको नेपालमाहात्म्य*)।

= वि.सं. २०३३ मा काशीबाट चौखम्बा अमरभारतीप्रकाशनद्वारा प्रकाशित, केदारनाथ शर्माको *स्कन्दपुराणान्तर्गतं नेपालमाहात्म्यम् सपरिशिष्ट–'पार्वती'हिन्दीव्याख्योपेतम्* (*स्कन्दपुराणअन्तर्गत नेपालमाहात्म्य*, परिशिष्टसहित, *पार्वती*[नाउँको] हिन्दी व्याख्या भएको)।

= ई.सं. १९९२ (वि.सं. २०३८/३९)मा जयपुरबाट निराला पब्लिकेशन्सद्वारा प्रकाशित, जयराज आचार्यको *द नेपाल-माहात्म्य अफ् द स्कन्दपुराण: लेजन्ड्ज् अन् द सेक्रिड् प्लेसइज् अफ् नेपाल्* (*स्कन्दपुराण*को *नेपालमाहात्म्य*-नेपालका पवित्र स्थलहरूका पुराणकथा)।

पतञ्जलि शर्मा गजुरेल १९९३

= वि.सं. १९९३ मा काशीबाट प्रकाशित, षडानन्द ग. शुक्लद्वारा संशोधित, पतञ्जलि शर्मा गजुरेलको *श्रीधीरादेश पातञ्जलतीर्थावली श्रीइयुद्धप्रकाश* ।

पशुपतिपुराण

= वि.सं. २०११ मा काठमाडौँबाट भीमप्रसाद उपाध्यायद्वारा प्रकाशित, नरहरिनाथको *श्रीमत्पशुपतिपुराणम् पूर्वार्धम्* (*श्रीपशुपतिपुराण पूर्वार्ध*)।

= वि.सं. २०२९ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, मधुसूदन रिसाल 'प्रदीप'को *पशुपति-पुराण*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पातञ्जलतीर्थावली

= पतञ्जलि शर्मा गजुरेलमा हेर्नू ।

प्रतापादित्य पाल २०३४/३५

= ई.सं. १९७८ (वि.सं. २०३४/३५) मा लाइडनबाट ई.जे. ब्रिलद्वारा प्रकाशित, प्रतापादित्य पालको *दि आर्ट्स् अफ् नेपाल्* (नेपालका कला) २ भाग ।

प्रतापादित्य पाल २०५९

= ई.सं. २००३ (वि.सं. २०५९)मा शिकागोबाट दि आर्ट इन्स्टिट्युट अफ शिकागोद्वारा प्रकाशित, प्रतापादित्य पालको *हिमालयज्: यान् ईस्थीट्इकल् अड्भेन्चर्* (हिमालय– सौन्दर्यपरक वृत्तान्त) ।

ब्राह्मणमहासम्मेलन १९८७

= शाके १८५२ (वि.सं. १९८७)मा काशीबाट ब्राह्मणमहासम्मेलनद्वारा प्रकाशित *ब्राह्मणमहासम्मेलनम्* ३ वर्ष ५ सङ्ख्यामा छापिएको *श्रीमद्धर्मप्राण–पूजनीयचरणा लक्ष्मणशास्त्रिणो महानुभावा विजयन्ते* (श्रीमान्, धर्म नै प्राण भएका, पूजा गर्न लायकको पाउ भएका लक्ष्मणशास्त्री महानुभावको जय होस्) ।

भाषावंशावली २ भाग

= वि.सं. २०२३ मा श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागको नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित, देवीप्रसाद लंसालको *भाषा-वंशावली* २ भाग ।

मनुस्मृति

= ई.सं. २००५ (वि.सं. २०६२)मा अक्स्फर्डबाट अक्स्फर्ड यूनिभर्सिटि प्रेसद्वारा प्रकाशित, प्याट्रिक ओलिवेलको *मनुंज् कोड् अफ् लः अ क्रिट्इक्ल् एडिशन् यान्ड् ट्रान्स्लेशन् अफ् द मानव-धर्मशास्त्र* (मनुको कानून– *मानव-धर्मशास्त्र*को मूलपाठको परीक्षा गरी तयार गरिएको संस्करण र उल्था) ।

महेशराज पन्त २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, महेशराज पन्तको *जातरूपंज् कमेन्टरि अन् दि अमरकोष* (*अमरकोष*मा जातरूपको टीका) १ भाग ।

महेशराज पन्त २०६३

= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२२ पूर्णाङ्कका १-६१ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

महेशराज पन्त २०६५

= वि.सं. २०६५ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठानद्वारा प्रकाशित, महेशराज पन्तको *नयराज पन्तलाई चिनाउनको लागि* ।

महेशराज पन्त २०६६

= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १३१ पूर्णाङ्कका १९३-२२५ पृष्ठमा छापिएको, महेशराज पन्तको *सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफू २ खण्ड* ।

महेशराज पन्त २०६९

= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३४ पूर्णाङ्कका ८७-३५४ पृष्ठमा छापिएको, महेशराज पन्तको *इटुंबहालको प्रज्ञा-पारमिता– खस-नेवारसम्पर्कको नतीजा* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त छापिन बाँकी

= *टुवर्ड्ज् दि आइडेन्टिफिकेशन् अफ् लुण्ठिकेश* (लुण्ठिकेशलाई चिन्नतर्फ)।

मेअरी शेफर्ड स्लसर २०३९

= ई.सं. १९८२ (वि.सं. २०३९)मा प्रकाशित, मेअरी शेफर्ड स्लसरको *नेपाल् मण्डल: अ कल्चरल् स्टड्इ अफ् द काठमान्डू भ्याल्इ* (नेपालमण्डल– काठमाडौँखाल्डोको संस्कृतिको परिशीलन) २ भाग।

मुक्तिनाथ खनाल २०२८

= *नेपालमाहात्म्य*मा हेर्नू।

मुरलीधर झा १९५७

= *नेपालमाहात्म्य*मा हेर्नू।

मोहनप्रसाद खनाल २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *चाँगुनारायणका ऐतिहासिक सामग्री*।

याल्इग्ज़्यान्डर म्याक्डनल्ड र आन वेर्गाति स्ताल २०३६

= ई.सं. १९७९ (वि.सं. २०३६)मा नयाँ दिल्लीबाट विकास पब्लिश्इङ हाउसद्वारा प्रकाशित, याल्इग्ज़्यान्डर म्याक्डनल्ड र आन वेर्गाति स्तालको *नेवार् आर्ट्: नेपालीज् आर्ट् ड्ययूरङ् द मल्ल पीर्इअड्* (नेवारकला– मल्लकालमा नेपाली कला)।

राजितवहादुर श्रेष्ठ २०६०

= ने.सं. ११२४ (वि.सं. २०६०)मा ललितपुरबाट न्हू हिसु पुचःद्वारा प्रकाशित, राजितवहादुर श्रेष्ठको *चौंसाठी शिवलिंग** ।

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशितस रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक-पत्रसंग्रह* २ भाग।

लीलाभक्त मुनंकर्मी २०४१

= वि.सं. २०४१ मा भक्तपुरबाट भवानी केशरी मुनंकर्मीद्वारा प्रकाशित, लीलाभक्त मुनंकर्मीको *नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन*।

*वाग्मती*तीर्थयात्राविधान*

= दामोदर प्याकुऱ्यालमा हेर्नू।

वीणा पौड्याल २०५७

= वि.सं. २०५७ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व*केन्द्रीय* विभागद्वारा प्रकाशित, वीणा पौड्यालको *नेपाली मूर्तिकला र चित्रकला*।

शङ्करमान राजवंशी २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय, पुरातत्त्वविभागको राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *कान्तिपुर-शिलालेख-सूची*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शङ्करमान राजवंशी र ज्ञानमणि नेपाल २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ३ अङ्कका १-९ पृष्ठमा छापिएको, शङ्करमान राजवंशी र ज्ञानमणि नेपालको *काष्ठमण्डपे प्रतापमल्लस्य शिलालेख:* (काठमाडौँमा प्रताप मल्लको शिलालेख) ।

सनत*कुमार वस्ती २०६४

= वि.सं. २०६४ मा नेपाल संस्कृतविश्वविद्यालयमा सनत*कुमार वस्तीले पीएच्.डी.को लागि पेश गरेको थीसिस *राजा प्रताप मल्लका अभिलेखहरुको साहित्यिक अध्ययन*।

सिल्विं लेवि १९६१/६२

= ई.सं. १९०५ (वि.सं. १९६१/६२)मा प्यारिसबाट एर्नेस्त लरूद्वारा प्रकाशित, सिल्विं लेविको *ल नेपाल्, एत्यूद् ईस्तोरीक् दाँ च्वाइयोम् आँदू* (नेपाल– एउटा हिन्दू राज्यको इतिहासको परिशीलन) १ ठेली ।

सिल्विं लेवि १९६४/६५

= ई.सं. १९०८ (वि.सं. १९६४/६५)मा प्यारिसबाट एर्नेस्त लरूद्वारा प्रकाशित, सिल्विं लेविको *ल नेपाल्, एत्यूद् ईस्तोरीक् दाँ च्वाइयोम् आँदू* ३ ठेली ।

सिल्विं लेवि २०४६

= वि.सं. २०४६ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ११४ सङ्ख्याको अङ्ग्रेजी खण्डका २८-३९ पृष्ठमा छापिएको, सिल्विं लेविको *नोट् अन् द टू प्लेट्स् याड्इड् टु द फर्स्ट् भ्ल्युम्* (पहिलो ठेलीमा थपिएका २ वटा फलकबारे टिप्पणी) ।

(सिल्विं लेवि १९६४/६५का १५८-१८० पृष्ठमा छापिएको *नोट् स्युर् ले द्यु प्लँश् आनेक्से ओ प्रमिए भोल्युम* (पहिलो ठेलीमा थपिएका २ वटा फलकबारे टिप्पणी)को अङ्ग्रेजी उल्था) ।

हरिराम जोशी २०३०

= वि.सं. २०३० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, हरिराम जोशीको *नेपालको प्राचीन अभिलेख* ।.

हिमवत्खण्ड

= वि.सं. २०१३ मा काशीबाट योगप्रचारिणीद्वारा प्रकाशित; नरहरिनाथ, लोकराज सत्याल, चन्द्रनाथ, लक्ष्मीनारायण चौडिलागाईद्वारा सम्पादित; राधानाथ लोहनी आदि ४४ जनाभन्दा बढीद्वारा अनूदित *हिमवत्खण्ड: (स्कन्दपुराणमध्ये)* (*हिमवत्खण्ड* (*स्कन्दपुराणबाट*) ।

हेराकाजी वज्राचार्य र दिपक* वज्राचार्य

= विनामितिको, ललितपुरबाट विश्वशान्तिपुस्तकालयद्वारा प्रकाशित, किरण भाई वज्राचार्य र अनिल बीर* वज्राचार्यद्वारा सम्पादित, मिन*बहादुर शाक्यद्वारा अनूदित, हेराकाजी वज्राचार्य र दिपक* वज्राचार्यको *नेवा बौद्ध पूजा क्रियाय् छ्यला नाला वयाच्वंगु हलंज्वलं विवरण पुस्तिका / अ बुक्लेट् अन् द मटीर्इअल् युज्ड् इन् द वर्शिप् रिट्युअल्* (नेवार बौद्ध पूजाआजामा प्रयोगमा आइरहेका सामग्रीको विवरणपुस्तिका /पूजाआजाहरूमा प्रयोग हुने सामग्रीसम्बन्धी पुस्तिका) ।

हेल्गा ओइबाख २०२७

= *नेपालमाहात्म्यमा* हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहिलो गाता

पृष्ठ ८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३७ पृष्ठ

७१ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृष्ठ ३८



कुमार रञ्जितले खिंचेको फोटो

योगेश राजबाट पाएको फोटो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अन्तिम गाता

CC-0. Nepal Sanskrit Academy, Kathmandu



८ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu



३ पृष्ठ

४ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu



पृष्ठ ८

पृष्ठ ३

CC-0. Nepal Sanskrit Academy, Kathmandu



छवि ७

छवि ८

CC-0. Nepal Sanskrit Academy, Kathmandu



पृष्ठ ८

पृष्ठ ९

CC-0. Nepal Sanskrit Academy, Kathmandu



पृष्ठ ११

पृष्ठ १२

CC-0. Nepal Sanskrit Academy, Kathmandu



पृष्ठ २३

पृष्ठ २४

CC-0. Nepal Sanskrit Academy, Kathmandu



पृष्ठ २८

पृष्ठ ३८

CC-0. Nepal Sanskrit Academy, Kathmandu



१७ पृष्ठ

१८ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu



१९ पृष्ठ

२० पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२१ पृष्ठ

२२ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२३ पृष्ठ

२४ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२५ पृष्ठ

२६ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२७ पृष्ठ

२८ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu



२९ पृष्ठ

३० पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu



३१ पृष्ठ

३२ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu



पृष्ठ ३३ पृष्ठ ३६

CC-0. Nepal Sanskrit Academy, Kathmandu



३५ पृष्ठ

३६ पृष्ठ



छवि २८



छवि २९

CC-0. Nepal Sanskrit Academy, Kathmandu



४० पृष्ठ

४१ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu



पृष्ठ ४८

पृष्ठ ४९

CC-0. Nepal Sanskrit Academy, Kathmandu



४४ पृष्ठ

४५ पृष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आत्मसंशोधन र थप कुरा

–महेशराज पन्त

१. *पूर्णिमा* १३४ पूर्णाङ्क ८७-३५४ पृष्ठमा छापिएको *इटुंबहालको प्रज्ञापारमिता- खस-नेवारसम्पर्कको नतीजा* भन्ने लेखमा परेका अशुद्धिको संशोधन *पूर्णिमा* १३६ पूर्णाङ्क ४३७-४४१ पृष्ठमा छापिएको *इटुंबहालको प्रज्ञापारमितातर्फ फेरि एकपल्ट– आत्मसंशोधन* भन्ने लेखमा गरिएको थियो। *इटुंबहालको प्रज्ञापारमिता* भन्ने लेखमा गल्ती अझै निख्रिसकेका रहेनछन् भन्ने कुराको उदाहरण १८३ पृष्ठमा टिप्पणीको १ पङ्क्तिमा, २३० पृष्ठमा ४२० सङ्ख्याको टिप्पणीको १० पङ्क्तिमा र ३४९ पृष्ठको २२, २३ पङ्क्तिमा देखिएको छ। यसैले ती ती ठाउँमा **सिल्विं लेवि १९६५/६६** लाई **सिल्विं लेवि १९६४/६५** बनाउनुपर्छ।

२. **नेपाललाई नयपाल** लेखिएकोको चर्चा *पूर्णिमा* १३४ पूर्णाङ्कमा छापिएको त्यही लेख (§ २३=२०८-२०९)मा गरिएको छ। **नेपाललाई नयपाल** लेखेको अर्को एउटा उदाहरण शाके १८५२ (वि.सं. १९८७)मा काशीबाट ब्राह्मणमहासम्मेलन-कार्यालयबाट छापिएको *ब्राह्मणमहासम्मेलनम्* ३ वर्ष ८ अङ्कका १९९-२०० पृष्ठमा छापिएको, *मनोव्यथा* भन्ने कविताका रचयिताको विषयमा लेख्दा **नयपालाभिजनः श्रीजुननाथशास्त्री**मा पाइएको छ।

३. *पूर्णिमा* १३६ पूर्णाङ्कका ४४०-४४१ पृष्ठमा छापिएको *अशोक र ब्राह्मण* भन्ने लेखको उपन्यास (४३७-४३९)को २ सङ्ख्याको टिप्पणीमा **त्यहाँ** २ चोटि छापिएकोमा अघिल्लो **त्यहाँ** हटाउने।

४. ई.सं. २०१२ अक्टोबर २१ (वि.सं. २०६९ आश्विन ५ गते) संशोधन-मण्डलमा यस्तो ई-मेल आयो–

महेश गुरु,

सधैँ झैँ पूर्णिमा १३६ पूर्णाङ्क हात पर्ने बित्तिकै एकसरो पढी भ्याएँ। प्रताप मल्लका दुई ताम्रपत्र मूलसँग रूजू गरी पढें। पहिलेको पाठ (पृष्ठ ४६७-८) केही अशुद्ध रहन गएजस्तो लाग्यो। ती त्रुटी खासै ठूला होइनन्। तर हजूरले आफै स्थापना गर्नुभएको मापदण्ड सुहाउँदा भएनन् भन्ने लागेर यो ईमेल लेखेको हुँ। अन्यथा लिनु नभई मप्रति रहेको हजुरको स्नेह सधैँ अटुट रहोस् भन्ने प्रार्थना गर्दछु।

हरप १ : मूलमा ठाकलसन भएकोमा ठाकुलसन।

हरप ३ : मूलमा सज्ञकं भएकोमा संज्ञकं।

हरप ५ : मूलमा एतखां भएकोमा एतेखां।

हरप ६ : मूलमा यौव भएकोमा यौ व।

हरप ८ : मूलमा रायण भएकोमा नारायण। मूलमा हरप ७ ना मै टुङ्गिएको देखिन्छ।

दोस्रोको पाठ शुद्ध छ। खालि पङ्क्ति ७ मा पत्रार्थे पछि आएको अर्धविराम चिन्ह मूलमा मैले देखिनँ।

अर्को एउटा खसखस लागेको कुरा। हजुरले वाक्यको अन्तमा दिनुहुने पादटिप्पणीको संकेतसंख्या प्रायः पूर्णविरामपछि राखिएको छ। जस्तो, पृष्ठ ४५२ मा आएको कण्डिका २ को उद्धरणवाक्य, सोही पृष्ठमा परेको कण्डिका २।१ को चौथो हरप, पृष्ठ ४५३ मा परेको कण्डिका २।३ को तेश्रो हरप। तर सोही पृष्ठमा र अरू कतै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कतै भने त्यो पूर्णविराम अघिल्तिर पनि पर्न गएको रहेछ । जस्तो, सोही पृष्ठको पहिलो हरप, पाँचौँ हरप, पृष्ठ ४५४ को कण्डिका २।५ को तेश्रो हरप, पृष्ठ ४३८ को तेश्रो हरप । एकरूपता भए अझ बढीया हुने थियो ।

अरुले मिहेनत गरी बनाएको कृतिमा यस्ता झीना मसिना दोष देखाएर के पौरख देखाएको भन्ने नठानी दिनु होला । हजुरबाट वात्सल्यभावको सधैँ कामना गर्नेले त्यस्तो काम कसरी गर्न सकुँला ।

हजुरको पदचिन्ह पछ्याउने,

योगेश

४.१. मूलपाठ उतार्दा शुद्ध शब्द पनि मूलमा अशुद्ध लेखिएको भए अशुद्धै सार्नुपर्ने हुन्छ । मेरो असावधानीले गर्दा कहीँ कहीँ मूलपाठ दुरुस्त उत्रिएनछ । ती गल्ती देखाइदिएकोमा श्रीयोगेश राजलाई धन्यवाद ।

४.२. श्रीयोगेश राजद्वारा निर्दिष्ट ताम्रपत्रको ६ पङ्क्तिमा **यौव** भएकोमा मेरो पाठमा **यौ व** भई छापियो भनी यस पत्रमा लेखिएको छ । त्यस वेलाको पद्धतिअनुसार त्यस ताम्रपत्रमा हरेक अक्षर छुट्ट्याएर लेखिएकोले यसलाई गल्ती नै भन्न मिल्दैन तापनि अहिले चलनचल्तीमा प्राचीन पाठ उतार्दा यस्तो वलाई अघिल्लो शब्दसँग जोडेर लेख्ने चलन चलेको र मैले पनि यसै गरी जोडेर नै लेख्ने गरेकोमा[१] यहाँ **यौव** छापिएको भए बढी राम्रो हुन्थ्यो ।

४.३. मैले पादटिप्पणी राख्दा सङ्केतसङ्ख्या सामान्यतया दण्डपछि राख्ने गरेको भए पनि त्यस नियमको कहीँ कहीँ व्यतिक्रम भएको छ भन्ने कुरा पनि माथिको ई-मेलमा लेखिएकोले मेरो टिप्पणीरखाइको विषयमा अब स्पष्ट पार्नुपरेको छ । कुरा के भने एउटै वाक्यमा कुनै वाक्यांशको पुष्टि गर्नुपर्ने अवस्थामा भने त्यस वाक्यांशको पछिल्लो शब्दमा म सङ्केतसङ्ख्या राख्छु, यसरी वाक्यांशमा सङ्केतसङ्ख्या राखिसकेपछि पूरै कुराको पुष्टि गर्नुपर्ने अवस्था आउँदा त्यो सङ्केतसङ्ख्या दण्डपछि नआई दण्डको ठीकअगाडिको शब्दमाथि बस्छ, कहीँ कहीँ एउटा वाक्यमा २ वटा वाक्यांशको पुष्टि अलग अलग गर्नुपर्दा ती ती वाक्यांशका अन्तिम शब्दमाथि टिप्पणी बस्ने गर्छ ।

मेरो लेख यसरी गढेर पढेकोमा श्रीयोगेश राजलाई फेरि पनि धन्यवाद ।

५. यही वि.सं. २०६९ आश्विन २१ गते मङ्गलवारको दिन श्रीदेविचन्द्र श्रेष्ठले यही ताम्रपत्रको ६ पङ्क्तिमा परेको **रखगार** शब्दको मैले कुनै अर्थ नगरी उल्था गर्दा त्यही शब्द राखी प्रश्नचिह्न हालेको कुरा उठाउनुभयो । **रख**को अर्थ **पानी** र **गार**को अर्थ **खाल्डो** हो, खेतमा पानी चाहिने हुनाले पानी जमाइरहेको खाल्डोलाई यहाँ **रखगार** शब्दले बुझाएको हुनुपर्छ भनी उहाँले भन्नुभयो । उहाँको अर्थगराइ मेरो मनले पनि खायो ।

५.१. *पूर्णिमा* १३६ पूर्णाङ्कको ४७० पृष्ठमा छापिएको ने.सं. ७८१ कार्तिकपूर्णिमाको ताम्रपत्रमा भएको **पुराण क्वाथजु**को अर्थ मैले **पुरानो.किल्ला एक जोर** भनी गरेको अर्थ पनि मिलेन भनी त्यही दिन श्रीदेविचन्द्र श्रेष्ठले भन्नुभयो । यसको अर्थ के हो त भनी सोध्दा यहाँको **जु** आदरार्थी हो भन्ने उहाँको तर्क थियो । किल्लामा आदरार्थी शब्द

---

१. उदाहरणको लागि वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* १२३ पूर्णाङ्कका १६६ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवी प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र*मा मूलको १७ पङ्क्ति (४ पृष्ठ) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

किन लाग्यो भनी मैले प्रश्न गर्दा त्यस्तो मैले अन्त पनि देखेको छु भनी उहाँले जवाफ दिए पनि कहाँ देखेको हो, त्यो कुरा भने उहाँबाट खुलेन ।

६. मल्ल राजाहरूका पुराना पुराना ताम्रपत्रहरूमा छाप नलगाउने चलनको विषयमा मैले लेख्दा रुक्मनाथ पौडेलले वि.सं. २०४२ मा *सौदामिनी* ३ भागमा छपाएको, ने.सं. ७९७ (वि.सं. १७३४) आश्विनकृष्णतृतीयाको दिन प्रजापति शर्मालाई ५० रोपनी खेत बिर्ता दिँदा गरिदिएको ताम्रपत्रको फ्याक्सिमिलि कतै नछापिएको र मूल ताम्रपत्र पनि मैले नदेखेको भए पनि यस ताम्रपत्रको लम्बाइ चौडाइ इत्यादि विवरण लेख्दा पनि यस ताम्रपत्रका सम्पादकले छापको कुरै नउठाएकाले यसमा छाप लगाइएको छैन भन्ने मैले ठानेको छु भनी *पूर्णिमा* १३६ पूर्णाङ्कमा छापिएको *नेवारराज्यमा ब्राह्मण– प्रताप मल्लका २ ताम्रपत्र* भन्ने लेख(४५४ पृष्ठमा १७ सङ्ख्याको टिप्पणी)मा मैले लेखेको छु । *पूर्णिमा*को त्यो अङ्क छपाउन श्री प्रेस जाँदा त्यस प्रेसका धनी श्रीरुक्मनाथ पौडेलले सधैँ जस्तो यसपालि पनि छपाउन लगेको त्यो अङ्क सरसरी हेर्नुभयो र त्यस ताम्रपत्रको, आफ्नो सङ्ग्रहमा रहेका सीसाकलमले घोटी लिइएका २ प्रति रबिङ दिनुभयो । रबिङमा छाप नभएकोले मैले गरेको अडकल ठीक देखियो । १३६ पूर्णाङ्कमै त्यस रबिङको फ्याक्सिमिलि छपाएको भए बढी प्रासङ्गिक हुने भए पनि पृष्ठ बाँधिसकेको, त्यस अङ्कको रचना पूरै जस्तो भत्काउनुपर्ने भएकोले मैले त्यो आँट गरिनँ । त्यो दुर्लभ रबिङको उपयोग अरूहरूले पनि गर्न पाऊन् भनी त्यसको फ्याक्सिमिलि यस अङ्कमा छपाएको छु ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्तले आफ्ना विद्यार्थीको लागि वि.सं. २००९ को दशैँमा गरेको प्रार्थना

[नयराज पन्त (वि.सं. १९७०-२०५९)ले दिनकादिन जस्तो केहीनकेही लेख्ने गरेका, कलेजी रङ्गका, झण्डै ४०० पृष्ठ भएका, फूलस्केप साइजका, २ वटा सजिल्द कापी छन् । तिनमध्ये एउटा कापीबाट झिकिएका, २ वटा लेख *पूर्णिमाका* १३५ पूर्णाङ्कको ३६० पृष्ठमा र १३६ पूर्णाङ्कको ४४१ पृष्ठमा छापिएका छन् । अहिले अर्को त्यस्तै कापीको ३३८ पृष्ठमा आफ्नो ३९ वर्षको उमेरमा नयराज पन्तले संस्कृतमा लेखेको कुरा यहाँ छपाइँदैछ । अघिल्लो कापीमा जस्तै बाँसको कलमले कालो पाको मसीले यो लेखिएको छ । तेस्रो पद्य छोडेर अरू बाँकी उनकै हस्ताक्षरमा छ र त्यो पद्यचाहिँ उनकी माहिली छोरी धनदेवी (वि.सं. १९९८-२०४२)को हस्ताक्षरमा छ ।

वि.सं. २००९ को घटस्थापनादेखि षष्ठीसम्म अर्थात् आश्विन ६ गते आदित्यवारदेखि आश्विन १० गते बृहस्पतिवारसम्मका ५ दिनभित्र दिनको एउटा एउटा गरेर यी पद्य रचिएको देखिन्छ । पहिलो पद्य जुन दिन रचियो, त्यो दिन *इतिहास-संशोधनको* प्रकाशनको थालनी भएको दिन थियो अर्थात् त्यो दिन केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारीको *इतिहास-संशोधन* निस्किएको थियो ।

यी पद्य दशैँकोठामा देवीको अगाडि बस्दा बस्दै नयराज पन्तले रचेको देखिन्छ ।

रूपं देहि जयं देहि भगं भगवति देहि मे ।

पुत्रान् देहि धनं देहि सर्वान् कामान् प्रदेहि मे ।।

अर्थात्

हे भगवती मलाई रूप दिनुहोस्, जय दिनुहोस्, भाग्य दिनुहोस्, छोराछोरी दिनुहोस्, धन दिनुहोस्, सबै इच्छा पुऱ्याइदिनुहोस् ।

भनी प्रार्थना गर्ने वंशपरम्पराका नयराज पन्तले यी पद्यमा आफ्ना शिष्यहरूको विद्यावृद्धिको कामना उनले गरेका छन् । मेरा चेलाहरू ठूलो विद्वान् होऊन् र तिनले यस देशलाई विदेशीको दासताबाट मुक्त गर्न सकून् भन्ने भाव पहिलो पद्यमा व्यक्त छ । यसको मतलब आफ्ना विद्यार्थीहरू ठूला विद्वान् मात्र नभई नेपालमा विद्याको क्षेत्रमा रहेको, विदेशीको प्रभुत्व आफ्ना चेलाहरूले हटाउन सकून् भन्ने उनको कामना रहेको बुझिन्छ । विदेशीको भनाइ नै प्रामाणिक ठान्ने, मिहीन दृष्टि नभएका विद्यार्थीहरू मेरो जीवनको सार भएको पाठशालामा कहिल्यै नआऊन् भनी उनले चारौँ पद्यमा लेखेकाले विदेशी प्रभावको भरमा डीङ हाँक्नेहरूबाट आफू टाढा बस्ने उनको इच्छा भएको बुझिन्छ । विद्वान् भनाउँदा र आफूलाई विद्वान् ठान्ने तथा अरूलाई चाकरी गराउने मानिसहरूबाट आफ्ना चेलाहरू टाढै बसून् भन्ने उनको कामना पाँचौँ पद्यमा व्यक्त छ ।

नयराज पन्तको मूल लेख जस्ताकोतस्तै तल उतारिएको छ र त्यसपछि मैले गरेको नेपाली उल्था दिइएको छ ।

-महेशराज पन्त]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आश्विनशुक्लद्वितीयायाम्
प्रातर्देव्याः पुरः प्रार्थना

२००९।६।६।१

अम्ब त्वदीयकृपया मम शिष्यवर्गो
विद्यागुणैरतिततैः परिभूषितः स्यात्
दास्यात्परैरुपहिताच्च समस्तमेव
देशं विमोक्तुमपि स प्रभुतां प्रयायात्

६।७।२

विद्या प्रयात्वनुदिनं गरिमाणमेव
बुद्धिश्च मर्त्यनिवहस्य विकाशमेयात्
एवं निधाय हृदये लषितं यियासो-
र्दुर्गे ममात्र पदवीं प्रकटां विधेहि

६।८।३।

लोके च तत्त्वविषया मतिरेतु वृद्धिं
तस्याः कृते प्रयततामपि शिष्यवर्गः
रूपं च गूढतमतामवगाहमानं
धत्तां शनैः प्रकटतामिह तावकीनम्

६।९।४

सूक्ष्मेक्षिकाविरहिताः परकीयवाचां
प्रामाण्यमेव वदनेन समुद्वहन्तः
विद्यार्थिनो नहि भजन्तु कदाचिदेव
पाठालयं तु मम जीवनसारभूतम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६।१०।५

विद्वद्ब्रुवत्वमधिगम्य पुनः परेषां
लालाटिकत्वमभिकाङ्क्ष्य निजान् मनुष्यान्
धीप्सन्ति ये हतधियः कृतिमानिनश्च
तान् दूरतस्त्यजतु मे खलु शिष्यवर्गः[१]

उल्था

आश्विनशुक्लद्वितीयामा बिहान देवीको अगाडि प्रार्थना

२००९।६।६।१

हे आमा तिम्रो कृपाले मेरो शिष्यवर्ग ज्यादै फैलिएका विद्यारूपी गुणले सिँगारिएको होओस्। पराईहरूद्वारा लगाइएको दासताबाट सबै नै देश मुक्त पार्न पनि त्यो समर्थ होओस्।

६।७।२

विद्या दिनकादिन गरुङ्गो हुँदै जाओस्। मानिसहरूको बुद्धिको विकास होओस्। यस्तो इच्छा मनमा राखेर जान खोज्ने मेरो यहाँ हे दुर्गा बाटो प्रकट गरिदेऊ।

६।८।३

लोकमा तत्त्वविषयक बुद्धि बढोस्। त्यसको लागि शिष्यवर्गले पनि कोशिश गरोस्। तिम्रो अत्यन्त गुप्त रूप पनि यहाँ बिस्तारै प्रकट होओस्।

६।९।४

मिहीन हेराइ नभएका, पराईका भनाइको प्रामाण्य नै मुखले भन्ने विद्यार्थीहरू मेरो जीवनको सार भएको पाठशालामा कहिल्यै नआऊन्।

६।१०।५

विद्वान् भनाउँदो [पद]मा पुगेर फेरि अरूहरूको मुख ताक्ने हुने इच्छा गरेर आफ्ना मानिसहरूको अगाडि आफूलाई विद्वान् ठान्ने जो मूर्खहरू छन्, तिनीहरूलाई मेरो शिष्यवर्गले यढैबाट छोडोस्।

---

१. मूलमा तान् दूरतस्त्यजतु मे शिष्यवर्गः मात्र छ। यति मात्र राख्दा पादपूरण नहुने हुनाले लेख्दा २ अक्षर छुटेको स्पष्ट छ। यसैले खलु थपिएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जगदम्बाश्रीपुरस्कार पाउँदा संशोधन-मण्डलद्वारा प्रस्तुत वक्तव्य

वि.सं. २०६९।६।२१।१ मा जगदम्बाश्रीपुरस्कार संशोधन-मण्डलले विधिवत् पाएपछि त्यस मण्डलको तर्फबाट दिनेशराज पन्तद्वारा प्रस्तुत वक्तव्य

आदरणीय सभापतिज्यू, सम्मान्य प्रमुख अतिथिज्यू, मदनपुरस्कारगूठीका सदस्यहरू, मदनपुरस्कार विजेताज्यू, उपस्थित विद्वान् विदुषीहरू

आज यहाँ जगदम्बाश्रीपुरस्कार संशोधन-मण्डलको तर्फबाट थाप्न आउँदा मलाई २५ वर्षअगाडिको घटनाको सम्झना भइरहेछ। कुरा के भने वि.सं. २०४४ मा संशोधन-मण्डलका संस्थापक पिताजी प्रा. नयराज पन्तले *लिच्छविसंवत्‌को निर्णय*को लागि मदनपुरस्कार यहीं पाउनुभएको थियो।

काशीमा सिद्धान्तज्यौतिषको उच्च तहको पढाइ पढ्दा पढ्दै पिताजीले आफ्नो पढाइमा अपूर्णताको अनुभव गर्नुभएको र त्यसको निराकरणको लागि आफ्नो सङ्गतमा आएका विद्यार्थीहरूद्वारा वि.सं. १९९७ देखि त्रिखण्डी पद्धतिको परीक्षापद्धतिको ठाउँमा ग्रन्थ कण्ठस्थ गर्ने परम्परा बसाउनुभएको कुरा विद्वज्जनमा अवगतै छ। प्राचीन ढङ्गले ग्रन्थ कण्ठस्थ गरी आधुनिक पद्धतिले शोध गरी मूल सामग्रीसम्मै पुगी प्रामाणिक ढङ्गले निर्णय गर्न सक्ने विद्वन्मण्डली खडा गर्ने उद्देश्यले उहाँले यो काम थाल्नुभएको थियो। २००७ सालको परिवर्तनपछि प्रकाशन गर्ने स्वतन्त्रता मिलेकोले यस पद्धतिद्वारा वि.सं. २००९ आश्विन ५ गते पहिलो *इतिहास-संशोधन*को प्रकाशन भयो। यसरी अहिले ६० वर्ष पुगेर ६१ वर्षमा यो पद्धति चलिरहेको छ। संस्कृतका विभिन्न विषयको पुनरुद्धार गर्न शुरू गरिएको यस पद्धतिले सिद्धान्तज्यौतिष, व्याकरण आदि क्षेत्रमा केही काम गरे पनि इतिहाससम्बन्धी काम धेरै गरेकोले यसले इतिहास-संशोधन-मण्डलको नाम पनि पाउँदै गयो। वि.सं. २०१८ मा *अभिलेख-संग्रह*को प्रकाशनको साथै संस्थागत रूपमा संशोधन-मण्डलको नामबाट यस पद्धतिले काम गर्न थाल्यो र वि.सं. २०२१ देखि इतिहासप्रधान त्रैमासिक पत्रिका *पूर्णिमा*को प्रकाशन शुरू भयो।

अहिलेसम्म १३५ अङ्क प्रकाशित भएको *पूर्णिमा* पत्रिकाको यात्रा जारी छ। संशोधन-मण्डलको नामले धेरैले यसलाई अरूको खण्डन गर्ने भन्ने मात्र बुझेका छन्। तर संशोधन शब्दले अन्वेषणलाई बुझाउने हुनाले यो अन्वेषणमण्डलको रूपमा स्थापित संस्था हो भनेर बुझ्नुपर्छ।

हाम्रो देशमा विद्याका विभिन्न क्षेत्रका विशेषज्ञहरू भए तापनि यहाँका विद्वान्हरूभन्दा बाहिरका विद्वान्हरू बढी जान्ने हुनाले गुरुकिल्ली विदेशी विद्वान्हरूकै हातमा रहेको कुरा हामी सबैले अनुभव गर्दै आएको हो। वि.सं. १९३७ मा भारतका भगवान्लाल इन्द्रजीले नेपालका २३ वटा उत्कीर्ण लेख छापेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रामाणिक सामग्रीको आधारमा इतिहास लेख्ने परम्परा शुरू गरे । त्यसलाई बेलायतका सेसिल बेण्डल र फ्रान्सका सिल्भँ लेभीले अघि बढाए । यताबाट नेपालको इतिहासको खोजीमा विदेशीहरूकै वर्चस्व त्यस वेलासम्म रहेको छर्लङ्ग हुन्छ ।

प्रा. नयराज पन्तले चलाउनुभएको पद्धतिद्वारा भने यसमा तात्त्विक परिवर्तन आयो । अभिलेख पढी तिनको अर्थ तथा व्याख्या गर्ने काममा विदेशी विद्वान्हरूभन्दा संशोधन-मण्डलपरम्परामा दीक्षितहरू बढी प्रामाणिक ठहरिन थाले । विदेशी विद्वान्हरूले पनि यसको अनुभव नगरेका होइनन् । संशोधन-मण्डलको पद्धतिले विद्याको सानै क्षेत्रमा भए पनि विदेशीहरूलाई गुरु नमानी बरु विदेशीहरूले नेपालीहरूलाई गुरु मान्नुपर्ने अवस्था आयो र यो नेपालको लागि गौरवको कुरा हुन गयो । यसो भए पनि देश काल परिस्थिति क्रमशः प्रतिकूल हुँदै जानु र त्यसमा पनि मुख्यतया हामीहरू जो यस काममा लागेका थियौँ, उनीहरूको कमजोरीले यसले झाँगिन पाएन र अहिले यो पद्धति मुख्यतया पूर्णिमाको प्रकाशनमा नै सीमित छ । यस पद्धतिलाई जोगाउनेतिर समयमा सम्बद्ध सबैको यथोचित ध्यान गएको भए यसले संस्कृत विषयसँग सम्बद्ध केही कुरामा नेपाललाई आत्मनिर्भर बनाउँथ्यो र सबै विषयमा दैन्य भोग्दै आएका हतभाग्य हामी नेपालीहरूले केही विषयमा भने शिर ठाडो पारेर हिँड्ने अवस्था हुन्थ्यो । यसो हुन सकेन तापनि जगदम्बाश्रीपुरस्कारको सम्मानले संशोधन-मण्डलको नामै नसुनेका तथा पहिले सुनेर पनि क्रमशः बिर्सिसकेकामा संशोधन-मण्डलप्रति चाख बढाउनुको साथै हामीलाई पनि *पूर्णिमा* आदिको प्रकाशनमा केही सजिलो हुने भएकोले पुरस्कारको लागि योग्य सम्झेकोमा मदनपुरस्कारगूठीलाई धन्यवाद दिन्छौँ ।

वि.सं. २०१८ मा *गल्लीमा फ्याँकिएका कसिंगर*, वि.सं. २०१९ मा *इतिहास-संशोधनको प्रमाण-प्रमेय* तथा वि.सं. २०२५, २०२८ मा *श्री ५ पृथ्वीनारायण शाहको उपदेश* (१-५ खण्ड), संशोधन-मण्डलले तयार गरेका यी ३ पुस्तक जगदम्बाप्रकाशनद्वारा प्रकाशित गरिदिएर मदनपुरस्कारगूठीले शुरूदेखि नै यस पद्धतिमा सहयोग गरेको हो । *पूर्णिमा* प्रकाश गर्दा कहिले रु. ४००।- कहिले रु. ५००।- र कहिले रु. १०००।- को दरले मदनपुरस्कारगूठीले सहयोग गर्दै आएको कुरा यस प्रसङ्गमा स्मरणीय छ । मदनपुरस्कारगूठीको संशोधन-मण्डलपद्धतिप्रतिको त्यही सद्भावनाको माथिल्लो खालको कडीको रूपमा यस जगदम्बाश्रीपुरस्कारलाई संशोधन-मण्डलले ठानेको छ र त्यसको लागि मदनपुरस्कारगूठीप्रति पुनः कृतज्ञता व्यक्त गर्दछ ।

अन्त्यमा आदरणीय सभापतिलगायत यहाँ उपस्थित सबैलाई धन्यवाद व्यक्त गर्दै आफ्नो वक्तव्य यहीं टुङ्ग्याउँछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) क्र.मे.अ.द.नं. १५५/२४९

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौँ

नेपाल

फोन नं. ४६७०३८०

४३०१०२५

४४३५७४९

ई-मेल – samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ

वि.सं. २०६९ पौष

यस अङ्कको मूल्य रु. ४००।-

यस अङ्कको लेआउट

अञ्जलि महर्जनको

मुद्रक

श्री प्रेस

एकान्तकुना, जावलाखेल

ललितपुर

नेपाल

फोन नं. ५५३२८२२

ई-मेल – shreepress@wink.com.np